कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.
सूचना र मनोरञ्जनको सँगालो
# साप्ताहिक
saptahik.ekantipur.com
• वर्ष २३ • अंक ४५ • FRIDAY, 30 MARCH 2018 • काठमाडौं शुक्रबार, चैत १६, २०७४ • पृष्ठ ३२ • मूल्य रु. १५/-



# दिल्लीमा नेपाली दिलवाला

पृष्ठ २८ मा

मध्यपृष्ठमा
मिलन नेवार

तस्विरहरू : क्रिकेटइनेपाल डटकम

papaya sun
Daily Nourishing Sun Screen Cream
JOY
beautiful by nature



पपयाको महत्व
थाहा पाउनुहोस्
प्रस्तुत छ, JOY PAPAYA SUN DAILY NOURISHING SUN SCREEN CREAM
B-CAROTENE ले भरिपूर्ण PAPAYA SUN ले त्वचालाई
सूर्यको हानिकारक विकिरणबाट लामो समयसम्म जोगाउनुको साथै
त्वचामा स्वस्थता प्रदान गरी चम्किलो बनाउँछ ।
www.joypersonalcare.com
Imported by : S M Enterprise, Kathmandu, Nepal
B-CAROTENE | UVA/UVB PROTECTION | RESTORES DEAD SKIN CELLS
MonkeyWrench.in / 1617-0491

## YouTube ट्रेन्डिङ

| | | | |
|---|---|---|---|
| १ | भद्रगोल भाग-१६४ | च्यानल | रामसार मिडिया |
| २ | एक दो तीन | च्यानल | एआर म्युजिक |
| ३ | बागी-२ गीत | च्यानल | टिसिरिज |
| ४ | ट्वान्टी फस्ट लभ | च्यानल | एसियन म्युजिक |
| ५ | लिलिबिलीको कार्यक्रममा | च्यानल | केन्द्रबिन्दु |
| ६ | स्कूल के वो दिन | च्यानल | अमित वदन |
| ७ | रेड एक चोरी | च्यानल | मुभिजका बाप |
| ८ | किन हटाइयो मिटेनको | च्यानल | पिआवएल टिभी |
| ९ | मेरी बास्सै-५४२ | च्यानल | मिडिया हब |
| १० | दाइ नभन्नु ल | च्यानल | एबी मिडिया |

## फोटो अफ दि विक




■ **पुलमा मस्ती** : अभिनेत्री सुप्रिया कटवाल पूर्वी नेपालको एउटा स्विमिङ पूलमा ।



■ **बाबु-छोरा** : अभिनेता छोरा सलोन बस्नेतको जन्मदिनको अवसरमा बुवा निर्देशक सोभित बस्नेतद्वारा पोस्ट गरिएको तस्बिर ।



■ **राजा-रानी** : बर्मामा बसोबास गर्ने नेपालीहरूले हाले सडकमा निकालेको जुलुसको अग्रपंक्तिमा राजा-रानीको भेषमा एक जोडी नेपाली ।



■ **खै-खै** : लेखक कुमार नगरकोटी रेस्टुराँको टेबलमा ।



■ **फरक गेटअप** : सेलिब्रेटी दम्पती दिकेश मल्होत्रा तथा जेनिशा मोक्तान शेफको भेषमा ।



मेरो बुझाइमा सबै मानिस शतप्रतिशत सही हुन सक्दैनन् । ६० प्रतिशत मानिसले सही देखे भने पुगिहाल्छ । बाँकी ४० प्रतिशित मानिस त हो मा हो मात्र मिलाउँछन् । त्यसैले म ६० प्रतिशतसम्म हुन खोजिरहेको छु । त्यही भएर म सधैं ६० प्रतिशत मानिसलाई साथ दिन्छु, अनि ४० प्रतिशतलाई धन्यवाद ।

**विशाल राई**

## साइबर फिडब्याक

गत चैत ११ गते युरोपियन युनियन (ईयू) निर्वाचन पर्यवेक्षण मिसनले एउटा प्रतिवेदन सार्वजनिक गऱ्यो । प्रदेश र प्रतिनिधिसभा निर्वाचनको अनुगमन गर्न आएको ईयूको पर्यवेक्षण मिसनले खस आर्यको आरक्षण खारेज गर्न सुझाव दिएपछि प्रधानमन्त्री केपी शर्मा ओलीले आपत्ति जनाउँदै उक्त प्रतिवेदन सच्याउन आग्रह गरे, तर ईयूले आफ्नो प्रतिवेदन नसच्याउने र आचारसंहिता उल्लंघन पनि नगरेको दाबी गऱ्यो । यो विषयमा सामाजिक सञ्जालमा व्यापक टीका-टिप्पणी भए । तीमध्ये केही प्रतिक्रिया :

हिजो अवकाशप्राप्त महान् क्रान्तिकारी श्रीमतीज्यूले भूपू छापामार तथा वर्तमान साधुसँग सत्संगमा व्यस्त भएको तस्बिर पोस्ट गर्नुभयो । आज श्रीमान् ज्यू ईयू र इसाईका हस्तक्षेपविरुद्ध संजालमा कुर्लंदै हुनुहुन्छ । साँच्चिकै समय परिवर्तनशील छ, तर विचारमा यति चाँडो यति ठूलो परिवर्तन, गज्जब ।

**च्यवन घिमिरे**

ईयूले अलि बढी नै गर्दैछ । ईयूले नेपालको संविधान, संघीयता, राजनैतिक प्रणाली, जाती र धर्मका बारेमा दिएको प्रेस्क्रिप्सन कुनै पनि हालतमा स्वीकार्य हुँदैन । बरु भनौं तिम्रो कुनै सहयोग चाहिँदैन । गरिबी त हाम्रो वास्तविकता हो । तिनको सहयोगभन्दा वर्ल्ड बैंक, आइएमएफ, एडीबी जस्ताको ऋण खाऊ ।

**रामकुमार झाँक्री**

गरिब विद्यार्थीलाई कापी-कलम होइन, बाइबलको किताब दिने आइएनजिओ र ईयूविरुद्ध प्रधानमन्त्री केपी ओली कडा रूपमा प्रस्तुत भएका छन् । धन्यवाद छ प्रधानमन्त्रीलाई, जसले नेपाली जनताको आवाज बोले ।

**प्रदीप भट्टराई**

हाम्रो मालिक बन्न नखोज । न ईयू न अरू कोही । नबिर्स, औपनिवेशकालीन मानसिकता लिएर २१ औं शताब्दीमा सभ्य भइँदैन । आज मान्यताहरूको उल्लंघन स्वीकार्य हुन सक्दैन । हेपाहा व्यवहार सह्य हुँदैन ।

**नीलाम्बर आचार्य**

ईयूको प्रतिवेदनका सम्बन्धमा सरकार बोल्यो । राजनीतिक दलहरू बोले र धेरै ट्विटेहरूले पनि बोल्नुभो । सबै तर्क र प्रतिक्रियाहरूलाई भिन्नभिन्न कोणबाट हेर्दा कोही पनि बेठीक छैनन् तर पैसा दिएर, भोज ख्वाएर, चुनाव लक्षित शिबिर चलाएर भोट माग्ने कुलंगारहरूलाई सम्बन्धित पक्षले नियन्त्रण गर्न नसकेकै हो ।

**सुनिल चाम्लिङ**

ईयूको निर्वाचन पर्यवेक्षण प्रतिवेदनका बारेमा थप छलफल जरुरी छैन । बरु ईयू सम्बन्धित राष्ट्रहरूसँग त्यसको स्पष्टीकरण लिन जरुरी छ । प्रतिवेदन नसच्याए सम्बन्धित पर्यवेक्षण टोलीलाई देश निकाला गर्नुपर्छ ।

**केशव कोइराला**

ईयू भन्ने को रै'छ ? सबैले उसैलाई औंलो तेर्स्याउँदै गाली गरेको भेटिन्छ त ? सरकार चुनौती दिन्छ । प्रतिपक्ष मर्यादा सिकाउँछ । कोही-कोही चाहिँ त्यो ईयूले भनेको ठीक हो भन्दै वक्तव्य निकाल्दै छन् । खासमा यो ईयूचाहिं के हो ? यो जिनिसचाहिँ हो के ? सहरमा भर्खरै प्रवेश गरेको नयाँ डन ? किन यत्रो हल्ला सहरमा ?

**सुरेश ढकाल**

हैन अहिले देशमा ईयू, गाई, रेल, पानीजहाज, ग्याँस पाइप, विदेश भ्रमणबाहेक अन्य कुनै विषय छैनन् कि क्या हो ? सबैको विद्वत्वाणी यिनै विषयमा मात्र पो केन्द्रित छन् त ।

**धर्मेन्द्र झा**

ईयू र अमेरिका (समग्रमा पश्चिमाहरू) मानवअधिकार, प्रजातन्त्र, सुशासन, समानता र अधिकार जस्ता आकर्षक खोलभित्र विष बोकेर नेपाल आए । डलर, पाउन्ड र युरोको सप्तकोसी बगाए । प्रजातन्त्र र लोकतन्त्रको आडमा आफ्ना भक्तहरूको जमात तयार पार्दै लगे । ठेट नेपाली भाषामा भन्नुपर्दा-नेपाली जनताको बुद्धि भुट्दै गए ।

**डियर नेपाल**

नेपालमा आफ्नै किसिमको धार्मिक स्वतन्त्रता छ । आफ्नै किसिमको संस्कार, संस्कृति एवं रीतिरिवाज छ । ईयूले चुनाव परिवेक्षणको नाममा धर्म परिवर्तन गराउने काम गर्नु आपत्तिजनक थियो । ईयूले विवादास्पद अभिव्यक्ति दिनु बेठीक छ । यहि हेपाहा प्रवृत्तिको विरोधमा प्रधानमन्त्रीको अभिव्यक्ति आउनु सराहनीय छ । यो नेपालीहरूको आवाज हो ।

**प्रेम खड्का**

होटल तालिम होटल खुम्जुङमा
(नेपाल सरकार र CTEVT बाट मान्यता प्राप्त)
छिटो अनि राम्रोसँग कुक/वेटर/बेकरी/बारमेन/हाउसकिपिङ्ग लगायत सम्पूर्ण होटल तालिममा धमाधम भर्ना लिइँदैछ । विदेश गईहाल्नु पर्नेहरुका लागि विशेष कोर्सको व्यवस्थाका साथै होटल र होस्टलको पनि व्यवस्था छ ।
आफ्नै होटलमा OJT ट्रेनिङ्ग गराईने ।
Hotel Khumjung Pvt. Ltd.
महाराजगञ्ज, चक्रपथ, नारायणगोपाल चोकबाट ३ मिनेट पूर्व
फोन नं. 4016194, 4016111

Study In CANADA
» Affordable Tuition Fee » Credit Transfer
» Scholarship Available Up to 50%
Spouse together can apply
PROGRAM : English/Diploma/Under Graduate/Graduate
World Wide Edu. Inf. Center
Opp. Tri Chandra College, Ghantaghar Mode, Kamaladi, KTM.
Tel: 4-243556, 4-223168, E-mail:worldedu@ntc.net.np

मंगल होस्



मनोज गजुरेल

# मुख्य समाचार के-के हुन् ?

प्रत्येक दिनको अखबार पढ्नुहोस्, टिभीको न्युज हेर्नुहोस्, रेडियोको समाचार सुन्नुहोस्– राजनीतिबाहेक अरू विषय कहिल्यै प्रमुख समाचार हुँदैनन्, किन होला ?

सोसल नेटवर्क फलो गर्नुहोस्, अपडेट्सहरूसँग अपडेट रहनुहोस्, अनलाइन भिजिट गर्नुहोस्, पोर्टल पल्ट्याउनुहोस्– सबैभन्दा मुख्य विषय राजनीति नै हुन्छ, किन होला ? चिया खाने बेला, जन्त जाने बेला, कुरुवा बस्दा, आफन्त खस्दा, मलामी बन्दा, खेत खन्दा, लञ्च टाइममा, डिनरको मौकामा– सबैभन्दा पहिले राजनीतिकै कुरा हुन्छ, किन होला ?

किन होला ? किन होला भने, कि त हामीलाई राजनीतिको रेबिज लागेको छ कि भने पोलिटिक्सको सरुवा रोगले समातेको छ । यो पनि होइन भने हामीलाई नेता फोबिया भएको हुनुपर्छ । त्यो पनि होइन भने पक्कै हामी पोलिटिक्स मेनियाले ग्रस्त छौं ।

यी रोगको तत्काल उपचार हुन नसके अधिकांश जनता रोगग्रस्त हुन्छन् । सिंगै देश भोक र शोकग्रस्त हुने पक्का छ । हरेक स्थानमा राजनीतिलाई नै छलफल, चर्चा र बहसको विषय बनाइरहने हो भने एक दिन हामी कोही पनि जनताका रूपमा रहनेछैनौं । विभिन्न पार्टीको हनुमान वा पिछलग्गु मात्र बन्नेछौं ।

हाम्रो नाम, थर, ठेगाना, उमेर, लिंग, वर्ग सबै राजनीतिक रूपमा राखिनेछ । यदि कांग्रेसको समर्थक छ भने उसको नाम श्री बीपी भक्त समाजवादी हुनेछ । कम्युनिस्टको समर्थकको नाम क्रान्तिवीर साम्यवादी भनिनेछ ।

वास्तविक उमेर भनिनेछैन । पार्टीमा आबद्ध भएपछिको समयलाई उसको जन्म मिति मानिनेछ । लिंगको ठाउँमा खाली राखिनेछ, किनभने साम्यवादमा सबै समान हुनेछन् भनिएको छ ।

राजनीतिबाहेक समाजमा सयौं विषय छन् । कला, साहित्य, संस्कृति, धर्म, विज्ञानजस्ता विषय भिडियाको प्रमुख समाचार त बनेनन्-बनेनन्, हामी सर्वसाधारणको चियागफमा समेत पर्देनन् । रक्सी पार्टीमा पनि मोदी वा डोनाल्ड ट्रम्पभन्दा तलको विषय वर्जित छ ।

यो तरिकाले उँभो होइन, तलतिरको यात्रा हुन्छ । हाम्रो चेतना, विचार र समाज मात्र होइन, मानव सभ्यता नै राजनीतिभन्दा बाहिर पनि अर्को संसार छ भन्ने कुरामा कन्फ्युज देखिन्छ । हामीले आफ्नो यो स्वभाव परिवर्तन गर्नुपर्छ, तर कसरी ? मान्छेको दिमाग एकदमै खुराफाती हुन्छ । ऊ एक ठाउँमा चुप लागेर बस्न सक्दैन । बरु प्रकाशको गतिलाई रोक्न सकिएला, विचारको स्पिडमाथि ब्रेक लगाउन गाह्रो हुन्छ ।

रहस्यदर्शी ओशो भन्नुहुन्छ– विचारलाई रोक्न सकिँदैन, बरु त्यसलाई राम्रो काममा लगाउन सकिन्छ । राम्रो काम भनेको के त ?

मलामी जाँदा अब राजनीतिको कुरै नगरौं । नगरौं मात्र होइन, सोच्दा पनि नसोचौं । जुन सन्दर्भमा सहभागी छौं, त्यही सन्दर्भको प्रसंग चलाऔं । जन्म र मृत्यु, नाम र बदनाम, दण्ड र क्षमाजस्ता विषय मलामी जाँदा गर्न सकिन्छ । कुनै एक जना मानिसको मृत्युमा ओली वा प्रचण्डको चर्चा गर्नु भनेको मुर्खाइँ मात्र हो ।

जन्ती जाँदा पनि कांग्रेस र कम्युनिस्टको प्रसंग चलाउनु हुँदैन । प्रेमका कुरा हुन सक्छन् । विवाहका चर्चा चल्न सक्छन् । डिभोर्सका विषय उठ्न सक्छन् । सुहागरातको विज्ञान र हनिमुनसम्बन्धी ज्ञानका विषयमा बहस हुन सक्छ, तर राजनीति त्यहाँ पटक्कै सुहाउँदैन ।

यो त आममानिसको कुरा भयो । राजनीतिलाई मात्र प्रमुख समाचारको विषय मान्ने सञ्चारक्षेत्रले पनि बुझ्नुपर्छ– राजनीतिबाहेक विज्ञान, अर्थतन्त्र, आध्यात्म, खगोल आदि थुप्रै विषय छन् । ती विषयले मानव सभ्यता, मानव जाति र हाम्रो धर्तीलाई विभिन्न खालका प्रभाव पारेका हुन्छन् । यिनलाई पनि प्रमुख विषय बनाउनुपर्छ ।

पाठक, श्रोता तथा दर्शक के चाहन्छन्, त्यही मात्र दिने हो भने त पत्रकारितालाई राष्ट्रको जिम्मेवार अंग किन भन्ने ? गैरजिम्मेवार भएर मानिसको मनले माग्ने रासलीलाका तस्विर र कृष्णलीलाका समाचार मात्र पस्किए भैगयो नि, तर त्यसो गर्नु हुँदैन । गर्ने के हो भने जनतालाई के चाहिएको छ, त्यो मात्र दिने होइन । के दिंदा जनताको तन, मन, धनलाई राम्रो हुन्छ, त्यो पो दिने हो त– सबैको मंगल होस् ।

युवा मन



सुविन भट्टराई

# हर कोहीको समय

कुनै दिन मोबाइलमा एक कल फोन, एउटा मेसेज पनि नआई सन्नाटामा पूरा दिन सिद्धिन्छ । कुनै दिन जिब्रै थुतिदिऊँझैं गरी एकाबिहानैदेखि फोन घोक्रो सुकुन्जेल चिच्याइरहन्छ ।

फोन नआएको दिन यसो गमी हेर्छु । मलाई फोन गर्नेहरू, जसको व्यस्तताको मोटो किताबमा, कमसेकम त्यो दिन, मेरो सम्झनाको कुनै पन्ना पल्टिएन । जसको थरीथरी बास्नामा व्यस्त नाक मेरो अस्तित्वको कुनै गन्ध नसुँघी अघाइरहेछ । फोन धेरै बजेको दिन मेरो अस्तित्वको गन्ध नअघाउन्जेल सुँघिइन्छ । हर कोहीका किताबका पन्नैपिच्छे मेरो सम्झना पल्टिरहन्छ ।

फुर्सदमा म छु । यो फुर्सद, मैले नै रोजेको फुर्सद हो । मानिसहरूले त व्यस्तता रोजे । बडो बेमेल छ मानिस-मानिसको स्वभावको बीचमा । बेमेल छन् मानिसका रोजाइ । बडो बेमेल छ हर मानिसले बाँचिरहेको समयमा ।

मेरो मोबाइलमा घण्टी नबज्नुको कारण केलाउँदा लाग्छ, या त उनीहरू मेरो एकान्तको सम्मान गरिरहेछन् या उनीहरू आफ्नै व्यस्ततालाई सलाम गरिरहेछन् । यसको अर्थ यो पक्कै होइन कि फोन धेरै बज्ने दिन उनीहरू आफ्नो व्यस्तताको र मेरो एकान्तको उपेक्षा गरिरहेछन् ।

० ० ०

कुनै दिन, घरमा दिउँसो चियामा बिस्कुट र एक्लोपन चोबेर मेरो खाजा टर्छ । फेसबुक र इन्स्टाग्रामका मित्रहरूको म:म, पिज्जा, कटी रोल र उल्लासपूर्ण वातावरणका तस्बिर छ्यापछ्याप्ती अपलोड भैरहन्छन् ।

कुनै दिन म, कुनै रेस्टुराँमा मिष्ठान्न भोजन गरिरहेका बेला तिनै इन्स्टाग्राम वा फेसबुकका साथी घरमा बासी भुटीभात खाइरहेका हुन सक्छन् ।

म १ सय २ डिग्रीको ज्वरोले ओछ्यान र सिरकमा रापिएर, खापिएर सुतेका बेला मेरो कुनै साथी राँकिएर, धापिएर पहाड चढिरहेको हुन सक्छ ।

कुनै दिन म घरमा बसेर एक्लै रोइरहेका बेला मेरा साथीहरू हाँसोका फोहोराले आफूलाई धोइरहेका हुन सक्छन् ।

म पुगेको ठाउँमा मेरा केही साथी पहिल्यै पुगिसकेका हुन्छन् । म पुगेको ठाउँमा मेरा केही साथी पछि पुगिरहेका हुन्छन् । हरेक मानिसको सेरोफेरोजस्तै समय पनि फरक-फरक हुन्छ । नियति फरक-फरक हुन्छ ।

कोही जब आफ्नो समयलाई आँसुमा उनिरहेको हुन्छ, त्यही समयलाई कोही अर्कोले हाँसोमा बुनिरहेको हुन सक्छ । हरेकको समय बेग्लै हुन्छ, बेग्लै हुन्छ हरेकको अनुहार जसरी ।

घडीको सुई र काँटा सबैका लागि एउटै अंकमा घुमे पनि जरुरी छैन कि हर मानिसको समय एउटै होस्, उस्तै होस् । जरुरी छैन कि हर मानिसका भाव एकैनासका हुन्, स्वभाव एकैनासका हुन् । एउटा हिक्क-हिक्कमा हुँदा अर्को खित्कैखित्कामा हुन सक्छ । एउटा गुनगुनाइरहेका बेला अर्को सुँकसुँकाइरहेको हुन सक्छ ।

समय हरेकका लागि ढिकिच्याउँको खेलजस्तै हो । एउटा माथि पुग्दा अर्को तल हुने । अर्को माथि हुँदा त्यो एउटा तल हुने ।


समय जसको जस्तो होस्, जसरी बितोस्, जहाँ बितोस्, जहिले बितोस्, भावहरू महत्वपूर्ण हुन् । समय र अवस्था त घुमिरहन्छन्, तर भाव उही रहन्छन् । दु:खमा कोही हाँस्दैन । सु:खमा कोही तड्पिँदैन । क्रोधमा कोही शान्त हुन सक्दैन । प्रेमलाई कसैले घृणा गर्दैन । न घृणालाई कसैले प्रेम गर्न सक्छ । संसारका हरेक मानिसको भाव उस्तै-उस्तै हुन्छ ।

आजको हाम्रो भावको बाटो भएर हिजो कोही अरू हिँडेको थियो । भोलि जो जहाँजस्तो अवस्थितिबाट गुज्रनेछ, त्यो अवस्थिति अरूको नियति बनेर कुनै अर्कै समयमा आइरहेको हुन्छ । मानिसको कुनै पनि भावमा स्थायित्व हुँदैन ।

जिन्दगीको पहिलो बिहानदेखि अवसानमूलक चिहानसम्मको यात्रामा पर्ने विभिन्न भावको गाउँ घुम्नु नै मानिसको नियति हो । फरक यही हो कोही अनुभवको लेकमा पुगेर उँधोमुन्टो लगाइरहेका बेला कसैले अनुभवहीनताको बेसीमा उभिएर उँभोमुन्टो लगाइरहेका हुन सक्छन् । किनभने घडीको सुई र काँटा एउटै अंकमा देखिए पनि हरकसैको समय बेग्लै हुन्छ ।




यात्रा सन्दर्भ



# भान्साभित्रका खबरहरू



किशोर नेपाल

यो कुरा त सबैलाई थाहा थियो : प्रधानमन्त्रीले जनताको नाममा नेपाल टेलिभिजन र रेडियो नेपालबाट सन्देश दिएपछि मात्र शासन सम्हाल्नेछन् । समाचारदाताहरूले खबर पाइसकेका थिए– प्रधानमन्त्रीको प्रेस कन्फरेन्स हो । पत्रकारहरूलाई भोकभोकै राखेर त के शासन सुरु गर्लान् र ? प्रधानमन्त्री निवासमा पाइने खाजाका बारेमा सबैलाई थाहा छ : स्ट्यान्डर्ड हुन्छ । अब कुन स्ट्यान्डर्ड ? आँगन कि साजन ? मेरा मीत कि तेरा प्रित । देशका प्रधानमन्त्रीले संसद्मा भाषण गरेर सरकारको दाम्लो समाल्दैछन् भनेपछि खाजा राम्रो हुन्छ । खाजा राम्रो नभए समाचार राम्रो हुन्छ । बालकेशरलाई पत्रकारितामा नआउन्जेलसम्म यस्ता खबरसँग बाल मतलब थिएन । अहिले स-सानो डिटेल्स पनि खोज्छ ऊ ।

केही बेरपछि बालकेशरले थाहा पायो, प्रधानमन्त्रीबाट हुन लागेको राष्ट्रिय प्रसारण रोक्यो प्रतिपक्षले । पहिले त प्रतिपक्ष पनि प्रमुख हुन्थ्यो । अहिले छैन । प्रतिपक्षले प्रसारण रोकेकाले प्रधानमन्त्रीले रोस्ट्रममा पुग्नै परेन । संसद् र प्रधानमन्त्रीको गला दुवै अवरुद्ध भयो । अघिसम्म प्रधानमन्त्रीको अनुहारमा चमकै चमक थियो । अहिले अनुहारमा दमक मात्र बाँकी रहयो । त्यो दमक लिएर उनी सभामुखको कार्यकक्षमा पुगे । अब प्रतिपक्षसँग झगडा भए पनि त्यही हुने भयो । मेलमिलाप भए पनि त्यहीँ हुने भयो ।

प्रधानमन्त्री धेरै पत्रकारको दृष्टीमा परिपक्व विद्वान् मानिन्थे । ६० वर्षभन्दा माथि लागिसकेपछि पनि त्यति 'स्मार्ट' र 'सेक्सी' कमै मानिस देखिन्थे । बोल्दा चारैतिर आँखा नचाएर बोल्ने प्रधानमन्त्रीको भाषा लरतराले बुझ्नै नसक्ने । पहिले जेलको कुरा गर्थे रे, अहिले रेलको कुरा बढी गर्छन् । शब्दमा जे बोलिरहेका छन्, शरीरमा चाहिं त्यस्तो हाउभाउ, कटाक्ष केही नदेखिने ।

राष्ट्रका नाममा प्रधानमन्त्रीको सम्बोधनको प्रसंगमा पत्रकारहरू सोच्दै थिए, देशमा अहिलेसम्म जो-जो प्रधानमन्त्री भएका छन् तिनको चरित्रको वर्णन गर्ने हो भने एउटा राम्रो एनुअल रिपोर्ट तयार हुन्छ । पाठकहरूले पढ्न चाहने पनि त्यही हो । प्रधानमन्त्रीका मखिबुट्टे जुँगाका बारे कति कुरा काटेका हुन्छन् मानिसहरूले । एकताका उनले लगाएका कलरफुल दौरा-सुरुवालसमेत युवतीहरूको सर्कलमा चर्चाको विषय थियो । उनले लगाएका घडी, उनी सुतेका पलङ, उनले खाएको खसीको मासु, उनले खाएको कुखुराको भुटन : के मात्र चर्चित भएनन् ?

‘ राष्ट्रका नाममा प्रधानमन्त्रीको सम्बोधनको प्रसंगमा पत्रकारहरू सोच्दै थिए, देशमा अहिलेसम्म जो-जो प्रधानमन्त्री भएका छन् तिनको चरित्रको वर्णन गर्ने हो भने एउटा राम्रो एनुअल रिपोर्ट तयार हुन्छ । पाठकहरूले पढ्न चाहने पनि त्यही हो । प्रधानमन्त्रीका मखिबुट्टे जुँगाका बारे कति कुरा काटेका हुन्छन् मानिसहरूले । ’

नेपालमा प्रधानमन्त्री भएका र अब हुने व्यक्तित्वहरूका आ-आफ्नै स्वभाव छन् । एमालेका नेताहरूमध्ये सबैभन्दा बुद्धिजीवी झलनाथ खनाल भए पनि उनको विशेषता केही देखिएको छैन । झलनाथ उपचार केन्द्र हो कि चिकित्सा प्रतिष्ठान खोलेर बसेका छन् । प्रधानमन्त्री हुनुभन्दा पहिलेदेखि अब्बा-डब्बा कम्पनीको सुट लगाउँथे । भर्सासे पर्फ्युम उनको प्रिय सुवास थियो । लाउनमा उनको विशेष रुचि थियो । देश-देशान्तरको भ्रमणको त कुरै नगरौं । जोसुकै प्रधानमन्त्री भए पनि भ्रमणमा उसको चाख नहुने कुरै भएन । खनाल पनि भ्रमणका सौखिन थिए । उनको व्यक्तित्वमा पनि प्रशस्तै सेक्स अपिल नभएको त होइन, तर एमाले पार्टीको नेता भएकाले त्यो अपिल स्वत: कुण्ठित भयो ।

माधव नेपाल कामरेडलाई सामान्य दाल-भात-तरकारीबाहेक त्यस्तो नभै नहुने केही छैन । यत्ति हो कि उनको हातमा एउटा क्यामेरा हुन्छ । उनी बिहान दस बजेभित्र भान्सा कोठाको पिर्कामा बसेर दाल-भात खाइसक्छन् । ग्याँस्ट्रिकले साह्रै दु:ख दिएको छ । डाक्टर भन्छन्, ग्याँस्ट्रिकको त उपचारै छैन । एमालेका लागि सर्वाधिक उपयुक्त र अद्भुत नेता भएकाले उनले देशको शासन कम गरे, पार्टीको शासन लामो समयसम्म चलाए । माधव नेपाल एक मात्र त्यस्ता व्यक्तित्व हुन् जसको लाइफ स्टाइल प्रधानमन्त्री नभएका बेला कमनरको जस्तो हुन्छ । उनी एकपटक प्रधानमन्त्री भएपछि जीवनभर प्रधानमन्त्रीकै लाइफ स्टाइल धान्नुपर्ने कुरामा विश्वास नगर्ने व्यक्तित्व हुन् । उनी आफैं पनि मोबाइललाई सेल्फी मोडमा राखेर फोटो खिच्न माहिर छन् ।

पुराना नेताहरूमा ठूला-ठूला नाम चर्चामा आउँथे : कृष्णप्रसाद भट्टराई, मनमोहन अधिकारी, गिरिजाप्रसाद कोइराला, सूर्यबहादुर थापा र लोकेन्द्रबहादुर चन्द । समकालीनहरूका अनुसार, यीमध्ये सबै नै रोमान्टिक थिए । लुकेर रोमान्स गर्ने खालका । उनीहरू के.एल. सहगल, उमादेवी, तलत महमुद आदिले गाएका गीत मन पराउँथे । चिया, पान र सुपारीका सौखिन यी महान् आत्माहरू साँझ कसैले थाहा नपाउने हिसाबले रसपान पनि गर्थे ।

त्यसपछि पत्रकारहरूको दृष्टि बाबुराम भट्टराईमा पुगेर अडियो । उनी सधैं आफूलाई समाजले चिनेन भन्दै गनगन गर्थे । उनी आफ्ना बारेमा सबैको दृष्टिकोण पूर्वाग्रही छ भन्ने सोचाइ राख्थे । पहिलो कुरा त, भट्टराईले आफ्नो नामको अगाडि झुन्ड्याएको 'डाक्टर' शब्द नै कसैले मन पराएका थिएनन् । गोरखाका जनताले गाउँमा डाक्टर आएछन् भनेर खोकी जँचाउन आए भने के जवाफ देलान् यी डाक्टरले ? जनतालाई डाक्टर शब्दले झुक्याउँछ ।

प्यूसा पत्रकारहरूले डाक्टर भट्टराईमा कुनै सेक्स अपिल फेला पारेनन् । साह्रै रुखो देखिने, कहिल्यै बोरोप्लस नलगाएको अनुहार । सधैं नीरस शब्दहरूको प्रयोग । सुन्दा के न के लाग्ने । बुझ्दा र छोडाउँदा एबस्ट्र्याक्ट चिन्तन बन्दागोबी । बाबुरामको व्यक्तित्व सम्झँदा-सम्झँदै पत्रकारहरूले सोचे, यीचाहिं पक्का चालु माल हुन् । बजारमा टिक्न गाह्रो छ । पार्टी पनि हावादारी बनाए, तर भन्न सकिन्न, कुन बेला सबैलाई थाइनामा सुताएर कांग्रेसकै समर्थनमा फेरि एकपटक प्रधानमन्त्री पदको घोडा चढ्ने हुन् ?

## प्रतिक्रिया




**गत साता साप्ताहिकको युवा मन स्तम्भमा सुबिन भट्टराईले प्रधानमन्त्रीलाई चिठी लेखेका थिए । उक्त लेखमा भ राईले प्रधानमन्त्रीसमक्ष विभिन्न अपेक्षा व्यक्त गर्नुका साथै केही गुनासो समेत गरेका थिए । उक्त लेखमा प्राप्त टिप्पणीहरू :**

मनकै कुरा भन्नुभयो । प्रधानमन्त्रीज्यूले केही गर्नुहुनेछ भन्ने कुरामा हामी आशावादी छौं ।
**कमल**

तपाईंकै जस्तो सोच हाम्रो देशको सरकारको पनि भैदिए हुन्थ्यो नि ।
**सुष्मा राई**

एकदम सही कुरा । प्रधानमन्त्रीका आँखाले पनि यी कुरा पढून् र सुकर्ममा लाग्न सक्नुहोस् ।
**प्रनिता शर्मा**

मेरो मात्र होइन, आफ्नो मात्र होइन । हामी सबैको सोच, विचारलाई प्रतिनिधित्व गर्दै लेख्नुहोला । त्यो पनि मीठो शैलीमा- मनैदेखि नमन ।
**प्रमोद बस्नेत**

यो कुरामा जोडदार समर्थन, तर रेल र जहाजको गफ गर्नुभन्दा पहिले बाटोको राम्रो व्यवस्था होस् । देशकै बेइज्जत गरिरहेको अन्तर्राष्ट्रिय विमानस्थलमा व्यापक सुधार आओस् । सरकारले अरू कुरामा अल्झिनुभन्दा देश र जनताले महसुस गर्ने गरी विकासको मूल फुटाउनुपर्‍यो ।
**कृष्ण निरौला**

स्मार्ट सिटी बनाउँछु भन्नुको अर्थ तँ फोहोर गर म प्रधानमन्त्री आफैं आएर टिप्छु भनेको होइन ? सडक मिचेर आफूले घर बनाउने, बाटो विस्तार गर्न अवैध घर भत्काउँदा धूलो उड्यो भनेर सरकारसँग रिस पोख्ने ? सरकारले सडकछेउ रोपेका फूल र रूखमा एक गिलास पानी नहाल्ने, उस्तै परे कुल्चिएर हिंड्ने वा भाँचेर फालिदिने, अनि ए सरकार हरियाली दे भनेर हुन्छ ? जनता नसुध्रिएसम्म सरकार कसरी सुध्रिन्छ ?
**डी. चिरञ्जीवी**

सबैले आफूलाई ऐनामा हेर्नुपर्छ । एकतर्फी रूपमा मात्र हेरेर हुँदैन ।
**विवेक बीसी**

प्रधानमन्त्री ओलीसँग अरू केही अपेक्षा छैन, देशको विकास, शान्ति तथा सुरक्षा चाहियो ।
**कमल कार्की**

सक्षमहरूले सही बाटो समाउँछन् र सही काम गर्छन् । असक्षमहरू डाहा गर्छन् अनि मोटो बुद्धि देखाउँदै उफ्रिरहन्छन् ।
**प्रकाश थपलिया**

यहाँको भनाइमा सहमत हुँदै सलाम गर्छु । प्रधानमन्त्रीज्यू, अब देशमा गलत धन्दा गर्नेहरूलाई नेपालबाट भगाउनु पर्छ ।
**गोमा प्रधान**

अब नेपालमा समृद्धि ल्याउनुपर्छ । देशको विकास हुनुपर्छ । भाषणले मात्र देश बन्दैन ।
**निरज जोशी**

अब देश विकास होला कि जस्तो लागिरहेको छ । अब नेपाली जनता धनी हुने भए ।
**दुर्गा गाहा**

मुखले भनेर मात्र हुँदैन । गरेर पनि देखाउनुपर्‍यो ।
**तेज चन्द**

रेल कुदेर, पानीजहाज चढेर समृद्धि आउँछ ? हामिलाई चाहिएको सबै नेपालिको समृद्धि हो धनी र हुनेखानेहरूको लागि मात्र होइन ।
**नबिन पुन**

हावाबाट बिजुली निस्किसक्यो । सबैले घर-घरमा पाइपलाइनको ग्याँसबाट खाना पकाउँछन् । अब रेल पनि कुद्ने भयो । नेपालमा केपी ओली सरकारले साह्रै विकास गरेको छ ।
**विष्णु रिमाल**

twitter follow us on twitter.com/saptahik
SMS मार्फत प्रतिक्रिया
SF(space) दिएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस् ।
Like us on Facebook facebook.com/kantipursaptahik

# म पत्रकारिताको हिरो नै हुँ !

आइतबार मध्याह्न ऋषि धमला रिपोटर्स क्लबको कार्यालयमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारीसँगको साक्षात्कार कार्यक्रममा व्यस्त थिए । अघिल्लो दिन फोनमा त्यतै आउनुस्, चिया पिउँदै गफ गरौंला भनेका धमलालाई खोज्दै हामी रिपोटर्स क्लबको कार्यालय भृकुटीमण्डप पुग्यौं । धमलालाई कुर्ने क्रममा कार्यालयको ठ्याक्कै अघिल्तिरको चियापसलमा हामीले चिया अर्डर गर्‍यौं । धेरै बेर कुरेपछि उनी नेता अधिकारीसँग नार्दै बाहिर निस्किए । मन्त्री अधिकारीलाई बिदाइ गरेपछि उनी हामीसँग कुरा गर्न तयार भए ।



■ ऋषि धमला, अध्यक्ष रिपोर्टर्स क्लब नेपाल

> यो देशका नेताहरू एकपटक मात्र सोध्यो भने त प्रश्न नै नबुझेजस्तो गर्छन्, त्यसैले प्रश्न बुझाउन र जनताको जिज्ञासाको उत्तरका लागि म बारम्बार एउटै प्रश्न सोध्छु । त्यसैले म बढी हाबी भएजस्तो देखिन्छ । यसमा आलोचना गर्नुपर्ने कुरा के छ र ? जसको जति क्षमता हुन्छ, उसले उति बढी स्पेस लिने हो । मैले रिपोर्टर्स क्लब सुरु गरेकै २० वर्षभन्दा बढी भैसक्यो । म नेताहरूसँग सीधा प्रश्नको सीधा उत्तर दिनुस् भन्छु ।

**सर्वप्रथम त तपाईंलाई स्वागत छ ।**

धन्यवाद । सोधिहाल्नुहोस् । के छ प्रश्न ? आज हामी खुलेर बहस गर्न सक्छौं । म तयार छु ।

**ऋषिजी, सकेसम्म सटीक र छोटो जवाफ दिनुहोला है ?**

हुन्छ, मैले तपाईंलाई अघि नै भनिसकें, छोटो र सटिक जवाफ दिनु त धमला शैली नै हो । जनता त्यही शैलीमा तथ्य जान्न चाहन्छन् । नेपाली राजनीति, मेरो व्यक्तिगत जीवनका वा हरेक कुरामा प्रश्न सोध्न सक्नुहुन्छ । ऋषि धमला खुल्ला पुस्तकजस्तै हो, सामाजिक जीवन बाँच्ने मान्छे । विदेशी राजनीति तथा विश्व घटनाका बारेमा समेत सोध्न सक्नुहुन्छ । मसँग डोनाल्ड ट्रम्पदेखि उत्तर कोरियाको परमाणु बमसम्मको जानकारी छ ।

**केमा व्यस्त हुनुहुन्छ ?**

म जनताका लागि पत्रकारितामा समर्पित मानिस हुँ । मैले अहिलेसम्म कुनै कार्यक्रम वा सार्वजनिक समारोह एटेन्ड नगरेको तपाईंले देख्न पाउनु हुन्न । फुर्सदै नपाउने मानिसले के-केमा मात्र व्यस्त छु भनौं खै ? अँ, अहिले श्रीमती जी हिरोइन भएकी छिन् । उनको फिल्मको प्रचार प्रसार पनि मेरै जिम्मम छ ।

**यूएस बंगला विमान दुर्घटनाका सम्बन्धमा भारतीय टिभीमा तपाईंको कभरेजलाई लिएर सोसल मिडियामा निकै आलोचना भयो । यसलाई कसरी लिनुभएको छ ?**

आलोचना गर्ने भनेकै क्षमता, प्रतिभा भएकाहरूको हो । आलोचना मात्र किन हेर्नुहुन्छ, त्यसको प्रशंसा पनि हेर्नुस् न । जुन कुराको बढी चर्चा हुन्छ, उसैको बढी आलोचना हुन्छ । अहिले पनि नेपालमा सबैभन्दा बढी मैले चलाउने टेलिभिजन कार्यक्रमहरू हेरिन्छन्, रेडियो कार्यक्रमहरू सुनिन्छन् । मेरा अन्तर्वार्ताले अत्यधिक भ्युज पाएका छन् । मेरा लेखहरूको पनि उत्तिकै चर्चा हुन्छ । विमान दुर्घटनाको कुरा गर्नुहुन्छ भने त्यो दिन भारतीय टेलिभिजनले मसँग सम्पर्क गर्‍यो । त्यसमा सुरुमै जुन भाषामा सजिलो हुन्छ, त्यही भाषामा जवाफ दिनु भनिएको थियो । भारतमा त हिन्दी भाषा बोलिन्छ, मैले पनि भारतीय जनताले सहज रूपमा बुझ्न सक्छन् भनेर हिन्दी नै बोलें । यदि चीन वा जापानबाट फोन आएको भए म जापनिज एवं चाइनिज भाषा मै उत्तर फर्काउँथें ।

**तपाईंको कतिवटा भाषामा राम्रो पकड छ ?**

मलाई झन्डै एक दर्जनजति भाषा बोल्न आउँछ । हिन्दी, नेपाली र अंग्रेजी त मैले सानैदेखि प्रयोग गरिरहने भाषा भैहाले ।

**एउटा अन्तर्वार्तामा अंग्रेजी भाषामा एक घण्टा बहस गर्न तयार छु भनेर खुला चुनौती पनि दिनुभयो । साँच्चै अंग्रेजी भाषामा बहस गर्न तयार हुनुहुन्छ ?**

हो, म तयार छु । अहिले पनि तपाईं पढ्न सक्नुहुन्छ, अंग्रेजी दैनिकहरूमा मेरा लेख छापिन्छन् । तपाईंले पढ्नुभएको छैन ? म ऋषि धमला हुँ, मौका परे चाइनिज, फ्रेन्च, जापानी भाषाको पत्रिकामा पनि आफ्ना लेख छपाउन सक्छु ।

**तपाईंको शैक्षिक योग्यताका बारेमा बेला-बेला प्रश्न उठ्छ । खास तपाईंले औपचारिक रूपमा कतिसम्म पढ्नु भएको छ ?**

शैक्षिक प्रमाणपत्र देखाउँदै हिँड्ने कुरा भएन । पत्रकारिता पो त गरेर देखाउने विषय हो । मैले काम गरेर देखाएको छु, आफूलाई प्रमाणित गरिसकेको छु । मेरो औपचारिक शिक्षाको कुरा गर्नुहुन्छ भने मैले जनप्रभात मावि कालीमाटीबाट एसएलसी र पिपल्स क्याम्पसबाट आईएस्सम्म पढेको छु । गिरिजाबाबुले मलाई थप अध्ययनका लागि भारतको राम्रो कलेजको छात्रवृत्ति दिनुभएको थियो, तर मैले उक्त छात्रवृत्ति गरिब र विपन्नलाई दिनुहोस् भनेर अस्वीकार गरें । मैले स्व-अध्ययन गरें र आफ्नो क्षमता बढाए ।

**तपाईंले जीवनमा क-कसको अन्तर्वार्ता लिनुभयो ?**

यो प्रश्नले चाहिँ मलाई हँसायो है । मैले अन्तर्वार्ता लिन बाँकी कोही होला र ? तपाईं सोच्न सक्नुहुन्छ । नेताहरू मलाई अन्तर्वार्ता लिइदिनुपर्‍यो धमलाजी, हामीले बोल्ने स्पेस नै पाएनौं भनेर गुनासो गर्छन् । जबसम्म रिपोर्टर्स क्लबमा आएर भाषण गर्दैनन्, उनीहरूलाई आफू नेता भएजस्तै लाग्दैन । राजादेखि रैतीसम्म र राष्ट्रियदेखि अन्तर्राष्ट्रिय व्यक्तित्वसम्म सबैको अन्तर्वार्ता लिने क्षमता राख्ने नेपालको कुनै पत्रकार छ भने त्यो म नै हुँ ।

**प्रायः अन्तर्वार्तामा तपाईं आफू बढी बोल्नुहुन्छ । अतिथिहरूलाई कमै बोल्न दिनुहुन्छ । किन ?**

जनताले जे जान्न चाहन्छन्, त्यो कुरा खोतल्नु पत्रकारिताको धर्म हो । यो देशका नेताहरू एकपटक मात्र सोध्यो भने त प्रश्न नै नबुझेजस्तो गर्छन्, त्यसैले प्रश्न बुझाउन र जनताको जिज्ञासाको उत्तरका लागि म बारम्बार एउटै प्रश्न सोध्छु । त्यसैले म बढी हाबी भएजस्तो देखिन्छ । यसमा आलोचना गर्नुपर्ने कुरा के छ र ? जसको जति क्षमता हुन्छ, उसले उति बढी स्पेस लिने हो । मैले रिपोर्टर्स क्लब सुरु गरेकै २० वर्षभन्दा बढी भैसक्यो । म नेताहरूसँग सीधा प्रश्नको सीधा उत्तर दिनुस् भन्छु । म अन्तर्वार्ता लिंदा पनि सीधा रूपमा प्रश्न गर्छु । प्रचण्ड, केपी, वामदेव अथवा जुनसुकै नेतालाई पनि प्रश्न गर्दा सीधा रूपमा अन द स्पट बहस गर्छु । ऋषि धमलाले मेरो अन्तर्वार्ता किन नलिएको होला भन्ने नेता तथा कलाकार पनि प्रशस्तै छन् ।

**नेपालका धेरै नेता तपाईंको अन्तर्वार्ता लिने शैलीप्रति बेखुसी छन् भनिन्छ । कतिपय नेताले त अन्तर्वार्ता नै दिन्नसमेत भन्नुभयो । खासमा किन उनीहरू तपाईंको शैलीप्रति बेखुसी भएका होलान् ?**

कुन नेताले अन्तर्वार्ता दिन्न भन्नुभयो ? तपाईं भन्न सक्नुहुन्छ ? मेरो रिपोर्टर्स क्लबमा नेपालका सबै नेता पुग्नुभएको छ । बिहान हरेक दिन ३ देखि ४ जनासम्म नेताले मसँग रेडियो कार्यक्रममा बहस गर्दै आउनुभएको छ । मैले अप्रत्यक्ष रूपमा पनि विभिन्न नेताको अन द स्पट अन्तर्वार्ता लिएको छु । जुन सबैले देख्नुभएकै छ ।

पृष्ठ ७ मा



# ‘३० अन्डर ३०’ का नेपाली



धनी तथा प्रभावशालीहरू व्यक्तिको सूची जारी गर्ने अन्तर्राष्ट्रिय म्यागजिन फोर्ब्सले उदीयमान युवाहरूको सूचीमा ६ जना नेपाली युवालाई समेटेको छ। सन् २०१८ का लागि फोर्ब्सले विभिन्न विधामा जारी गरेको एसियाका ‘३० अन्डर ३०’ उदीयमान युवाको सूचीमा नेपालमा ६ जना युवाले स्थान पाएका हुन्।

फोर्ब्सले जारी गरेको सूचीमा सोसल इन्टरपेनर्स विधामा ५ जना तथा इन्डस्ट्री, म्यानुफ्याक्चर एवं इनर्जी विधाको सूचीमा १ जना नेपाली युवा अटाएका हुन्। नवीनतम सोच र सम्भावना बोकेका युवाहरूलाई समेटेर फोर्ब्सले विगत तीन वर्षदेखि ‘३० अन्डर ३०’ को सूची तयार पार्दै आएको छ।

सन् २०१८ को उक्त सूचीमा सोसल इन्टरप्रेनरसिप क्याटागोरीमा ‘खाली सिसी म्यानेजमेन्टकी संस्थापक आयुषी केसी पनि छिन्। यही क्याटोगोरीमा इकोसेल इन्डस्ट्रीका तीन जना युवा निशान श्रेष्ठ, सचित पण्डित तथा सुवास श्रेष्ठ छन्। यस्तै, अमेरिकामा चर्चामा रहेकी नेपाली चेली कञ्चन अमात्य पनि त्यही क्याटागोरीमा समेटिएकी छिन्। फोर्ब्सको ३० अन्डर ३० को सूचीमा परेका अर्का नेपाली हुन्– एन्जल निरौला। उनी इन्डस्ट्री/ म्यानुफ्याक्चर तथा इनर्जी क्याटागोरीको ३० अन्डर ३० को सूचीमा छन्। निरौला घाम पावरका म्यानेजिङ डाइरेक्टर हुन्।




फोर्ब्सले ‘३० अन्डर ३०’ लागि कला, इन्टप्राइज टेक्नोलोजी, फाइनान्स एण्ड भेन्चर क्यापिटल, इन्डस्ट्री/म्यानुफ्याक्चर/इनर्जी, मिडिया/मार्केटिङ/एड्भन्टिजमेन्ट, सेलिब्रेटी, योङ्गेष्ट, विग मनी, रिटेल/इकमर्स, कन्जुमर टेक्नोलोजी, इन्टरटेन्मेन्ट/स्पोर्ट्स, हेल्थकेयर/साइन्स, सोसल इन्टरपेनर्सजस्ता विधामा उल्लेखनीय कार्य गर्ने युवाहरूलाई सूचीकृत गरेको हो। तीन वर्षदेखि फोर्ब्सले ३० अन्डर ३० को सूची प्रकाशन गर्दै आएको छ। गत वर्ष एसियाका ३० वर्षमुनिका ३० प्रभावशाली युवामा पाँच जना नेपालीले स्थान पाएका थिए।

## इको सेल

को-फाउन्डर, इको सेल इन्डस्ट्रिज

इको सेल इन्डस्ट्रिज आर्थिक, पर्यावरण–अनुकूल भूकम्पप्रतिरोधी निर्माण सामग्री निर्माण गर्न समर्पित स्टार्टअप कम्पनी हो। सन् २०१५ मा नेपालमा विनाशकारी भूकम्प गएपश्चात् निशान श्रेष्ठ, सचित पण्डित तथा सुवास श्रेष्ठले भवन निर्माणमा छिटो र सस्तो प्रविधि प्रयोग गर्नुपर्ने खाँचो महसुस गरे। उनीहरूले लेगोजस्तो इन्टरलकिङ इँटा प्रयोगमा ल्याए। माटोले बन्ने उक्त इँटामा १० प्रतिशत सिमेन्ट हुन्छ, जसलाई त्यसपछि मेसिनद्वारा एउटा आकार दिइन्छ। इको सेलले मेसिनरी आपूर्ति, निर्माण परामर्श सेवा तथा प्रशिक्षण समेत प्रदान गर्दै आएको छ। यही नवीन सोचका लागि फोर्ब्सले इको सेलका, को-फाउन्डरहरूलाई एसियाका ‘३० अन्डर ३०’को सोसल इन्टरपेनर्स क्याटागोरीमा समेटेको हो।



## कञ्चन अमात्य

फाउन्डर, सस्टेनेबल फिस फार्मिङ इनिसिएटिभ (एसएफएफआई)

कञ्चनलाई सस्टेनेबल फिस फार्मिङ इनिसिएटिभ (एसएफएफआई)को फाउन्डरका रूपमा यो सूचीमा समावेश गरिएको छ। कञ्चनको कम्पनीले जलकृषि उत्पादनमार्फत गरिबी निवारण एवं खाद्यान्न असुरक्षा हटाउन काम गर्दै आएको छ। यसका साथै एसएफएफआईले ग्रामीण क्षेत्रका महिलाहरूलाई साना उद्यम सुरु गर्न फाइनान्स, टेक्नोलोजी, स्थानीय स्रोतहरूको उपयोग तथा तालिम उपलब्ध गराउदैं आएको छ। अमात्यको कामलाई अमेरिकाका पूर्वराष्ट्रपति विल किन्टन, नेपाल सरकार तथा संयुक्त राष्ट्र संघले मान्यता दिएको फोर्ब्सले जनाएको छ। कञ्चनले महिलाहरूको आर्थिक सशक्तीकरणका लागि युएन वुमन ग्लोबल च्याम्पियनका रूपमा समेत योगदान पुऱ्याउँदै आएकी छिन्।



## एन्जल निरौला

म्यानेजिङ डाइरेक्टर, घाम पावर

नेपालका ३० प्रतिशत मानिस अन्धकारमा जीवन गुजरिरहेका छन्। घाम पावरका प्रबन्ध निर्देशक एन्जल निरौला यो समस्या सम्बोधन गर्न क्रियाशील छन्। उनले काम गरिरहेको सोलार माइक्रोग्रिडले विद्युत्को आवश्यकता भएका मानिसहरूलाई विश्वसनीय विद्युत् ऊर्जा प्रदान गरिरहेको छ। निरौलाको निजी कम्पनीले २ दशमलव ५ मेगावाट क्षमताको माइक्रोग्रिडहरू २ हजार परिजोजनामार्फत स्थानीय तहमा जडान गरिसकेको छ। यस्ता माइक्रोग्रिडहरूको जडानले सर्वसाधारणलाई डिजेल र मट्टितेलको प्रयोग कम गर्दै वातावरणमैत्री हुनसमेत प्रेरित गर्छ। निरौला विश्व ऊर्जा काउन्सिलको ‘फ्युचर इनर्जी लिडर्स’ कार्यक्रमका सदस्यसमेत हुन्।



## आयुषी केसी

संस्थापक, खालीसिसी म्यानेजमेन्ट

आयुषी केसी नेपालमा ‘जिरो वेस्ट गोल’मा काम गरेर विश्वमा परिवर्तन ल्याउने सोचमा छिन्। युएसएडकी पूर्वकर्मचारी केसी जागिर छोडेर सामाजिक उद्यममा लागिन् र उनले खाली सिसी म्यानेजमेन्ट प्राइभेट लिमिटेडको स्थापना गरिन्। खालीसीसीडटकम १३ हजारभन्दा बढी पुनः प्रयोग गर्ने कवाडी विक्रेता तथा कवाडी सामान क्रेतासँग जोडिएको छ। पुनः प्रयोग गर्न मिल्ने पदार्थहरूलाई उनले ल्यान्डफिल्ड (फोहोर फाल्ने ठाउँ) बाट केही टाढा राख्न खोजेकी छिन्। केसीले पुनः प्रयोग गर्न मिल्ने पदार्थहरूप्रति आममानिसको धारणामा परिवर्तन ल्याउन खोजिरहेकी छिन् र त्यसको महत्व बुझाउन लागिपरेकी छिन्। नवीन सोचमार्फत विश्वमा परिवर्तनको सन्देश दिने आयुषीको सकारात्मक पहलका कारण फोर्ब्सले सोसल इन्टरपेनर्स क्याटागोरीतर्फ उनलाई दक्षिण एसियाका ‘३० अन्डर ३०’ को सूचीमा राखेको हो।

# म पत्रकारिताको...

पृष्ठ ५ बाट

म यो मान्दिनँ । मान्दै मान्दिनँ । तपाईंले थाहा पाउनुभएको छैन ? सुन्नुभएको छैन ? पूर्वप्रधानमन्त्री प्रचण्डले समेत भनिसक्नुभएको छ, ऋषि धमला नभै नहुने भो ।

**किताब लेख्ने सोच छ ?**

अवश्य छ नि ।

**पुस्तकको शीर्षक के राख्नुहुन्छ ?**

धमलाको हमला । सुपर हिट हुन्छ । किनभने लाखौं दर्शक, श्रोता तथा पाठकको मनमा धमलाको हमला भन्ने शब्द बसिसकेको छ । यो एउटा ब्रान्ड नै भैसकेको छ ।

**तपाईंले उमेर ढल्किएपछि विवाह गर्नुभयो । किन ढिलो विवाह गरेको नि ?**

मेरो व्यस्तता एकदमै बढ्यो । विवाह गर्ने समय नै मिलेन । म जहिले पनि देश र जनतालाई ध्यानमा राखेर काम गर्ने मानिस । जनताका लागि पत्रकारिता गर्ने मानिस । त्यसैले गर्दा मेरो विवाह ढिलो भयो । फेरी विवाह भन्ने कुरा आफ्नो हातमा हुँदैन ।

**यति माया गर्ने श्रीमती पाउनुभएको छ । आफूलाई कत्तिको भाग्यमानी मान्नुहुन्छ ?**

म आफूलाई एकदमै भाग्यमानी मान्छु । एलिजाजीजस्ती श्रीमती पाउनु मेरो अहोभाग्य हो, उहाँ त यो देशको राष्ट्रपति बन्नुपर्ने मान्छे हो । तर, हाम्रो देशमा व्यक्तिको क्षमताको कदर नै कहाँ भएको छ र ?

**कतै, तपाईंले एलिजाजीले ऋषिजी त यो देशको प्रधानमन्त्री बन्नुपर्ने मान्छे भन्ने कुराको गुन तिर्न त यसो भन्नुभएको त होइन ?**

अहँ म सबै कुरा स्पष्ट भन्न सक्ने मान्छे । मैले उहाँको क्षमता र योग्यतालाई नजिकबाट बुझेकैले यसो भनेको हुँ ।

**एलिजाजीले तपाईं प्रधानमन्त्री वा राष्ट्रपतिमध्ये एक हुनुपर्छ भनेर अन्तर्वार्तामा बोलिसक्नुभएको छ । व्यक्तिगत रूपमा तपाईंलाई रुचि छ कि छैन ?**

छैन, मलाई मन्त्री बन्ने, कुनै पदमा बस्ने इच्छा छैन । म समृद्धिको हिसाबले यो देशलाई अघि बढाउन चाहन्छु । गफले देश बन्दैन । भँगेराको जस्तो छातीले पनि देश बन्दैन । भिजन चाहिन्छ, भिजन । म चुनावमा नलडेको मात्र हो । धेरै नेताहरूले मलाई चुनाव लड्नुस्, टिकट दिन्छौं भन्नुभएको थियो ।

**प्राय: पत्रकारको आर्थिक हैसियत राम्रो हुँदैन भनिन्छ तर तपाईंको जीवनशैली लोभलाग्दो छ । महँगो गाडीमा सयर गर्नुहुन्छ । करोडभन्दा बढी खर्चिएर श्रीमतीलाई हिरोइन बनाउँदै हुनुहुन्छ । छोरीको पास्नीमा नेपालका प्रधानमन्त्रीदेखि डिआईजीसम्मलाई बोलाउनुभयो । आखिर कसरी खर्च धानिरहनु भएको छ ? ऋषिजी, जनता जान्न चाहन्छन् बताइदिनुस् न ।**

पत्रकारीता गर्नेहरूले मेहनत गर्नुपर्छ ।



> एउटा गाडी चढ्न र काठमाडौंमा आफ्नै घरमा बस्न, मिठो-मसिनो खान गाह्रो छैन । म बिहानैदेखि रातिसम्मै खट्छु । बिहान ५ बजे उठ्छु, राति १२ बजेसम्म निरन्तर काम गर्छु । समाचारको खोजी गर्न अनि अन्तर्वार्ता लिन हिँड्छु । दिनरात घोटिएकै कारणले मैले यो सम्पन्नता हासिल गरेको हुँ । नेपालका अधिकांश पत्रकार अल्छी छन्, पढ्दैनन्, खट्दैनन्, खाली पैसा कमाइए मात्र भन्छन् ।

व्यवसायिक रूपमा काम गर्न जान्नुपर्छ । सकारात्मक सोच राखेर काम गर्ने हो भने मेरो जस्तो जीवनशैली बाँच्न गाह्रो छैन । काम गर्नुपर्छ काम, खाली कुरा मात्र गरेर हुँदैन । एउटा गाडी चढ्न र काठमाडौंमा आफ्नै घरमा बस्न, मिठो-मसिनो खान गाह्रो छैन । म बिहानैदेखि रातिसम्मै खट्छु । बिहान ५ बजे उठ्छु, राति १२ बजेसम्म निरन्तर काम गर्छु । समाचारको खोजी गर्न अनि अन्तर्वार्ता लिन हिँड्छु । दिनरात घोटिएकै कारणले मैले यो सम्पन्नता हासिल गरेको हुँ । नेपालका अधिकांश पत्रकार अल्छी छन्, पढ्दैनन्, खट्दैनन्, खाली पैसा कमाइएन मात्र भन्छन् ।

**नेपाली पत्रकारिताको भविष्य कस्तो देख्नुहुन्छ ?**

एकदमै राम्रो देख्छु । सम्भावना र अवसरहरू थपिँदै गएका छन् । पत्रकारिता सहरदेखि गाउँसम्म फैलिएको छ । यदि मैले जस्तै पत्रकारिता गर्ने हो भने गाडी चढ्न तथा महँगो जीवनयापन बाँच्न गाह्रो छैन । पत्रकार भनेर जुन हिसावले मान्छेले सोच्छ नि त्यस्तो छैन । म त्यस्तो देख्दिनँ । अहिले थोरैमा ५० देखि ६० हजार रुपैयाँ नकमाउने पत्रकार मैले देखेको छैन ।

**नेपाली नेतादेखि भारतीय राजनीतिक दलका नेताहरूसम्म तपाईंको राम्रो सम्बन्ध छ भनिन्छ । कहीं-कतै यो पनि हल्ला आउँछ कि तपाईंले भारतीय नेताहरूबाट ठूलो रकमसमेत लिनुभएको छ । यो खालको आरोपको कसरी खण्डन गर्नुहुन्छ ?**

मैले १४ वर्षको उमेरदेखी पत्रकारीता सुरु गरेको हुँ । मैले कति मेहनत गरेको छु भन्ने कुरा बाहिर हल्ला गर्नेहरूलाई थाहा हुने कुरा होइन । अर्को कुरा मैले कसैसँग एक रुपैयाँ पनि खाएको फेला पार्नुभएको छ भने प्रमाण देखाउनुहोस्, म पत्रकारिता नै छोडिदिन्छु । यदि मैले त्यसरी पत्रकारिता गरेको भए, कसैको पैसा खाँदै हिँडेको भए अहिले ऋषि धमला, ऋषि धमला नै हुने थिएन । म अम्बानीकै समकक्षी व्यवसायी बनिसक्थे । बरु, मैले समाचारको खेती र समाचार खोज्नमै आफ्नो महत्वपूर्ण समय र बुद्धि खर्चिएको छु । म दिनभरी रेडियो, टिभी, अनलाइन र कार्यक्रमहरूमै व्यस्त हुन्छु ।

**सभासद बन्न लबिङसमेत गर्नुभएको थियो, तर टिकट पाउनुभएन । खास कुरा के हो ?**

म जुन ठाउँबाट चुनावमा उठे पनि जुनसुकै पार्टीले टिकट दिन्छन् । एमाले, कांग्रेस, माओवादी केन्द्र, राजपा अथवा कुनै पनि पार्टीले । म आफैं केही समय पत्रकारिता नै गर्छु भनेरै ठूलो प्रेसरका बावजुद चुनावबाट ब्याक भएको हुँ । ऋषि धमला कहिल्यै चुनौतीदेखि डराउँदैन । आलोचनाबाट भाग्दैन । कसैले कुरा काटे भन्दैमा भाग्ने मान्छे होइन ऋषि धमला । म आफ्नो कामप्रति पूर्ण वफादार भएर लाग्ने पत्रकार हुँ ।

**श्रीमतीलाई हिरोइन बनाएर चलचित्रमा डेब्यु गराउँदै हुनुहुन्छ । तपाईंलाई एलिजाको अपोजिटमा अभिनेताका रूपमा काम गर्न मन लागेन ?**

पत्रकारिताको त म हिरै हुँ नि । जहिले पनि म केन्द्रबिन्दुमै छु । जताततै मेरो चर्चा हुन्छ । कलाकार, नेता, जनता सबैका माझमा लोकप्रिय छु । अर्को कुरा तपाईंलाई राम्रोसँग थाहा छ, म ह्यान्डसम छु । मेरी श्रीमती पनि निकै ब्युटिफुल छिन् । यदि मैले चाहना गरेको भए एलिजासँग चलचित्रमा देखिने थिएँ तर छ नि मैले फिल्म खेलें भने मैले गर्दै आएको पत्रकारिता केही समय रोकिन्छ, त्यसैले चलचित्र नखेलेको हो ।

**अरू कुनै चलचित्रबाट हिरोको रोल आयो भने खेल्न तयार हुनुहुन्छ ?**

म केही चलचित्रमा देखिएको पनि छु । जीवनको कुनै खालखण्डमा हिरो बनेर काम गर्ने इच्छा छ । पक्कै मेरो त्यो रहर पूरा हुनेछ ।

**तपाईंले चलाउने टेलिभिजन कार्यक्रम धमलाको हमलामा हिरोइनहरूसँग निकै उच्छृङ्खल प्रश्न सोध्नुहुन्छ, किन हो ?**

नेपाली सेलिब्रेटीका हरेक विषय जनताका लागी चासोको विषय हुन्छन् । उनीहरू के खान्छन्, के गर्छन्, जीवनशैलीदेखी हरेक कुरा । उनीहरूका ब्वाइफ्रेन्डका कुरा, उनिहरूका श्रीमान् अथवा श्रीमतीका कुरा सबै जनताका चासोका विषय हुन् । मैले आफ्ना लागि उनीहरूसँग त्यस्तो प्रश्न गरेको होइन त्यो प्रश्न आम नेपाली जनताको प्रश्न हो । मैले त जनताको कौतूहलता मेट्ने प्रयास मात्र गरेको हुँ । ऋषिले अश्लील प्रश्न सोध्यो भनेर मसँग रिसाउनुको कुनै तुक छैन् ।

**प्राय: हिरोइनहरूलाई तपाईं प्रश्न गर्नुहुन्छ, सेक्स गर्नुभएको छ ? कति पटक गर्नुभयो ? यी नितान्त व्यक्तिगत कुरा हुन् भन्ने कुरा जो कसैलाई पनि थाहा छ । यस्तो प्रश्न पनि जनताको प्रश्न होला त ?**

किन नहुने ? यस्तै कुरामा जनताको चासो हुन्छ । तपाईंले पनि त्यस्तै प्रश्न मात्र ख्याल गर्नुभएको रहेछ । जनताको मनमा त झन यस्तो खुलदुली हुन्छ । फरक यत्ती हो अरू पत्रकारले सोध्ने आँट गर्दैनन्, म गर्छु ।

**नेपालमा सयौं पत्रकार छन् । सबैले सबैको अन्तर्वार्ता लिएका छन् । अरू पत्रकार कमै विवादमा आएका छन् । उनीहरूको तुलनामा तपाईंचाहिँ सधैं किन विवादमा आइरहनुहुन्छ ?**

मेरो कामका कारणले, क्षमताका कारणले । समय सापेक्ष समाचार सम्प्रेषण गर्दा त्यसो भनियो भने मलाई मतलब हुँदैन । देशमा हजारौं पत्रकार छन्, म ती सबैको सम्मान गर्छु । पत्रकारिता सिक्ने पेसा हो । कोही पनि यो पेसामा पोख्त हुँदैन । मेरो लगनशीलता, काम एवं समपर्णका कारण मेरो चर्चा बढी हुन्छ । म पत्रकारितालाई सर्वाधिक माया गर्ने पत्रकारमा पर्छु ।

**तपाईं आफूले गल्ती गरे पनि कहिल्यै उक्त गल्ती स्वीकार गर्नुहुन्न भनिन्छ, साँचो हो ?**


मेरा पनि केही कमीकमजोरी होलान् तर ऋषि धमलाले गल्ती गरेको छैन । गल्ती गरे स्वीकार गर्न तयार छु । भनिदिनुस् कुनै पनि बेला । क्लियर कट रूपमा म आफ्नो गल्तीमा आत्मसमिक्षा गर्न तयार छु ।

**तपाईं बिनाभिसा भुटान पुग्नुभएको प्रसंग पनि खुबै चर्चामा छ । के भएको हो ?**

भनिन्छ, म्युजिकको सिमाना हुँदैन । म ऋषि धमला पनि पत्रकारिताको म्युजिकजस्तै हुँ, म सिमानाबिनाको मानिसलाई पासपोर्टको आवश्यकता किन ? सिंहदरबार, बालुवाटार, संसद भवन, सर्वोच्च सबैतिर जान अरू पत्रकारले पास देखाउनुपर्छ, म त्यतिकै छिर्छु । म यहाँ सोझै सबैको बेडरुम, बाथरुमसम्म पुग्न सक्छु । यहाँ मलाई परिचयपत्रको आवश्यकता पर्दैन, पासपोर्टको आवश्यकता पर्दैन भने भुटानमा किन पर्छ र ?

*(पत्याउनु भो होइन ? तर भ्रमित नहुनुहोस् । न त ऋषिजीका कुरामा तर्क-वितर्क गर्नु नै आवश्यक छ, किनभने यो अप्रिल फूलका अवसरमा तयार पारिएको काल्पनिक अन्तर्वार्ता हो ।)*

# सुरक्षा विवादमा फेसबुक




फेसबुक स्थापना भएको १४ वर्ष पश्चात् यसका संस्थापक मार्क जुकरबर्गले सर्वाधिक कठिन चुनौती सामना गरिरहेका छन्। कम्पनीको सेयर लगातार घटिरहेको छ भने फेसबुकमा सेयर गरिएका जानकारीको व्यक्तिगत गोप्यताका बारेमा समेत प्रश्न उठेको छ।

टेस्ला तथा स्पेस एक्सका संस्थापक इलोन मस्कदेखि विभिन्न प्रतिष्ठित व्यक्तिहरूले आफ्नो फेसबुक पेज निष्क्रिय बनाइसकेका छन्। विश्वका करिब १० करोड प्रयोगकर्ताले फेसबुक पेज हटाउने वा छोड्ने मनस्थिति बनाएको तथ्य समेत सार्वजनिक भएको छ। यस्तै हो भने फेसबुकको भविष्य के होला भन्ने चिन्ता समेत व्याप्त भएको छ।

अमेरिकी अखबार न्युयोर्क टाइम्स तथा ब्रिटेनको अब्जर्भरको संयुक्त जाँचपश्चात् नयाँ तथ्य खुलासा भएपछि त्यसका बारेमा नयाँ बहस प्रारम्भ भएको हो। ब्रिटेनको क्याम्ब्रिज एनालेटिक्सका नामक कम्पनीले फेसबुकका ५ करोड प्रयोगकर्ताको निजी जानकारी उनीहरूको सहमतिबिनै दुरुपयोग गरेको कुरा सार्वजनिक भएको छ। त्यसको उपयोग सन् २०१६ मा सम्पन्न अमेरिकी राष्ट्रपति निर्वाचनमा डोनाल्ड ट्रम्पको पक्षमा गरिएको थियो। उक्त जानकारीका आधारमा एक एपको सहयोगले भोटरको व्यवहारको भविष्यवाणी गर्न यसको उपयोग गरिएको थियो। क्याम्ब्रिज एनालेटिक्सका एक कर्मचारी क्रिस्टोफर वाइलीले नै सञ्चार माध्यममा उक्त तथ्य सार्वजनिक गरेका थिए।

क्याम्ब्रिज युनिभर्सिटीमा मनोविज्ञानका प्रोफेसर अलेक्सान्द्र कोगनको कम्पनी ग्लोबल साइन्स रिसर्चले पर्सनालिटी अर्थात् व्यक्तित्वका बारेमा अनुसन्धान गर्ने उद्देश्यले सन् २०१४ मा 'दिस इज योर डिजिटल लाइफ' नामक एप तयार पारेको थियो। फेसबुकका २ लाख७० हजार प्रयोगकर्ताले उक्त एप डाउनलोड गरेका थिए। उक्त कम्पनी ती प्रयोगकर्ताका साथीहरूका बारेमा समेत जानकारी प्राप्त गर्न सफल भयो, जसका कारण उक्त एप ५० करोड प्रयोगकर्ताका बारेमा जानकारी संग्रह गरेर राखेको थियो।

ग्लोबल साइन्स रिसर्चले ती सबै जानकारी क्याम्ब्रिज एनालेटिक्सलाई दियो। क्याम्ब्रिज एनालेटिक्सले त्यसको प्रयोग अमेरिकी राष्ट्रपति निर्वाचनमा मतदातालाई प्रभावित गर्न प्रयोग गरेको आरोप छ। यति मात्र होइन, यसको प्रयोग युरोपेली युनियनबाट बेलायतलाई अलग हुन गरिएको जनमत-संग्रहमा समेत गरिएको बताइन्छ। यी सबै आरोपपश्चात् कम्पनीका सिइओ अलेक्सान्द्र निक्सलाई निलम्बन गरिएको छ।

उक्त आरोप सत्य सावित भए फेसबुकले ४० हजार डलर अर्थात करिब ४० लाख रुपैयाँ दण्ड तिर्नुपर्नेछ। अमेरिकाको फेडरल ट्रेड कमिसनले यो घटनाको जाँच गरिरहेको छ।

## निजीपनको रक्षा सेटिङबाट

- वेब ब्राउजरबाट फेसबुक लगइन गर्ने।
- स्क्रिनको माथिल्लो भागमा दायाँतिर रहेको 'सेटिङ' ट्याबमा क्लिक गर्ने।
- त्यसपछि बायाँतिरको 'एप' ट्याबमा क्लिक गरेपछि फेसबुक एकाउन्टसँग जोडिएका सबै एप देखिन्छन्।
- प्रत्येक एपमा क्लिक गर्दै जाँदा कुन एपमा कुन जानकारी सेयर गर्ने अनुमति दिइएको छ भन्ने कुरा थाहा हुन्छ।
- ती सबै जानकारीका साथ दिइएको विकल्पका आधारमा कुन जानकारी सार्वजनिक गर्ने-नगर्ने छनौट गर्न सकिन्छ।
- आफूलाई काम नलाग्ने एप डिएक्टिभसमेत गर्न सकिन्छ।
- आफ्ना पोस्ट वा जानकारी सेयर गर्ने साथीको संख्या आवश्यकताअनुसार सीमित गर्न सकिन्छ।
- यदि आफूलाई फेसबुक एकाउन्ट नै बन्द गर्न मन लाग्यो भने फेसबुकको हेल्प सेन्टरको सहयोग लिन सकिन्छ।

## फेसबुकसँग तपाईंका के-कस्ता तथ्यांक छन् ?

एकपटक सोच्नुहोस् त, तपाईंले फेसबुकलाई आफ्ना के-कस्ता जानकारी दिनुभएको छ ? तपाईंको फेसबुक प्रोफाइलमा भएका सबै तथ्यांक फेसबुकसँग सुरक्षित हुन्छ। तपाईंको नाम, उमेर, वैवाहिक अवस्था, तपाईंको ठेगाना, काम गर्ने कार्यालय लगायत अन्य सबै, त्यसका अतिरिक्त तपाईंले कुन पोस्ट लाइक गर्नुभयो, कुन-कुन पेज तपाई नियमित हेर्नुहुन्छ, लाइक गर्नुभएको छ, तपाईंका तस्बिरहरू ! अझ तपाई कुन-कुन वेबसाइटमा जानुभएको छ, त्यसको पनि अवलोकन गरी तपाईंका लागि उपयक्त विज्ञापन फेसबुकले देखाउँछ।

फेसबुकसँग तपाईंको के-के तथ्यांक छ भनेर जान्न फेसबुकको सेटिङमा जानुपर्छ। त्यसपछि जेनरल सेटिङमा गएर पेजको अन्तिममा रहेको 'डाउनलोड अ कपी अफ योर फेसबुक डाटा' क्लिक गरेर फेसबुकले राखेको तथ्यांक हेर्न सकिन्छ।

यसमा तपाईंले सेयर गरेका पोस्ट, तस्बिर, भिडियो, तपाईंले पठाएका सन्देश, च्याट तथा तपाईंको प्रोफाइलमा भएका सम्पूर्ण विवरण हुन्छन्।

त्यसैले सकभर फेसबुक एकाउन्टबाट अर्को कुनै एप्स वा वेबसाइट डाउनलोड गर्नु हुँदैन।

### एप्सको जाँच

हामी फेसबुकसँग जोडिएका सबै जानकारी राख्न सक्दैनौं। फेसबुकमा गेम खेल्दा वा अर्को व्यक्तिलाई त्यसमा इनभाइट गर्दा सम्बन्धित एप्स फेसबुक एकाउन्टमा आएर बस्छ र हामीले प्रयोग नगर्दा पनि प्रयोगकर्ताको डाटालाई एकत्रित गरिरहेको हुन्छ। यस्तो अवस्थामा फेसबुक एकाउन्टमा भएका इन्टिग्रेटेड एप्सको जाँच गर्नु आवश्यक हुन्छ। कुनै शंका लागेको एप्स तुरुन्त हटाउनुपर्छ। सेटिङमा गएर प्राइवेसी चेक गरेर यो समस्या समाधान गर्न सकिन्छ।

### प्राइवेसी जाँच

फेसबुकमा हामीले राख्ने सबै जानकारी वा विषयवस्तु सबैका लागि उपयोगी नहुन सक्छन्। हामी कुनै जानकारी आफ्ना साथीभाइ वा कुनै आफन्तका बीचमा मात्र पनि सेयर गर्न चाहन्छौं। यस्तो अवस्थामा सीमित व्यक्तिहरूका बीच मात्र यस्ता जानकारी सेयर गर्न सकिन्छ।

## फेसबुक एप चलाउँदा सावधानी

इन्टरनेटको संसारमा आफू सुरक्षित हुनु छ भने सुरक्षाका उपाय अवलम्बन गर्नु आवश्यक हुन्छ। पासवर्ड अति सुरक्षित राखे पनि फेसबुकमा एपहरू चलाउँदा सावधानी अपनाउनु भएन भने तपाईंको तथ्यांक पनि चोरी भएर त्यसको दुरुपयोग हुनसक्छ।

अधिकांश फेसबुक एप मनोरन्जनका लागि निर्माण गरिएका हुन्छन् भने केही एप प्रयोगकर्तासँग साक्षात्कार गर्न। अहिले पनि फेसबुकमा ध्यान दिएर हेर्नुभयो भने विभिन्न प्रकारका एप आफ्नै वालमा देख्न सक्नुहुन्छ। आफ्नो तस्बिर विपरीत लिंगमा कस्तो देखिन्छ, भविष्यमा के बन्ने लगायत विभिन्न प्रकारका एप अहिले भाइरल नै भैरहेका छन्। यस्ता अधिकांश एपले तपाईंको तथ्यांक संकलन गर्छन्, एप चलाउँदै तपाईंको कुन-कुन जानकारी एपले लिन्छ र त्यो कुन प्रयोजनका लागि प्रयोग हुन्छ भनेर प्रस्टसँग लेखिएको छ भने तपाईंले अनुमति दिएपछि मात्र तपाईंको जानकारी त्यो एपले राख्छ। तपाईंको सम्पर्कमा भएका सूची, इमेललगायतका सुचना लिन एपले सहमति माग्छ, तर हामीमध्ये अधिकांशले त्यस्तो सहमतिमा के-के छ भनेर पढ्दै नपढी सहमति जनाउँछौं।

त्यसैले कुनै पनि एप चलाउनु अघि त्यहाँ के लेखिएको छ, तपाईंको कुन विवरण त्यो एपले राख्छ र कुन प्रयोजनका लागि प्रयोग गर्छ राम्रोसँग पढ्नुपर्छ। तपाईंसँग अनावश्यक कुराको अनुमति लिन सहमति मागिएको छ भने त्यस्ता एप प्रयोग गर्नुहुँदैन। आफूले प्रयोग गरेका एपहरू ट्र्याक गरिरहनुपर्छ र जुन एप चाहिँदैन, त्यसलाई हटाइदिनुपर्छ। यी कार्य फेसबुकको एप ड्यासबोर्डमा गएर गर्न सकिन्छ।

### प्राइवेसी महत्वपूर्ण

क्याम्ब्रिज एनालेटिक्स नामक कम्पनीले अमेरिकी राष्ट्रपति निर्वाचनमा मतदाताको राय जान्न फेसबुकको प्रयोग गरेको कुरा सार्वजनिक भएपछि फेसबुकको प्राइवेसीका बारेमा नयाँ बहस प्रारम्भ भएको छ। यसका लागि प्रयोगकर्ता आफै पनि सचेत हुनु आवश्यक छ। फेसबुक प्रयोगकर्ता आफैंले पनि सुरक्षाका लागि केही उपाय अपनाउनुपर्छ।

### लगइनविद फेसबुक

धेरै एप्सले फेसबुकबाट लगइन गर्न चाहन्छन्। हामीले प्रयोग गर्ने धेरैजसो एप्सले पनि यसरी फेसबुकबाट लगइन गर्न चाहेको पाइन्छ, तर लगइनका साथ उक्त एप्सले प्रयोगकर्ताको सबै जानकारीसमेत सूचीबद्ध गरेर लान्छ।

### प्राइवेसी हाइड

धेरै व्यक्तिले आफ्ना निजी जानकारी पनि फेसबुकमा पोस्ट गर्छन्, तर यसो गर्नु पनि ठीक होइन। आफ्नो जन्मदिन, सम्पर्क नम्बर, ठेगाना आदि 'हाइड' गर्नु उपयुक्त हुन्छ।

### बलियो पासवर्ड

धेरैले १२३४ जस्तो शब्द वा अंक प्रयोग गरी पासवर्ड राख्छन्। यसबाट कसैलाई पासवर्ड अनुमान गर्न र ह्याक गर्न सजिलो हुन्छ। त्यसैले सुरक्षाका लागि फेसबुकमा पनि अंक र अक्षर तथा अन्य क्यारेक्टर मिसिएको बलियो पासवर्ड राख्नुपर्छ।

### ड्युअल सेक्युरिटी

फेसबुक एकाउन्टलाई अझ सुरक्षित राख्न ड्युअल सेक्युरिटी प्रयोग गर्न सकिन्छ। यसो गर्दा फेसबुक खोल्दा आईडी र पासवर्ड मागेपछि फेरि एडिसनल कोड माग्छ। उक्त कोड प्रयोगकर्ताको मोबाइलमा प्राप्त हुन्छ। यसबाट फेसबुक एकाउन्ट निकै सुरक्षित हुन्छ।

### लगइन अलर्ट

यदि कुनै व्यक्तिले आफ्नो फेसबुक एकाउन्ट खोल्यो भने लगइन एलर्टबाटै त्यसको जानकारी प्राप्त गर्न सकिन्छ। फेसबुक सेटिङको सेक्युरिटीमा उक्त फिचर फेला पर्छ। उक्त नोटिफिकेसन फोन वा इमेलमार्फत् प्राप्त गर्न सकिन्छ। लगइन अलर्टलाई 'अन' गरेपछि मोबाइल वा इमेल नोटिफिकेसनमध्ये कुनै विकल्प छनौट गर्न सकिन्छ।

### के गर्ने ?

- सोसल मिडियामा कुनै निजी जानकारी पोस्ट नगर्ने।
- फेसबुकमा कुनै जानकारी पोस्ट गर्दा अडियन्समा 'फ्रेन्ड्स' वा 'पब्लिक' कुन चयन गर्ने भन्ने कुरामा सचेत हुनुपर्छ। जानकारी साथीभाइका लागि मात्र उपयुक्त छ भने पब्लिकभन्दा फ्रेन्ड्स नै चयन गर्नु उपयुक्त हुन्छ।
- आफ्नो टाइमलाइनमा अन्य व्यक्तिले पोस्टिङ गर्ने विकल्पलाई 'डिजेबल' गर्नुपर्छ।
- फेसबुक वालमा तपाईं दाह्री पाल्दा कस्तो देखिनुहुन्छ ? तपाईं अघिल्लो जन्ममा के हुनुहुन्थ्यो ? आदि एप देखिन्छन्। यी एप्सबाट प्रयोगकर्ताको व्यक्तिगत डाटा चोरी हुने खतरा हुन्छ। त्यसैले यस्ता एप प्रयोग गर्ने कार्यबाट सकभर टाढै रहनु राम्रो।

केवल एक प्रश्न

# तपाईंले कहिल्यै कसैलाई ढाँट्नुभएको छ ?

कहिलेकाहीँ ढाँटेकी छु । ढाँट्ने शब्द मेरो जीवनमा केही समय युज भएको छ ।

**युगेन छोदेन युजी, भुटानी अभिनेत्री**

काठमाडौंमा दुःख गर्दा म धेरै पटक बिरामीसमेत भएँ, तर म ठीक छु भन्दै मम्मी-बाबासँग झूटो बोलेको छु ।

**कमल खत्री, गायक**

त्यस्ता रमाइला झूट कुरा गरेको त कति छन् कति ? सानोमा मेरी बहिनीको हेडबिन एकछिन लगाउँछु है भनेर मागें तर त्यो भाँचियो । डराएर तत्कालै गमले टाँसेर उसैलाई लगाउन दिएँ । पछि थाहा पाइछ र मेरो हेडबिन दिदीले भाँचिदिई भन्दै रुन थाली । आमा मसँग कराउन थाल्नुभयो । मैले आफूले गल्ती गरेको थाहा हुँदाहुँदै पनि उल्टै बहिनीले नै भाँचेकी हो भनेर ढाँटें ।

**रीतु कँडेल, गायिका**

कति हो कति ? नढाँट्ने हो भने आमाको कुटाइ त कति खाइने कति ?

**बाबु बोगटी, गायक**

किन नढाँट्नु ? कति ढाटिएको छ कति ?

**प्रेम पुरी, अभिनेता**

एकदमै । नढाँटेको त दिनै हुँदैन । ठूला विषयमा भन्दा पनि स-साना विषयमा ढाँट्नु हामी सबैको बानी नै भैसकेको छ ।

**मोहन न्यौपाने, सञ्चारकर्मी**

काठमाडौंमा एक्लै बस्छु । एक्लै हुँदा खाना बनाउन अल्छी लाग्छ । आमाले खाना खाइस् भन्नुहुन्छ, म खाएँ भन्छु । एक-दुई जना केटा धेरै पछि लाग्दा मेरो त विवाह भैसकेको छ पनि भनेकी छु ।

**सुशीला गौतम, गायिका**

पाँच वर्ष पहिलेको कुरा हो । बुटवलको एक रेडियोमा काम गर्दा आफूसँग खासै पैसा नहुने । तीन छाक खाना खाएको थिइनँ । आमाले खाना खाइस् भन्दा खाएँ भनिन्थ्यो, खाजा खाइस् भन्दा खाएँ भनिन्थ्यो ।

**मुक्ति न्यौपाने, मोडल**

ढाँटेको छु, आफू नै ढाँटिने परिस्थिति आउँदा । सानोमा पनि ढाँटिन्थ्यो, अहिले पनि बारम्बार ढाँटिन्छ । घरवाट फोन आउँदा जति टाढा भए पनि नजिकै छु भनिन्छ । सानोमा पैसा बहुत चोरियो, त्यतिबेला मैले चोरैको होइन भनेर धेरै पटक ढाँटियो ।

**विष्णु बाबु देवकोटा, गीतकार**

ढाँट्छु भनेर त ढाँटेको छैन, तर बेला-बेलामा ढाँटिएकै छ ।

**प्रकाश शाक्य, गीतकार**

बेला-बेलामा ढाँटेको छु । कहिले समयमा काम गर्न नसक्दा ढाँटेको छु । कहिले नजिकका साथीभाइलाई ढाँट्नै पर्छ ।

**अर्जुन श्रेष्ठ, मोडल**

धेरै ढाँटेको छु । स्कुलमा गुरुहरूलाई, घरमा आमासँग । विशेष गरी श्रीमतीसँग । कहिलेकाहीँ साथीभाइहरूसँग बस्दा ढिला हुन्छ, म्युजिकको काम छ भनेर ढाँटेको छु ।

**योगेश काजी, गायक**

अरूलाई हानि नहुने, तर आफूलाई असर पर्ने खालका कुरामा झूट बोलेकी छु । जस्तै, स्कुलमा होमवर्क नगरेको दिन कापी ल्याउन बिर्सिएँ भनेकी छु । घरमा कलेज जाने भनेर फिल्म हेर्न गएकी छु । धेरै कपडा किनेका बेला मामुको गाली नखान साथीले किनिदिएको भनेकी छु ।

**अनुपमा भण्डारी, अभिनेत्री**

कलेज पढ्दा मैले एउटा गल्ती गरेकी थिएँ, जुन कुरा मेरो ब्वाइफ्रेन्डले थाहा पायो अनि उसले घरको नम्बर देऊ भन्यो । घरको नम्बर दिन डर लागेर साथीको नम्बर दिएको, त्यो नम्बर साथीको बाबाले उठाउनुभएछ । अनि त बबालै भयो नि, त्यो झूट कहिल्यै बिर्सन सक्दिनँ म ।


**सृष्टि खड्का, मोडल**

मैले आफ्नो मिल्ने साथीलाई तिम्री गर्लफ्रेन्डको विवाह पक्का भएछ भनेर राम्रैसँग ढाँटें । त्यसपछि उसले गर्लफ्रेन्डसँग बोलचाल नै बन्द गर्‍यो । पछि यथार्थ थाहा पायो अनि अचम्मित भयो ।

**पुर्खे बा, हास्यकलाकार**

ढाँट्न त धेरै पटक ढाँटियो तर सधैं राम्रो कुराका लागि मात्र । यदि ढाँटेर कसैलाई हानि हुँदैन भने किन नढाँट्नु ?

**विधान कार्की, निर्देशक**







ढाँटेकी छु नि ! कहिले जानेर ढाँटेकी छु भने कहिले नजानेर । यद्यपि ढाँटेर कसैको भलोचाहिँ हुँदैन ।

**कविता गौतम, मोडल**

धेरै पटक ढाँटेको छु । मानिसले आफ्नो जीवनको विभिन्न कालखण्डमा कहिले बाध्यताले त कहिले रहरले ढाट्नुपर्दो रहेछ । विशेष गरी अहिलेभन्दा पनि बाल्यकाल धेरै ढाँटेको छु ।

**ज्याक श्रेष्ठ, अभिनेता**

हाम्रो रुमको साइडमा एक जना दाइ बस्नुहुन्थ्यो । अप्रिल फूलको दिन थियो । मैले उहाँलाई बाहिरबाट दाइ आउँदै हुनुहुन्छ, तुरुन्त बसपार्क लिन जानुस् रे भनें । उहाँ तुरुन्तै बसपार्कतर्फ लाग्नुभयो अनि त्यहाँ तीन घण्टाजति कुर्नुभयो । दाइ नआएर घर फर्किएपछि मात्र उहाँलाई ढाँटेको कुरा थाहा भयो अनि मज्जाले गाली खाइयो । त्यसपछि अप्रिल फूलका दिन कसैलाई ढाँटेको छैन । बाँकी साथीहरूसँग हंसिमजाक त चलिरहन्छ नि ।


**अमृत ढुंगाना, अभिनेता**

सानातिनो ढाँट्ने काम त जसले पनि गर्छ । मैले आफ्नो जीवनमा धेरैजसो श्रीमतीलाई नै ढाँटेको छु । खासमा श्रीमतीलाई नढाँटी पनि नहुने । कहिले साथीभाइहरूले पार्टीमा बोलाउँछन्, कहिले आफ्नै व्यक्तिगत कामले बाहिर जानुपर्छ । श्रीमतीलाई बताएरसाध्य नहुने । अर्को कुरा, साथीभाइहरूले पैसा सापटी माग्दा सेयरमा लगानी गरेको छु, अहिले मसँग पैसा छैन भन्दै ढाँट्ने चलन त अझै पनि छ ।

**कमलमणि नेपाल, अभिनेता**







एउटा अर्न्तवार्ताका लागि बोलाएको बोलायै थिए । टाढा भएकाले जान झ्याउ लाग्यो । एक दुई दिनमा गरौं न भनें । दुई दिनपछि फोन गरे उनले । मैले त्यो दिन छोरी जन्मिइन, आउन सकिनँ सरी भनें । अर्को वर्ष छोरी जन्मिएपछि तिनै व्यक्तिले फोन गरेर बधाई दिए । अनि उनले भने, पोहोर पनि छोरी पाउनुभो, अहिले पनि । प्रत्येक वर्ष किन बच्चा पाउनुभा'को भनेर प्रश्न गरे उनले ।

**एकनारायण भण्डारी, गीतकार**

खासै ढाँट्ने बानी छैन । साथीभाइहरूसँग अलि-अलि मजाक गर्नु त सामान्य भैहाल्यो । म त्यस्तै खालको वातावरणमा हुर्किएँ, बढे । यहाँसम्म आउँदा ढाँटेर केही बर्बाद गरेजस्तो लाग्दैन ।

**ईश्वर बल्लभ उप्रेती, मोडल**

## ह्याप्पी बर्थ डे



उदेश श्रेष्ठ
चैत १६ गते



विश्व बस्नेत
चैत १६ गते



कर्ण शाक्य
चैत १६ गते




सुवास रेग्मी
चैत १७ गते



नवराज श्रेष्ठ
चैत १७ गते



अभिनाश घिसिङ
चैत १७ गते




मोहन निरौला
चैत १७ गते



असिम शाह
चैत १८ गते



रेम रसाइली
चैत १८ गते



वसन्त सापकोटा
चैत १८ गते



टीका पहारी
चैत १८ गते



मनिष शाक्य
चैत १८ गते



दीपेन्द्र के खनाल
चैत २० गते



अमिन पाण्डे
चैत २१ गते




सुदिप सागर
चैत २१ गते



ओम प्रतिक
चैत २१ गते



सुभेच्क्षा थापा
चैत २२ गते



अनुप बराल
चैत २१ गते

कुराकानी



■ बद्री पंगेनी, लोकगायक

# दोहोरी गीतको प्रवर्द्धन नै हाम्रो उद्देश्य

**राष्ट्रिय लोक दोहोरी प्रतियोगिता कसरी चलिरहेको छ ?**

राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपालले हरेक वर्ष आयोजना गर्दै आएको यो प्रतियोगिताको नयाँ संस्करण यही बुधबार काठमाडौंमा प्रारम्भ भएको छ । चार दिने यो महोत्सवको आज शुक्रबार तेस्रो दिन हो भने भोलि यसको समापन हुनेछ ।

**यो प्रतियोगिताको मुख्य उद्देश्य के हो ?**

लोक तथा दोहोरी गीतको प्रवर्द्धन तथा प्रचार-प्रसार नै प्रतियोगिताको मुख्य उदेश्य हो । यसका साथै यो प्रतियोगितासँग हाम्रो एउटा स्वार्थ पनि जोडिएको छ, प्रतिष्ठानको आफ्नै भवन बनाउने । कार्यक्रमबाट उठेको रकमले भवन निर्माणमा सहयोग पुग्ने अपेक्षा गरेका छौं ।

**प्रतियोगितामा कलाकारहरूको सहभागिता कस्तो छ ?**

हरेक वर्ष प्रतिस्पर्धि गायक-गायिका तथा लोक दोहोरी समुहहरूको संख्या बढिरहेको छ । सहभागिहरूको संख्या बढेकै कारण हामी हरेक वर्ष थप उत्साहका साथ यो प्रतियोगिता सञ्चालन गरिरहेका छौं । यो वर्ष ३२ वटा टिमको सहभागिता छ । सहभागी प्रत्येक प्रतिस्पर्धी एक से एक हुनुहुन्छ ।

**आमदर्शकबाट कस्तो प्रतिक्रिया पाइरहनुभएको छ ?**

कार्यक्रममा दर्शकहरूको सहभागिता पनि उत्साहजनक छ । दर्शकहरूको बाक्लो उपस्थितिबाट पनि कार्यक्रमको प्रभाव आंकलन गर्न सकिन्छ । यसपटक दर्शकहरूको संख्या पनि बढी छ ।

**भविष्यको योजना के छ ?**

प्रतिष्ठानको आफ्नै भवन निर्माण गर्नु हाम्रो प्राथमिकता हो । त्यसका साथै हामी दोहोरी गीत तथा नृत्यको कक्षा सञ्चालन गर्ने, लोक तथा दोहोरी गीतको पाठ्यक्रम निर्माण गर्ने अनि कक्षा सञ्चालन गर्ने अर्को अभियानमा पनि छौं । नेपाली लोकबाजाहरूको संग्राहलय, पुराना मौलिक गीत-संगीत र पुस्तकहरूको सांगीतिक पुस्तकालय, संगीत प्रशिक्षण पाठशाला, सभा, सेमिनार तथा गोष्ठीजस्ता कार्य सञ्चालन एउटै भवनभित्र अटाउने सुन्दर सपना लिएर अघि बढेका छौं । हामीले राज्यले संगीत विकास बोर्ड, सेन्सर बोर्ड आदिको स्थापना गर्नुपर्ने माग पनि राखेका छौं । त्यसो हुन सक्यो भने लोक दोहोरी गीतमा प्रयोग गरिने अश्लील शब्द तथा अपाच्य नृत्य स्वत: नियन्त्रण हुँदै जानेछन् ।

पहिलो हिट

# नाइँ मलाई थाहा छैन



२०६१ सालदेखि सांगीतिक क्षेत्रमा सक्रिय गायिका हुन्- टीका प्रसाईं । २०६२ सालमै रेडियो नेपालमा स्वर परीक्षा उत्तीर्ण गरेकी यी गायिकाले हालसम्म ३ सयभन्दा बढी गीतमा स्वर दिइसकेकी छिन् । यद्यपि उनलाई दर्शक तथा श्रोतामाझ चिनाउने गीत बन्यो- 'नाइँ मलाई थाहा छैन ।' उक्त युगल गीतमा गायिका प्रसाईंसँगै गायक सञ्जिव पराजुलीको पनि स्वर सुनिन्छ । गायिका प्रसाईंले आफ्नो एकल एल्बम 'सँगसँगै' का लागि गायक पराजुलीसँग गाएको 'तिमी मलाई मन पर्छ' गीत लोकप्रिय भएपछि अर्को एउटा राम्रो गीतको खोजी गर्न थालिन् । संगीतकार आशिष अविरलले उनलाई एउटा गीतको धुन सुनाए । पहिलो पटक सुन्दैमा उनलाई उक्त धुन मन पर्‍यो । अविरलकै पहलमा गीतकार एकनारायण भण्डारीले गायिका प्रसाईंलाई एउटा गीतको टुक्रा सुनाए-नाइँ मलाई थाहा छैन । अविरलको धुनमा ती शब्द ठ्याक्कै मिलेपछि गायिका प्रसाईं तथा गायक पराजुलीले गीत रेकर्ड गराए । पहिलो पटक रेकर्ड गरिएको गीत केही स्लो थियो । भिडियोमा कार्टुन्ज क्रू फिचर हुने भएपछि गीतलाई क्लब मिक्स गरेर फास्ट बनाइयो । परिणाम उक्त गीतको भिडियो एक वर्षको अवधिमा २ करोड १८ लाख ७७ हजार भन्दा बढी पटक हेरिएको छ । गीत र भिडियोको लोकप्रियतासँगै गायिका प्रसाईं पनि व्यस्त भएकी छिन् ।

■ टीका प्रसाईं, गायिका

ट्रेन्डिङ



■ अर्जुन अधिकारी, निर्देशक

# नम्बर वानको खुसी

मैले आजसम्म सयौं म्युजिक भिडियो निर्देशन गरिसकेको छु । यो अवधिमा मैले निर्देशन गरेका थुप्रै म्युजिक भिडियो युट्युब ट्रेन्डिङको टप टेन भित्र पर्न सफल छन् । यसपटक मैले पहिलो पटक ट्रेन्डिङको पहिलो स्थानमा पुगेको म्युजिक भिडियोको निर्देशक बन्ने सुखद अनुभव गर्न पाएँ । नेपाल आइडल बुद्ध लामाको पहिलो वास्तविक गीत (तिमी साथ भएपछि...) भएकाले पनि दर्शकले यसलाई रुचाउनुभएको हो । हरि लम्सालको संगीत तथा सुरेश वाग्लेको शब्दको उक्त गजलको भिडियोलाई उत्कृष्ट बनाउनु मेरा लागि चुनौती पनि थियो । बुद्ध लामाको पहिलो गीतको प्रतीक्षा व्यग्रताका साथ भैरहेको छ भन्ने कुरा मैले राम्रोसँग बुझेको थिएँ । त्यसैले पनि मैले यसमा कुनै कमी-कमजोरी गर्नु हुँदैनथ्यो । गोदावरी भिलेज रिसोर्टमा मैले पहिलो पटक रातभर लगाएर यसको छायांकन गरें । राति ९ बजेदेखि बिहान ६ बजेसम्म छायांकन गर्ने क्रममा अभिनेता पल शाह तथा अभिनेत्री आँचल शर्माले पनि उत्तिकै उत्साहका साथ काम गरे । भिडियो छायांकन भएको केही दिनमै सम्पादक निशान घिमिरेले सम्पादन गरेर युट्युबमा अपलोडका लागि तयार पारे । गीतकार वाग्लेको गजल गृहको युट्युब च्यानलबाट अपलोड भएको पहिलो २४ घण्टामै ३ लाखभन्दा बढी पटक हेरिएको यो भिडियो त्यसपछिको केही दिनमै ट्रेन्डिङको पहिलो स्थानमा पुग्यो । यो भिडियो अहिलेसम्म ८ लाख ८५ हजारभन्दा बढी पटक हेरिएको छ ।

म्यूजिक डायरी



देविकाको एकल गायन : भैरहवामा आयोजित आफ्नो एकल गायन कार्यक्रममा गीत गाउँदै गायिका देविका बन्दना ।

## अञ्जुको सहयोग

गायिका अञ्जु पन्तले अञ्जु पन्त फाउन्डेसनमार्फत समाजका विपन्न वर्गलाई सहयोग गर्न थालेकी छिन् । यस क्रममा उनले मकवानपुरको खैराङस्थित एउटा चेपाङ बस्तीमा पुगेर १ सयवटा ब्ल्याङकेट तथा खाद्य सामग्री प्रदान गरिन् । उक्त बस्तीका बासिन्दामा शिक्षा र स्वास्थ्य चेतना समेत विकसित नभएको अनुभव गरेपछि आफूले सहयोगको हात अघि बढाएको गायिका पन्तले बताएकी छिन् ।

## भिडियोमा आस्था

मिसेज नेपाल यूकेको उपाधि विजेता आस्था जोशी म्युजिक भिडियोमा देखा परेकी छिन् । सञ्चारकर्मी कुशल श्रेष्ठद्वारा निर्देशित म्युजिक भिडियोमार्फत उनी अभिनयमा आएकी हुन् । आस्थाले टंक बुढाथोकीको स्वर तथा संगीतको किन हेर्‍यौ फर्किएर गीतको भिडियोमा उक्त गीतका गीतकार सर्वेन्द्र अधिकारीसँगै अभिनय गरेकी छिन् ।

## कोरियामा निर्देशन

हाङ चेम्जोङ कोरियाका विभिन्न रमणीय स्थलहरू समेट्दै नेपाली म्युजिक भिडियोहरू निर्देशन गरिरहेका छन् । पाँचथरका चेम्जोङले हालसम्म राजेशपायल राई, मेलिना राई, कला राई, रजिना रिमाल, स्वरुजराज आचार्य, प्राश्ना शाक्य आदि गायक-गायिकाले गाएका गीतको म्युजिक भिडियो निर्देशन गरिसकेका छन् । चेम्जोङ दक्षिण कोरियाको एक मात्र नेपालीभाषी रेडियो अनलाइन गोर्खालीका स्टेसन म्यानेजर हुन् ।

## सम्मानको घोषणा

लुनकरणदास गंगादेवी चौधरी साहित्य कला मन्दिरले विभिन्न सम्मान घोषणा गरेको छ, जसअन्तर्गत संगीतकार शुभबहादुर सुनामलाई नारायणगोपाल संगीत सम्मानबाट सम्मानित गर्न लागिएको छ । अन्य सम्मानअन्तर्गत आख्यानकार भागिरथी श्रेष्ठलाई गंगादेवी चौधरी स्मृति सम्मान, इतिहासकार प्रेम खत्रीलाई इतिहासशिरोमणि बाबुराम आचार्य शोध सम्मान तथा कवि एवं गीतकार दुर्गालाल श्रेष्ठलाई सरस्वती सम्मान प्रदान गरिनेछ । चित्रकार शशिकला तिवारीलाई अरनिको ललितकला सम्मान, रंगकर्मी मिथिला शर्मालाई बालकृष्ण सम रंग सम्मान तथा सञ्चारकर्मी फूलमान बलललाई नेपाल नवप्रतिभा सम्मान प्रदान गरिने मन्दिरले जनाएको छ । यो सम्मान वैशाख २७ गते हस्तान्तरण गरिने कला मन्दिरद्वारा जारी विज्ञप्तीमा उल्लेख छ ।

विमोचन /प्रिमियर



## अमर भावना

कवि तथा गीतकार अमर बान्तवाले रचना गरेका गीतहरूको एल्बम 'अमर भावना' काठमाडौंमा सार्वजनिक भएको छ । राजु सिंह, न्यू बज्राचार्य, शान्तिराम राई, राज सागर, पारस मुकारुङ तथा मनोज थापाद्वारा संगीतबद्ध उक्त एल्बममा अञ्जु पन्त, एड्रिन प्रधान, उदय सोताङ, राजेश पायल राई, राज सागर, स्वरूपराज आचार्य तथा बानिका प्रधानको स्वर सुन्न सकिन्छ । एल्बम विमोचन समारोहमा एल्बमका चारवटा गीतको म्युजिक भिडियोसमेत सार्वजनिक गरिएको थियो ।

## दाइ नभन्नु ल

गायक तथा संगीतकार कालीप्रसाद बाँसकोटाको स्वरको 'दाइ नभन्नु ल...' गीतले दर्शक तथा श्रोताहरूको मन जितिरहेको छ । एकतारे र अनिल शर्माको शब्द तथा सुशान्त गौतमको संगीतको यो गीतको भिडियोलाई सन्देश जंग राणाले निर्देशन गरेका छन्, जसमा सरस्वती श्रेष्ठ तथा आभाष जोशीको अभिनय छ ।

## पहिलो किरण

गीतकार गोविन्द गौतमले रचना गरेका गीतहरूको एल्बम 'पहिलो किरण' कीर्तिपुरस्थित सगरमाथा फाउन्डेसनद्वारा सञ्चालित हेल्पलेस चिल्ड्रेन होमका बालबालिकाले विमोचन गरेका छन् । एल्बममा विकास चौधरीको एकल संगीतका गीतहरू समावेश छन् । एल्बमका गीतमा अञ्जु पन्त, प्रमोद खरेल, मनोज सेवा, विकास चौधरी, उषा मलाह, सुनिल राई आदि गायक-गायिकाको स्वर सुन्न सकिन्छ ।

## फिल्मी डायरी

### ११ लाखको गीत

प्रहरीले 'कृ' का निर्माता सुवास गिरी र शम्भु प्रधानबिच ११ लाखमा मिलापत्र गराएको छ। मिलापत्रसँगै हिरासतमा रहेका निर्माता गिरीलाई प्रहरीले रिहा गरेको छ। चलचित्रमा समावेश 'उकालीमा अघिअघि' गीत चोरीको आरोपमा मंगलबार साँझ अनुसन्धानका लागि प्रहरीले निर्माता गिरीलाई हिरासतमा लिएको थियो। २०४० सालमा प्रदर्शनमा आएको अभिनेता भुवन केसी अभिनीत तथा शम्भु प्रधान निर्मित एवं निर्देशित चलचित्र 'सम्झना' मा समावेश उक्त गीत बिनाअनुमति चलचित्र 'कृ' मा राखिएको भन्दै केही साताअघि काठमाडौं प्रहरी परिसर, टेकुमा निर्देशक प्रधानले जाहेरी दर्ता गराएका थिए।

### कुप्रथा अन्त्यका लागि

मान्छे बोक्सी हुन्न कहिले, राष्ट्रिय जागरण प्रतिष्ठान नेपालले चलचित्र अग्निदहनको निर्माण सम्पन्न गरेको छ। बोक्सी कुप्रथा अन्त्यको महाअभियानअन्तर्गत यो चलचित्र तयार पारिएको प्रतिष्ठानका अध्यक्ष कोविद शरण उपाध्यायले बताएका छन्।

### संघको साधारणसभा

नेपाल चलचित्र संघको ४५ औं साधारणसभा सम्पन्न भएको छ। संघका अध्यक्ष प्रदीप उदयको अध्यक्षता तथा प्रदेश नम्बर ५ का मुख्यमन्त्री शंकर पोखरेलको प्रमुख आतिथ्यतामा सम्पन्न साधारणसभा नेपाली चलचित्र तथा बक्सअफिस प्रणालीमा केन्द्रित रहयो। सभामा उपस्थित देशभरका हल सञ्चालकहरूले चलचित्र विकास बोर्डले सुरु गरेको बक्सअफिस प्रणालीलाई सकारात्मक रूपमा लिएको बताइएको छ।

### लम्फूको प्रतियोगिता

२०७५ वैशाख २८ गते देशभर प्रदर्शनमा आउने चलचित्र लम्फूमा समावेश सुको नहोस् यारको गीतमा कभर डान्स प्रतियोगिता हुने भएको छ। उक्त कभर भिडियो वैशाख २० गतेसम्म हाइलाइट्स नेपालमा पठाइसक्नुपर्नेछ। यो प्रतियोगिताका विजेताले ५० हजार रुपैयाँका साथमा अन्य आकर्षक उपहारहरू प्राप्त गर्ने निर्देशक गोपालचन्द्र लामिछानेले बताएका छन्।

### चंगा चेटको मुहूर्त

आयुष्मान देशराज जोशी तथा प्रियंका कार्कीको प्रमुख भूमिका रहने चलचित्र चंगा चेटको छायांकन प्रारम्भ भएको छ। दीपेन्द्र के. खनालले निर्देशन गर्ने यो चलचित्रमा अर्पण थापा, ऋचा शर्मा, परमिता आरएल राना, आसिफ शाह आदिको समेत अभिनय रहनेछ।

### खुपीका बा माग्ने

कलाकार कमलमणि नेपाल नयाँ चलचित्र लखपति माग्नेमा माग्नेको भूमिकामा इन्ट्री भएका छन्। हास्यटेलिसिरियल 'भद्रगोल' मा खुपीका बाका रूपमा सुपरिचित नेपाललाई चलचित्र निर्माण टिमले केही समयअघि मात्र चलचित्रमा अनुबन्धित गरेको हो। हाल छायांकन भैरहेको यो चलचित्रलाई नेपालकै पहिलो महिला सिनेम्याटोग्राफर सवनम मुखियाले निर्देशन गरिरहेकी छिन्।

### नाइँ नभन्नु ल-५

झापाको बिर्तामोडबाट चलचित्र नाइँ नभन्नु ल-५ को छायांकन प्रारम्भ भएको छ। निर्देशक विकास आचार्यको नजरमा परेका अभिषेक नेपाल यही चलचित्रबाट ठूलो पर्दामा पदार्पण गर्दैछन्। चलचित्रमा अभिषेक र स्वस्तिमा खड्काको जोडी रहनेछ। चलचित्रमा दिलीप रायमाझी, केकी अधिकारी, प्रियंका कार्की आदिले पनि महत्वपूर्ण भूमिमा निर्वाह गर्दैछन्।

### कृ-२ पक्का

चर्चित अभिनेता अनमोल केसीलाई लिएर चलचित्र कृ-२ निर्माण हुने भएको छ। चलचित्र क्याप्टेनको छायांकनमा व्यस्त अभिनेता केसीले क्याप्टेन पछि कृको सिक्वेलमा काम गर्ने पक्का भएको हो। चलचित्रका निर्माता सुवास गिरीका अनुसार यो चलचित्रको छायांकन बेलायतमा गरिनेछ।

### आठ देशमा ब्लाइन्ड रक्स

बायोपिक चलचित्र ब्लाइन्ड रक्स विभिन्न देशमा प्रदर्शित हुने भएको छ। बेलायत र अमेरिकासँगै सिंगापुर, अस्ट्रेलिया, क्यानाडा, साइप्रस, ब्रुनाई, जर्मनी आदि देशमा चलचित्रको प्रदर्शन हुने निश्चित भैसकेको बताइन्छ। यो चलचित्र दृष्टिविहीन युवती सृष्टि केसीको जीवनमा आधारित छ, जसलाई मिलन चाम्सले निर्देशन गरेका छन्।



नयाँ जोडी : असार २९ गतेदेखि प्रदर्शन हुने ऋषिराज आचार्यद्वारा निर्देशित चलचित्र 'ड्रिमगर्ल' को एउटा दृष्यमा अभिनेता आकाश श्रेष्ठ तथा अभिनेत्री आश्मा गिरी।

### डी फोर डान्स

हाल चलचित्र रामकहानीको छायाँकनमा व्यस्त निर्देशक सुदर्शन थापाले नयाँ चलचित्र डी फोर डान्स निर्माण गर्ने भएका छन्। हरेक चलचित्रमा अभिनेत्री पूजा शर्मालाई नायिका लिने सुदर्शनले यो चलचित्रमा पनि पूजालाई नै दोहोऱ्याएका छन्।

### डामाडोलका कुरा

चलचित्र दुई रुपैयाँको टिमले डामाडोल निर्माण गर्ने भएको छ। चलचित्रमा निश्चल बस्नेत एवं आशिफ शाह मुख्य भूमिकामा प्रस्तुत हुनेछन् भने अभिनेत्रीमा स्वस्तिमा खड्का अनुबन्धित भएको बताइएको छ। वैशाख १५ गते छायांकन सुरु हुने डामाडोललाई असिमले नै निर्देशन गर्दैछन्।

### रोजीमा प्रदीप

अभिनेता प्रदीप खड्काले गोपीकृष्ण मुभिजको नयाँ चलचित्र रोजीमा काम गर्ने भएका छन्। यो चलचित्रलाई निरक पौडेलले निर्देशन गर्दैछन्। निरकले चलचित्र कुसुमे रुमाल-२ तथा होमवर्कको निर्देशन गरिसकेका छन्। चलचित्रसम्बन्धी विस्तृत जानकारी केही दिनमै सार्वजनिक गरिने जानकारी निर्देशक पौडेलले दिएका छन्।

### नरसिंहाको च्यारिटी शो

प्रदर्शनका लागि तयार चलचित्र नरसिंहाको सार्वजनिक प्रदर्शन च्यारिटी शोबाट प्रारम्भ हुने भएको छ। मोनिका बस्नेतले निर्माण गरेको चलचित्र नरसिंहाको च्यारिटी शो काठमाडौं र रौतहटमा हुन लागेको हो। निर्माण टिमले च्यारिटी शोमार्फत संकलन भएको रकमको ५० प्रतिशत अपांग, असहाय, अशक्त बालबालिका तथा बृद्धका लागि सहयोग गर्ने निर्माता मोनिका बस्नेतले बताइन्।

## सानो पर्दा



### द भ्वाइस अफ नेपाल

गायनमा आधारित रियालिटी शो द भ्वाइसको नेपाली फ्रेन्चाइज द भ्वाइस अफ नेपाल निर्माण हुने भएको छ। असारदेखि टेलिभिजन प्रसारणमा आउने उक्त शोलाई नेपाल आइडल निर्देशन गरिसकेका लक्ष्मण पौडेलको निर्देशन गर्ने छन्। निर्देशक पौडेल भन्छन्- यो प्रतियोगिता प्लेटफर्म खोजिरहेका नवप्रतिभाहरूका लागि कोसेढुंगा सावित हुनेछ। यो कार्यक्रमको एप समेत सार्वजनिक भैसकेको छ भने यो प्रतियोगिताको सञ्चालन सुशील नेपालले गर्नेछन्। प्रतियोगितामा गायकहरु दीप श्रेष्ठ, प्रमोद खरेल, सनुप पौडेल तथा गायिका अभया सुब्बा निर्णायक रहने बताइएको छ। यो प्रतियोगिताको फ्रेन्चाइजी विश्वका १ सय ९१ मुलुकमा प्रसारण भैरहेको छ।

### आशिष अब भिजे

अडिसनको चरणमा प्रवेश गरेको गायनमा आधारित रियालिटी शो नेपाल आइडलको दोस्रो संस्करणको सञ्चालन चलचित्र अभिनेता, निर्देशक तथा गायक आशिष शाहले गर्ने भएका छन्। छायांकन प्रारम्भ भैसकेको यो प्रतियोगितामा आशिषसँगै रिमा विश्वकर्मा पनि रहनेछिन्। आशिषले नेपाल आइडलको पहिलो संस्करणका सञ्चालक सुशील नेपाललाई रिप्लेस गरेका हुन्।

### अनिताको चमत्कार

हिन्दी हास्य शृङ्खला भाभीजी घर पर है हास्य सिरियलहरूमा अग्रपक्तिमा छ। यो सिरियलमा अहिलेसम्म शिल्पा सिन्देले मुख्य भूमिका निर्वाह गर्दै आएकी थिइन् भने अब सौम्या टण्डनले उनलाई रिप्लेस गर्नेछिन्। सौम्याका प्रशंसकहरूका लागि अर्को खुसीको खबर पनि छ। उनी भाभाजीबाहेक रंग च्यानलको मनोरञ्जन रातमा उद्घोषकका रूपमा समेत देखा पर्ने पक्का भएको छ। मनोरञ्जन रातको सञ्चालन आरजे मलिष्काले गर्दै आएकी थिइन्।

## ट्रेलर/गीत

### कोहलपुर एक्सप्रेसको ट्रेलर

केकी अधिकारीले निर्माण गरेको चलचित्र कोहलपुर एक्सप्रेसको ट्रेलर सार्वजनिक भएको छ। विशाल भण्डारी निर्देशित कोहलपुर एक्सप्रेसको ट्रेलरमा केकी अधिकारी, ऋचा शर्मा, प्रियंका कार्की, बुद्धि तामाङ, रवीन्द्र झा, विनोद न्यौपाने, कशाग्र भट्टराई आदि कलाकारहरू देखिन्छन्। वैशाख १४ गते प्रदर्शनमा आउने यो चलचित्रको गीत सिओडब्लू काउ हिट भैसकेको छ।




### लिलिबिलीको गीत

चलचित्र लिलिबिलीको तेस्रो गीत सार्वजनिक भएको छ। हावासरि शीर्षकको उक्त गीत टर्कीको स्तानबुलमा खिचिएको हो। गीतमा अभिनेता प्रदीप खड्का तथा अभिनेत्री प्रियंका कार्कीले अभिनय गरेका छन्। प्रदीप र प्रियंकाको केमेस्ट्रीसँगै स्तानाबुलको दृश्य यो गीतको मुख्य आकर्षण हो। गीतमा एसडी योगी र मेनुका पौडेलको स्वर सुन्न सकिन्छ भने त्यसमा दीपेन्द्र घिमिरेको शब्दमा गायक योगीले नै संगीत भरेका छन्। मिलन चाम्स निर्देशित चलचित्र लिलिबिली चैत ३० गते सार्वजनिक प्रदर्शनमा आउनेछ।

### भैरेको गीत

चलचित्र भैरेको गीतको भिडियो सार्वजनिक भएको छ। २०७५ जेठ १८ गते प्रदर्शनमा आउने उक्त चलचित्रको दोस्रो गीत 'सनम माया लाको' मा दयाहाङ र सुरक्षा पन्त फिचरिङ छन्। सूर्य बोहराको शब्दको उक्त गीतमा यम बरालले संगीत भरेका छन् भने त्यसमा यम र अञ्जु पन्तको स्वर सुन्न सकिन्छ।

### “हरि” को ट्रेलर

अभिनेता विपिन कार्की अभिनीत चलचित्र 'हरि' को ट्रेलर सार्वजनिक भएको छ। युट्युबमार्फत सार्वजनिक गरिएको उक्त ट्रेलरमा अभिनेता विपिन कार्की भिन्न रूपमा प्रस्तुत भएका छन्। ट्रेलरसँगै हरिको प्रदर्शन मिति पनि सार्वजनिक गरिएको छ। सफल केसी र प्रतीक गुरुङको संयुक्त लेखन एवं निर्देशनमा तयार पारिएको हरि आउँदो जेठ ४ गते प्रदर्शनमा आउने बताइएको छ। चलचित्रमा विपिनसँगै सुनिता श्रेष्ठ ठाकुर, कमलमणी नेपाल, थिन्ले लोह्मो, लक्ष्मी बर्देवा आदि कलाकारले अभिनय गरेका छन्।

प्रसंग

# वन्डरफूल
# अप्रिल फूल







कृष्ण भट्टराई

अंग्रेजी महिना अप्रिलको पहिलो दिन अर्थात् अप्रिल १ तारिखलाई अन्तर्राष्ट्रिय रूपमा मूर्ख दिवसका रूपमा मनाइन्छ । युरोप तथा पश्चिमका थुप्रै देशमा अप्रिल फूलका दिन मानिसहरूलाई विभिन्न कुरा गरेर अथवा सुनाएर मुर्ख बनाउने प्रयास गरिन्छ । यदि कसैको कुरामा कोहि झुक्कियो भने उसलाई अप्रिल फूलको संज्ञा दिइन्छ । नेपालमा अप्रिल फुल मनाउने प्रचलन न्यून रूपमै भए पनि दशकौं पहिलेदेखि चलिआएको छ । सामाजिक सञ्जालको बढ्दो प्रयोगसँगै पछिल्ला वर्षहरूमा अप्रिल फूल मनाउने चलन बढेको छ । अप्रिल फूल मनाउने प्रचलन कला-संगीतको क्षेत्रमा पनि उत्तिकै छ ।

अभिनेता तथा निर्देशक दीपकराज गिरीसँग अप्रिल फूलसम्बन्धी थुप्रै अनुभव छन् । 'मलाई धेरैले धेरै पटक अप्रिल फूल बनाए,' दीपकराज भन्छन्– धेरैजसो अप्रिल फूलमा दुर्घटना भयो भन्ने समाचार सुनाएर अस्पतालसम्म दौडाएका छन् । अस्पताल पुगेर बिरामी खोज्दा नभेटेपछि आफू अप्रिल फूल बनेको उदाहरण पनि छन् ।' दीपकराजका अनुसार उनी मात्र अप्रिल फूल बनेका होइनन्, कतिपय अवस्थामा उनले पनि धेरैलाई अप्रिल फूल बनाएका छन् ।

'मैले एक पटक मनकामनाको प्रसाद भन्दै झुक्याएको थिएँ, दीपकले सम्झिए- 'प्रसादका रूपमा गुलियो मिश्री हो भन्दै मैले नूनको ढिक्का खान दिएको थिएँ, मिस्री भनेर नुन टोकाउन त सफल भएँ, तर त्यसको झन्डै एक घण्टा गाली खाएँ । यद्यपि अप्रिल फूल बनाउन पाएकोमा म भित्र-भित्रै खुसी थिएँ ।'

अभिनेत्री केकी अधिकारीलाई स्कुलमा धेरैले अप्रिल फूल बनाउने प्रयास गरेका छन् । त्यसको ठिक विपरित केकीले नै धेरै जनालाई अप्रिल फूल बनाइदिएकी छिन् । यद्यपि एक पटक आफैलाई अप्रिल फूल बनाइएको एउटा रमाइलो प्रसंग उनी बिर्सन सक्दिनन् । केकी भन्छिन्- 'होस्टलमा बसेका बेला उनी अध्ययनरत स्कुल दस मिनेटको पैदल यात्रापछि पुगिन्थ्यो । स्कुलमा मेरै आमा इन्चार्ज हुनुहुन्थ्यो । त्यो दिन अप्रिल १ रहेछ, एक जना साथीले होस्टलमा आएर तिमीलाई आमाले तुरुन्तै बोलाउनु भएको छ । जसरी भए पनि स्कुल पुग रे भन्यो । म दौडिँदै, आत्तिदै स्कुल पुगें । त्यहाँ पुगेपछि पो थाहा पाएँ, आमाले मलाई बोलाउनु भएको होइन रहेछ । मलाई साथीहरूले पो मूर्ख बनाएका रहेछन् ।'

मोडल मनिता ढुंगेल भने अप्रिल फूल आउनुभन्दा केही दिन अघिदेखि नै आफूलाई कसैले झुक्याउँछन् कि भनेर सचेत हुन्छिन् । 'पहिले नै सचेत भयो भने कसैले पनि मूर्ख बनाउन सक्दैनन्, मनिताको अनुभव छ । ढुंगेल भन्छिन्-'अरुले मूर्ख नबनाएकाले होला मैले पनि कसैलाई मूर्ख बनाउने हिम्मत गरेकी छैन ।'

निर्देशक मिलन चाम्सलाई पनि केही साथीले अप्रिल फूल बनाउने प्रयास गरेका थिए । यद्यपि उनले केही मिनेटकै अन्तरमा आफूलाई साथीहरूले झुक्याउन खोजेको कुरा थाहा पाए । मिलन भन्छन्- 'अहिले त सामाजिक सञ्जालहरूका कारण अप्रिल फूल आउनुभन्दा केही दिन अघिदेखि नै यसको चर्चा हुने भएकाले हत्तपत्त कसैले मूर्ख बनाउन सक्दैन ।'

अभिनेता एसराज गराचको अनुभव केही पृथक् छ । एसराज भन्छन्-'म एक्लै भन्दा पनि कक्षा ११ मा अध्ययरत छँदा एकजना साथी (ऊ अहिले यो संसारमै छैन) ले हाम्रो पूरै कक्षालाई नै अप्रिल फूल बनाइदिएको थियो । उसले आफ्नो बर्थडे मनाउने भनेर पूरै कक्षाका विद्यार्थीलाई न्युरोडस्थित एनडिज डेरीमा बोलाएको थियो । कक्षाका तीन-चार जना बाहेक हामी सबै साथी उपहार बोकेर एनडिज पुग्यौं । त्यहाँ पुगेपछि पो हामी सबै मूर्ख बनाइएका रहेछौं भन्ने थाहा भयो । किनभने उक्त दिन अप्रिल १ थियो । यद्यपि भोलिपल्ट त्यो साथीले सबैलाई खाजा ख्वाउनुपर्‍यो ।'

मोडल तथा गायिका सृजना गुरुङसंग भने अप्रिल फूलको दोहोरो अनुभव छ । उनले अरुलाई पनि मूर्ख बनाएकी छिन् भने आफू पनि अप्रिल फूल भएकी छिन् । गुरुङ भन्छिन्-'सानो छँदा स्कुलमा साथीहरूसँग अप्रिल फूल बनाउने प्रतिस्पर्धा नै चल्थ्यो । हामी आफैंसँग पढ्ने साथीहरूलाई मूर्ख बनाउने दिन कुरेर बस्थ्यौं । कहिलेकाहिं अरुलाई मूर्ख बनाउने कुरामा सचेत हुँदा हुँदै आफैं मूर्ख बनिन्थ्यो ।' सृजनाका अनुसार उनका केही साथी क्रिस्चियन पनि थिए, उनीहरूलाई मूर्ख बनाएको मन पर्दैनथ्यो । जिसस क्राइस्टसंग सम्बन्धित एउटा विशेष दिन भएकाले पनि होला ती साथीहरू अप्रिल फूलको दिन तर्किएरै बस्थे । सृजनाले आफ्नो उमेरका साथीहरूसँग अप्रिल फूल मनाउनु ठीकै भए पनि कसैलाई घात हुने शैलीमा मूर्ख बनाउनु नहुने रहेछ भन्ने कुरा बल्ल बुझ्न थालेकी छिन् । 'अप्रिल फूलको मौका पारेर हल्का रमाइलो गर्न सकिन्छ, सृजना भन्छिन्- 'तर गम्भिर कुरामा ठट्टा गर्ने गल्ति भने कसैले पनि गर्नु हुँदैन ।'

गायक मदन गोपाल साथी-भाइसंग रमाइलो ठट्टा गर्न अप्रिल फूल कुर्नै पर्दैन भन्छन् । 'अहिलेसम्म मलाई कसैले पनि अप्रिल फूल बनाउन सकेको छैन, मदन भन्छन्- 'मेरो प्रकृती त्यस्तो नभएर होला मैले पनि कसैलाई मूर्ख बनाउन सकेको छैन । यद्यपि प्रत्यक्ष भेटेर त्यो भन्दा रमाइलो ठट्टा चाहिँ गरिरहेको हुन्छ ।'

अभिनेता कबिर खड्काले भने एक जना साथीलाई नराम्रोसँग मूर्ख बनाएका छन् । 'अप्रिल फूलको मध्यरात एक जना साथीलाई गम्भिर हुँदै फोन गरें । फोनमा मैले उनलाई आफूलाई साह्रै गाह्रो भएको, सन्चो नभएको बताएँ, कबिर भन्छन्-'त्यो साथी म बस्ने ठाउँभन्दा निकै टाढा बस्थ्यो । मलाई सञ्चो नभएको कुरा सुनेपछि ऊ राति नै मलाई अस्पताल लान ट्याक्सी लिएर आइपुग्यो । आफूलाई अप्रिल फूल बनाएको कुरा थाहा पाएपछि ऊ झन्डै एक हप्ता मसँग बोलेन ।'

अभिनेत्री अनु शाहलाई भने अप्रिल फूल मनाएको मन पर्दैन । 'मलाई अहिलेसम्म कसैले पनि अप्रिल फूल बनाउने हिम्मत गरेको छैन, अनु भन्छिन्- 'कसैलाई मूर्ख बनाउनु अथवा झुक्याउनु भनेको अरुलाई दुःख दिने काम हो जस्तो लाग्छ ।'






ROYAL CHALLENGE
PRESENTS
ORGANISED BY
NAZZY ENTERTAINMENTS
FARHAN AKHTAR LIVE IN NEPAL
CO-SPONSOR
TUBORG
IN ASSOCIATION WITH
AECC GLOBAL
STUDY ABROAD | VISAS | TUTORIALS
CANVAS TALENT
MEDIA PARTNER
kathmandupost
POWERED BY
Red Bull
VENUE PARTNER
HYATT REGENCY KATHMANDU
PROMOTION PARTNER
Dance-mandu Music Festival
DATE: 7TH APRIL (24TH CHAITRA)
VENUE: HYATT REGENCY KATHMANDU
TIME: 3:00 PM ONWARDS
PRESALE TICKETS: GOLD: Rs.2000/- PLATINUM: Rs. 4000/-
OPENING ACT: 11:11 NST
CONTACT: 9823494951, 9823494954
TICKET OUTLETS
QFX CINEMAS ( JAY NEPAL, CIVIL MALL, LABIM MALL )
BHATBHATENI ( BOUDHA, NAXAL )
KATHMANDU CITY ( DURBARMARG, MAHARAJGUNJ )
MONUMENTAL PARADISE GUEST HOUSE ( JHOCHHEN )
HYATT REGENCY ( BOUDHA )
OPPO SHOWROOM ( NEW ROAD )
TWO WHEELS ( SORAKHUTTE )
BIKERS NEPAL ( LAZIMPAT )
BIKERS MART ( TEKU )

विकेन्ड रेस्टुराँ

# दरबारमार्गमा एलिस





दरबारमार्ग घुम्ने क्रममा कुन रेस्टुराँ छिर्ने भन्ने द्विविधामा हुनुहुन्छ भने एलिस रेस्टुराँ एउटा उपयुक्त गन्तव्य हुन सक्छ । दुई वर्षअघि दरबारमार्गमा खुलेको एलिसमा झन्डै डेढ सय परिकार उपलब्ध छन् । यहाँको वातावरणले पनि सबैको ध्यान खिच्छ । खुला र फराकिलो एलिसमा एकैपटकमा ९० जनाभन्दा बढीले सेवा लिन सक्छन् । यहाँ रुफ टपबाट सहरको रमाइलो नियाल्दै विभिन्न परिकारको स्वाद लिन सकिन्छ । सञ्चालक नकुल शेरचनका अनुसार यो रेस्टुराँले स्वच्छ, सफा र हाइजेनिक खानेकुरा सर्भ गर्छ । १६ जना किचेन स्टाफ भएको एलिसमा ब्रेकफास्ट, लन्च तथा डिनर अर्डर गर्न सकिन्छ । यहाँ फापर, सी फुड तथा ट्राउट माछाका विभिन्न परिकारको स्वाद लिन पाइन्छ भने इटाली, चिली र अस्ट्रेलियन ब्रान्डका पेय पदार्थहरू समेत पिउन सकिन्छ ।





रेस्टुराँ : एलिस रेस्टुराँ
स्थान : दरबारमार्ग
विशेष परिकार : क्रिस्पी पोटेटो चिल्ली, ओक्रा सलाद, फापरको चिकेन मम, चिप्स, ढिंडो, ट्राउट माछा तथा सी फुडहरू ।

विकेन्ड लाइभ



## एड्रियन प्रधान

आज शुक्रबार गायक एड्रियन प्रधानले क्लब डेजाभुमा प्रस्तुति दिँदैछन् । यो लाइभ कन्सर्टमा अन्य कलाकारहरूले प्रधानलाई साथ दिने बताइएको छ ।
स्थान : क्लब डेजाभु, दरबारमार्ग
समय : ७:३० बजे

विकेन्ड ब्यान्ड

# लेकाली ब्यान्ड इन हङकङ

पोखराको पप ब्यान्ड लेकालीले अप्रिल महिनाको पहिलो दिन अर्थात् आगामी आइतबार हङकङमा प्रस्तुति दिँदैछ । लेकाली ब्यान्डका सदस्य नवीन गुरुङ, सचिन पुन, विशाल गुरुङ, कुन्दन गुरुङ, विनोद गुरुङ तथा गुप्ता गुरुङ उक्त कन्सर्टमा सहभागी हुँदैछन् । दीप गाइज हङकङद्वारा प्रस्तुत यो कार्यक्रममा लाइभ म्युजिकका साथ धन गुरुङ, अमित गुरुङ, अनिल गुरुङ तथा यान्के शेर्पाको प्रस्तुति थप आकर्षणका रूपमा रहनेछ ।
स्थान : फुलुम फिसरमेन्स वार्फ रेस्टुराँ, जोर्डन रोड, हङकङ
समय : बेलुका ८ बजे



विकेन्ड डिनर



# क्लाउड नाइनमा लाइभ म्युजिकको रमाइलो

छैटौं तलामा बसेर पोखरा वरिपरिका डाँडाकाँडा हेर्दै रमाउने अवसर क्लाउड नाइन रेस्टुराँ एन्ड बारले जुराएको छ । चिप्लेढुङ्गास्थित सेलवेज टावरमा रहेको यो रेस्टुराँमा हरेक शुक्रबार र शनिबार स्थानीय ब्यान्डहरूले वातावरण तताउँछन् । ती ब्यान्डले नेपाली, हिन्दी तथा अंग्रेजी गीत सुनाउँदै ग्राहकहरूलाई मनोरञ्जन प्रदान गर्छन् ।
स्थान : सेलवेज टावर, चिप्लेढुङ्गा, पोखरा
परिकार : चाइनिज, कन्टिनेन्टल, जापानीज, थाई, अर्गानिक कफी, हुक्का, सिसाका साथै विभिन्न ब्राण्डका मदिरा ।

विकेन्ड महोत्सव



# विन्टर म्युजिक फेस्टिभल

भोली शनिबार किर्तिपुरको ल्याबोरेटरी स्कुलमा नेपाल विन्टर म्युजिक फेस्टिभल २०१८ को आयोजना हुँदैछ । जसमा गायक नितेशजंग कुँवर, एड्रियन प्रधान, ज्यापर गिरिश खतिवडा, डिजे कुशल लगायतको उपस्थीति रहनेछ । ग्रामिण क्षेत्रका वालबालिकाहरुलाई पाठयपुस्तक पुऱ्याउन यो कार्यक्रम आयोजना गरिएको हो ।
स्थान : ल्याबोरेटरी स्कुल, किर्तिपुर
समय : २ बजे
टिकट : ५ सय रुपैयाँ

विकेन्ड गजल

# फूल मुन गजल एण्ड सुफी नाइट




भोलि शनिबार अनेकमार्ग, काठमाडौंस्थित पाउलिन्स गार्डेनमा गजल तथा सुफी संगीत सुन्न सकिनेछ ।
समय : ६:३० देखि ९:३० बजेसम्म
प्रवेश : नि:शुल्क
स्थान : पाउलिन्स गार्डेन

कविता कन्सर्ट

# नवराज पराजुलीका कविता

युट्युबमा कवि नवराज पराजुलीका कविता प्रशस्तै सुनिन्छन् । कविता सुनाउनकै लागि उनी देश-विदेशका थुप्रै ठाउँ पुगेका छन् । श्रोताले उनका कविता निकै रुचाएको पाइन्छ । गीत-संगीत मात्र होइन, नेपालमा बेला-बेला कविता कन्सर्टको पनि आयोजित गरिन्छ । भोलि शनिबार कवि पराजुलीले यस्तै एउटा कन्सर्टमा आफ्ना कविता सुनाउँदै छन् ।
आयोजक : लियो क्लब अफ काठमाडौं युरेका तथा थिएटर भिलेज
स्थान : माछापुच्छ्रे स्कुल, कुसुन्ती, ललितपुर
समय : ३:३० बजे



चलचित्र

# बागी-२




**निर्माता :** साजिद नाडियाडवाला
**निर्देशक :** अहमद खान
**संगीत :** मिथुन, आर्को, प्रावो मुखर्जी, गौरव रोशन, सन्दीप शिरोडकर, दर्शन कुमार ।
**कलाकार :** टाइगर श्राफ, दिशा पटानी, मनोज बाजपेयी, रणदीप हुड्डा, प्रतीक ।

बहु-प्रतिक्षित बलिउड चलचित्र बागी-२ आज शुक्रबार सार्वजनिक हुँदैछ । चलचित्रको कथा अनुसार एक युवती नेहा (दिशा पटानी) को बच्चाको अपहरण हुन्छ । आफ्नो बच्चा अपहरणमा परेसँगै नेहा तनावमा पर्छिन् । यसै क्रममा उनले आफ्ना पूर्वप्रेमी रोनी (टाइगर श्राफ) लाई सम्झन्छिन् । रोनी आर्मी अफिसर हुन् । नेहाले रोनीलाई आफ्नो बच्चा अपहरणमा परेको जानकारी दिँदै उसलाई छुटाउन सहयोग गर्न आग्रह गर्छिन् । नेहाको आग्रह पछि रोनी गोवा पुग्छन् । त्यहाँ रोनीको द्वन्द्व रुसी माफिया तथा लागूऔषध कारोबारीहरूसँग हुन्छ । चलचित्रमा देखाइएको आश्चर्यजनक स्टन्ट, माफियालाई पछ्याइएको अनि हवाई आक्रमणका दृश्यले दर्शकलाई रोमाञ्चित तुल्याउँछन् । यो चलचित्र बागीको सिक्वेल हो, जुन २०१६ मा सार्वजनिक भएको थियो ।

# द सेप अफ वाटर

**निर्देशक :** गुइलेर्मो डेल टोरो
**निर्माता :** जे माइल्स डेल
**कलाकार :** स्याली हवकिन्स, माइकल स्यानोन, रिचार्जड जेनकिन्स तथा डोग जोन्स ।

हलिउड चलचित्र द सेप अफ वाटर आजदेखि विश्वभर एक साथ सार्वजनिक प्रदर्शनमा आउँदैछ । १ घण्टा २३ मिनेट लामो यो चलचित्र फेन्टासी वर्गको चलचित्र हो । यो चलचित्रको कथा उच्च सुरक्षाप्राप्त प्रयोगशालामा रहेका एक संरक्षकमा आधारित छ । चलचित्र द सेप अफ वाटर सन् २०१८ को ओस्कार एवार्डमा उत्कृष्ट चलचित्रको विधामा सम्मानित भैसकेको छ । ओस्कार एवार्ड जितेकै कारण यो चलचित्रलाई बहुप्रतिक्षित मानिएको छ । अमेरिकन फिल्म इन्स्टिच्युट एवार्ड-२०१७ को मनोनयनमा समेत परेको यो चलचित्रको निर्माण २०१७ मै सम्पन्न गरिएको थियो ।



रंगमञ्च

# अन्तर्राष्ट्रिय एकल नाटक महोत्सव

सर्वनाम थिएटरले चैत १९ देखि २२ गतेसम्म अन्तर्राष्ट्रिय एकल नाटक महोत्सवको आयोजना गर्ने भएको छ । महोत्सवमा बेलायत, फ्रान्स, भारत, बंगलादेश, हङकङ, जर्मनी, फिलिपिन्स, स्कटल्यान्ड, नेदरल्याण्ड तथा नेपालका विभिन्न कलाकारहरूको एकल प्रस्तुति रहनेछ । करिब एक दर्जन देशका तीन दर्जन रंगकर्मीको सहभागिता रहने उक्त महोत्सवमा रंगमञ्चसम्बन्धी अन्तरक्रिया, छलफल तथा कार्यशाला समेत सञ्चालन हुनेछ । १३ वटा नाटक सहभागी हुने यो महोत्सवमा हरेक दिन बिहान ११ बजे नाटक मञ्चन सुरु हुनेछ भने दैनिक ३ देखि ५ वटा नाटक मञ्चन हुनेछन् ।

## महोत्सवमा १० वटा नाटक



नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजनामा पोखरामा सञ्चालित राष्ट्रिय नाटक महोत्सवमा १० वटा नाटक मञ्चन भए । पोखरा, गैरापाटनस्थित पोखरा थिएटरको गन्धर्व नाटकघरमा प्रस्तुत महोत्सवमा डा. सचिन घिमिरेको सहजीकरणमा नबिन सुब्बा, सुर्वण थापा तथा अरुणा कार्कीबीच नेपाली रंगमञ्च र चलचित्रका सम्बन्धमा छलफलसमेत भएको थियो । उक्त नाटक महोत्सव चैत ८ गतेदेखि १४ गतेसम्म सञ्चालन भएको थियो ।

ग्यालरी

# सिम्पोनिक एक्जिस्टेन्स

सिम्पोनिक एक्जिस्टेन्स शीर्षकको चित्रकला प्रदर्शनी आज काठमाडौंमा प्रारम्भ हुँदैछ । पेगोडा ग्रुपले यो सामूहिक चित्रकला प्रदर्शनीको आयोजना गर्न लागेको हो । बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा सञ्चालन हुने यो प्रदर्शनीलाई सुशील कोइराला मेमोरियल फाउन्डेसनले समेत सहयोग गरेको छ ।

# गजमेरलाई रेडियोको सलाम



पुराना संगीतकार रञ्जित गजमेरलाई रेडियो कान्तिपुरले सम्मान गरेको छ । शनिबार बिहान ८ बजेदेखि झन्डै ५ घण्टा रेडियो कान्तिपुरको तरंगमार्फत 'सलाम जिउँदो इतिहासलाई' शीर्षकको कार्यक्रममार्फत संगीतकार गजमेरलाई कान्तिपुर रेडियोले सम्मान गरेको हो ।

एक महिनाअघि सांगीतिक समूह कन्दराको आग्रहमा पोखरामा आयोजित अभिनन्दन समारोहमा सहभागिता जनाउन मुम्बईबाट नेपाल आएका संगीतकार गजमेरले मुम्बई फर्कनु एक दिनअघि रेडियो कान्तिपुरको स्टुडियोमा झन्डै पाँच घण्टा बिताएका थिए । रेडियो कान्तिपुरका स्टेशन म्यानेजर दिनेश डिसी तथा कन्दरा समुहका गायक विवेक श्रेष्ठको सक्रियतामा गजमेरलाई रेडियोले सार्वजनिक रूपमा सम्मान गरेको हो ।

निकै कम संख्यामा नेपाली चलचित्र निर्माण हुने समयदेखि नै नेपाली चलचित्रमा आफ्ना कर्णप्रिय संगीत दिएर दर्जनौं कालजयी गीत तयार पार्ने संगीतकार गजमेरलाई जिउँदो इतिहास मानिन्छ । नेपाली चलचित्रका पाँच दशक पुराना लोकप्रिय गीतमा संगीतकार गजमेरकै संगीत सुन्न पाइन्छ ।

नेपाली चलचित्र बाँसुरी, कुसुमे रुमाल, वासुदेव, साइनो, लाहुरे, चिनो, दक्षिणा, देउता, दुई थोपा आँसु, तृष्णा, दर्पणछायाँ आदिमा उच्चकोटीको संगीत सुन्न सकिन्छ, जसको सिर्जना संगीतकार रञ्जित गजमेरले गरेका हुन् । शनिबारको उक्त कार्यक्रममा संगीतकार गजमेरले आफ्नो सांगीतिक तथा व्यक्तिगत जीवनका अनेक पाटाका सम्बन्धमा कुराकानी गरे । त्यस क्रममा गजमेरलाई रेडियो कान्तिपुरले रोयल्टी समेत प्रदान गरेको थियो ।

संगीतकार गजमेरको सम्मानमा क्रोमाटिक ब्यान्डका आठ सदस्यीय संगीतकर्मीसहित विभिन्न गायक-गायिकाले उनीद्वारा संगीतबद्ध कर्णप्रिय गीतहरू प्रस्तुत गरे । स्याक्सोफोन वादक अमुल कार्की ढलीले 'यो कथा हो तृष्णा मेरो...' प्रस्तुति सँगै प्रारम्भ गरेको उक्त सम्मान कार्यक्रमलाई गायक धर्मेन्द्र सेवानले 'अब यो बाटो...' गाउँदै अघि बढाए । त्यसपछि क्रमशः गायिका जुना प्रसाईंले 'झझल्को लिएर आएछ सावन...' तथा मेघु धिमालले 'सपना भई आँखामा आउने...' गाए । गायिका प्रविशा अधिकारीले 'किन बढ्दै छ ढुकढुकी मुटुको...,' गायक राजेश श्रेष्ठले 'जति निर्मल जति चोखो...', गायिका टीका प्रसाईं तथा गायक विश्व नेपालीले 'पहाडको माथि-माथि.. ' आदि गीत प्रस्तुत गरे । उक्त अवसरमा गायिका सञ्जिता सिंह तथा कञ्चनले पनि गजमेरद्वारा संगीतबद्ध गीत सुनाएका थिए ।

शनिबारको कार्यक्रममा संगीतकार गमजेरलाई सम्मान गर्न वरिष्ठ कलाकार निर शाह पनि उपस्थित थिए । सम्मान कार्यक्रममा कलाकार शाहले संगीतकार गजमेरको सांगीतिक योगदान अतुलनीय रहेको प्रतिक्रिया दिए । 'नेपाली चलचित्र उद्योगलाई आफ्नो खुट्टामा उभिएर यो बिन्दुसम्म आउन जुन किसिमको सपोर्ट र सिस्टमको आवश्यकता थियो, त्यसमा रञ्जित गजमेरको अतुलनीय योगदान छ, कलाकार शाहको भनाइ थियो- ' उहाँले यति धेरै गीत-संगीत दिनुभयो हामीलाई, त्यसको बदलामा उहाँले कुनै पारिश्रामिक लिनुभयो ? कहाँ लिनुभयो ? जिन्दगीभर हामीलाई ऋणी बनाउनु भयो, उहाँले जे योगदान गर्नुभयो त्यसको बदलामा उहाँलाई दिने कुनै कुरै थिएन हामीसँग । उहाँलाई पनि थाहा थियो यी सबै कुरा चलचित्र उद्योगलाई माथि उठाउन अति आवश्यक छन्, त्यसैले म आफ्नो हृदयदेखि नै रञ्जित गजमेरलाई सलाम गर्छु, जिउँदो इतिहासका रूपमा ।' नेपाली मौलिक बाजा मादल बजाउँदै कलिलै उमेरमा बलिउड छिरेका रञ्जित गजमेरले ऊ बेला कान्छा उपनामसमेत पाएका थिए, उनको अतुलनीय योगदान नेपाली संगीतमा मात्र नभएर बलिउड संगीत उद्योगमा छ ।

सम्मान कार्यक्रममा संगीत रोयल्टि संकलन समाजका अध्यक्ष सुरेश अधिकारी, चलचित्र प्राविधिक संघका अध्यक्ष पुष्कर लामा, चलचित्र पत्रकार संघ नेपालका अध्यक्ष सन्दीप सापकोटा, संगीतकार संघ नेपालका अध्यक्ष लक्ष्मण शेष तथा गीतकार संघ नेपालका अध्यक्ष चुडामणि देवकोटाले आ-आफ्ना संस्थामार्फत संगीतकार गजमेरलाई रेडियोको स्टुडियोमै पुगेर सम्मान गरेका थिए । प्रदर्शनको तयारीमा रहेको चलचित्र लिलिबिलीको समुहले पनि गजमेरलाई सम्मान गरेको थियो ।

'नेपाली संगीतमा उहाँले पुऱ्याउनुभएको योगदानको कदर गरिएको हो,' रेडियो कान्तिपुरका स्टेसन म्यानेजर दिनेश डीसी भन्छन्-'यसलाई थ्यांक्स गिभिङ प्रोग्राम भने पनि हुन्छ ।' रेडियो कान्तिपुरका कार्यक्रम प्रस्तोताहरू दिनेश डिसी, भूपेन्द्र खड्का, अम्बिका प्रधान, स्मिता राणा, महेश लिम्बु तथा अलिशा बज्राचार्यले सञ्चालन गरेको उक्त सम्मान कार्यक्रमलाई रेडियो कान्तिपुरको फेसबुक पेजबाट समेत प्रत्यक्ष प्रसारण गरिएको थियो ।

कार्यक्रमको उत्तरार्द्धमा संगीतकार गजमेरले आफूले अहिलेसम्मकै ठूलो सम्मान पाएको प्रतिक्रिया दिए । ' यो लेभलको सम्मान पाएको थिइनँ,' रेडियोबाट प्रत्यक्ष प्रसारित कार्यक्रममा उनले भने- 'म आभारी छु ।'

सूचना र मनोरञ्जनको सँगालो
साप्ताहिक






मिलन नेवार
गायिका
Log on to :
facebook
www.facebook.com\kantipursaptahik
तस्बिर : कुशल श्रेष्ठ
लोकेसन : बेलायत

# ऋचाको आत्मविश्वास

अभिनेत्री ऋचा शर्माले यतिबेला आफ्नो सम्पूर्ण ध्यान चलचित्र सुनकेशरीमा केन्द्रित गरेकी छिन् । जेठमा प्रदर्शनमा आउने उक्त चलचित्रको प्रचार उनले चैतदेखि नै थालेकी छिन् । अघिल्लो साता चलचित्रको ट्रेलर सार्वजनिक गर्ने कार्यक्रममा ऋचाको प्रस्तुतीकरण आकर्षक देखियो । निकै आत्मविश्वासी देखिएकी ऋचाले घुमाउरो पाराले आफ्नो चलचित्रको बजार स्वदेशमा मात्र नभै विदेश समेत भएको बताइन् । तीन साताको अवधिमा अस्ट्रेलियामा छायांकन गरिएको उक्त हरर चलचित्रमा ऋचाले हलिउडका प्राविधिकहरूलाई समेत काम गराएकी छिन् । आफैं निर्मात्री रहेकी ऋचाले चलचित्र सुनकेशरीका बारेमा भनेकी छिन्- 'मलाई थाहा छ, नेपालमा अहिले कमेडी चलचित्रको ट्रेन्ड छ, यस्तो समयमा हरर चलचित्रले दर्शक पाउन गाह्रो छ, तर नेपाली चलचित्रको बजार नेपालमा मात्र सीमित छैन । यो चलचित्रका अधिकांश प्राविधिक विदेशी छन् । त्यसैले पनि चलचित्र सुनकेशरीले आफ्नो लगानी सुरक्षित गर्दै मुनाफासमेत कमाउने कुरामा ढुक्क छु ।'



# मिडिया पर्सनालिटी रेमन

रेडियो कान्तिपुरका लोकप्रिय रेडियो जक्की (आरजे) हुन्– रेमनदास श्रेष्ठ । उनी युवा पुस्ताका श्रोताहरूमाझ अत्यन्त लोकप्रिय छन् । उनको आवाजका प्रशंसकहरूमा युवाहरूकै संख्या बढी छ । झन्डै डेढ दशक अघिदेखि रेडियो कान्तिपुरसँग आबद्ध यी आरजे अहिले पनि प्रत्येक साता झन्डै आधा दर्जन कार्यक्रममार्फत श्रोतामाझ पुगिरहेका छन् । रेमन रेडियोकर्मीका रूपमा मात्र सीमित छैनन् । उनी कुशल भिडियो जक्की, अभिनेता तथा मोडल समेत हुन् । दर्जनौं स्टेज कार्यक्रमलाई आकर्षक शैलीमा सञ्चालन गरिसकेका रेमनले कर्कस, भिसा गर्ल, जालो, मेघाजस्ता चलचित्रमा अभिनय गरिसकेका छन् । पछिल्लो समय चलचित्र जाइरामा अनुबन्धित रेमन आफूलाई मिडिया पर्सनलनै भन्न रुचाउँछन् ।





■ एलिजा गौतम धमला, अभिनेत्री

फटाफट

## अभिनेत्रीकै रूपमा चिनिन चाहन्छु

**चैत ११ गते जन्मदिन मनाउनुभएछ, कति वर्ष लाग्नुभयो ?**

उमेरचाहिं नभनौं कि ?

**बर्थ डे पार्टी त पत्रकार सम्मेलन जस्तो भयो भनिन्छ नि ?**

त्यस्तो होइन । पत्रकार ऋषि धमलाले पार्टीमा आफ्ना धारणा व्यक्त गर्नुभएकाले कसैकसैलाई त्यो पत्रकार सम्मेलन जस्तो पनि लाग्यो होला ।

**आफूलाई अभिनेत्री एलिजा भन्न रुचाउनुहुन्छ कि पत्रकार ऋषि धमलाकी श्रीमती ?**

घर भित्र म श्रीमती धमला हुन्छु भने चलचित्रमा अभिनेत्रीका रूपमा सक्रिय छु ।

**चलचित्रमा अभिनेत्री नै बन्ने योजनाचाहिं ?**

आफूले लगानी र मेहनत गरेर निर्माण गरेको चलचित्रमा आफैंले किन अभिनय नगर्ने भन्ने कुरा भयो । अभिनय गर्ने धेरै अघि देखिको रहर पनि थियो ।

**चलचित्र 'अनुराग' को काम कहाँ पुग्यो ?**

एउटा गीतको छायांकन बाँकि थियो, त्यसका लागि यही साता मुस्ताङ जाँदैछौं । उताबाट फर्किएर डविङ गरेपछि प्रचार-प्रसारमा लाग्छौं । यो चलचित्र जेठ ११ गतेदेखि प्रदर्शनमा आउनेछ ।

**चलचित्रको छायांकनअघि तीन-चार जना अभिनेता फेर्नुभयो, अहिलेका अभिनेताबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

चलचित्र फ्लोरमा जानु अघिसम्म कलाकार परिवर्तन हुनुलाई सामान्य नै मानिन्छ । हाम्रो चलचित्रमा पनि त्यस्तै भएको हो । समुन्द्र पण्डितका रूपमा हामीले नयाँ अनुहारलाई अभिनेताका रूपमा लिएका छौं । उनीसंग मेरो जोडी सुहाएको युनिटका सदस्यहरूको प्रतिक्रिया छ । आशा छ दर्शकहरूले समेत हाम्रो जोडीलाई मन पराउनुहुनेछ ।

**आफ्नो कामबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

आफ्नो पहिलो चलचित्र भएकाले म त शतप्रतिशत सन्तुष्ट छु । मेरो उत्साहलाई दर्शकको साथ र सहयोगले थप उचाइमा पुऱ्याउनेछ ।

**चलचित्रमा कस्तो विषयवस्तु समावेश छ ?**

यो प्रेम कथामा आधारित चलचित्र हो, जसले टिनएजरदेखि हरेक उमेरका दर्शकको मन जित्न सक्छ ।

**क्यामेराको अघिल्तिर नर्भस हुनु भयो कि भएन ?**

छायांकनको पहिलो दिन हल्का अफ्ट्यारो लागेको थियो, यद्यपि भोलिपल्टदेखि नै म सामान्य भैसकेकी थिएँ । पछि-पछि त पहिलो चलचित्रमा अभिनय गर्दैछु जस्तै लागेन ।

**आफूमा के कस्तो कमजोरी अनुभव गर्नुभयो ?**

खासै धेरै कमजोरी त फेला पारेकी छैन, तर अभिनय र नृत्यको प्रशिक्षण लिएको भए अझ उत्कृष्ट काम गर्न सक्थें कि भन्ने लागेको छ ।

प्रस्तुति : कृष्ण भट्टराई



# कला पनि युट्युबमा

कोरियोग्राफर कला सुब्बालाई बहुप्रतिभाशाली भन्दा फरक पर्दैन । कुनै बेला मिस नेपालमा प्रतिस्पर्धा गरेर मिस ट्यालेन्टको उपाधि जितेकी कला वास्तविक जीवनमा समेत प्रतिभाशाली छिन् । उनी मनोरञ्जनका प्रायः सबै विधामा उत्तिकै सक्रियताका साथ काम गरिरहेकी छिन् । कुशल रेडियोकर्मी कला मोडल तथा कोरियोग्राफरसमेत हुन् । उनको कोरियोग्राफीमा हरेक वर्ष झन्डै एक दर्जन सौन्दर्य प्रतियोगिता सञ्चालन भैरहेका छन् । अहिले उनी पुनः भिडियो जक्कीकै रुपमा प्रस्तुत हुने जमर्को गर्दैछिन् । 'उडान' शीर्षकको टक शोमार्फत कलाले दर्शकमाझ पुनरागमन गर्ने घोषणा गरे की छिन् । उक्त कार्यक्रमको ट्रेलरलाई दर्शकहरूले रुचाइरहेका पनि छन् । कलाले उक्त कार्यक्रममार्फत समाजका हरेक क्षेत्रका व्यक्तित्वसँग रमाइलो अन्तरसंवाद गर्ने बताएकी छिन् । नयाँ वर्षको पहिलो दिनदेखि रुबुशा क्रिएसनको यूट्युब च्यानलमार्फत आफू दर्शकमाझ आउने कलाले जानकारी दिइन् ।

# टेक्सासमा हमाल सेल्फी




कालो कोट तथा कालै पाइन्टमा ठाँटिएका राजेश हमाल गत आइतबार दिउँसो अमेरिकाको टेक्सासमा नेपाली प्रशंसकहरूबाट घेरिए। हमालसँग सेल्फी खिच्नेहरूको भुन्ड बाक्लै थियो। सूर्य थापाको निर्माण एवं प्रस्तुतिको यु स्टार्ट अगेन कार्यक्रमको उद्घाटनका लागि न्युयोर्कबाट टेक्सास पुगेका हमाल एकोहोरो क्यामेरा र मोबाइल तारोमा परे।

आयोजकले पनि हमालसँग सेल्फीका लागि समय नै छुट्याएकाले पनि दर्शक उनीसँग तस्बिर खिच्न भुम्मिए। तन्नेरीदेखि पाका दर्शक सबै हमालसँग सेल्फी लिन लालायित देखिन्थे। कार्यक्रमको सुरुवातदेखि अन्त्यैसम्म उनीसँग सेल्फी लिनेहरू ओइरिरहे। परदेशका औपचारिक तथा अनौपचारिक कार्यक्रमहरूमा उपस्थिति हुँदा रमाइलो अनुभूति हुने कुरा हमालले बताए। 'यस्ता कार्यक्रमले आफ्ना प्रिय दर्शकलाई नजिकबाट भेट्ने अवसर जुटाउँछन्' हमालले भने- 'दर्शकको यस्तै माया नै हामी कलाकारहरूका लागि सबैभन्दा ठूलो प्रेरणा हो।'

शब्द तथा तस्बिर : शिव शर्मा

# तौल नै बाधक



अभिनेत्री वर्षा राउत भन्डै तीन महिना अस्ट्रेलिया बसेर केही साताअघि स्वदेश फर्किइन्। भन्नेहरूले उनी सांस्कृतिक कार्यक्रममा सहभागिता जनाउन अस्ट्रेलिया गएको भने, यद्यपि उनले त्यहाँ कुनै कार्यक्रममा सहभागिता जनाएको तस्बिर सार्वजनिक भएन। कार्यक्रममा सहभागिता नै नजनाएपछि तस्बिर सार्वजनिक हुने कुरै थिएन। त्यसो भए के उनी बिदा मनाउन मात्र अस्ट्रेलिया पुगेकी थिइन् त ? निकटतम सहकर्मीहरूका अनुसार वर्षा आफ्नो मोटो ज्यान घटाउन अस्ट्रेलिया पुगेकी थिइन्, तर स्वदेश फर्कँदा उनको तौल घटेको देखिएन। तौल बढी भएकै कारण उनले चलचित्र 'शत्रुगते' मा प्रियंका कार्कीले निर्वाह गरेको भूमिका गुमाउनुपरेको थियो। निर्देशक विकास आचार्यको चलचित्र 'नाइँ नभन्नु ल-५' को एउटा भूमिका उनी आफैले अस्वीकार गरिन्। अभिनेत्री स्वस्तिमा खड्काकी दिदीको भूमिकामा प्रस्ताव गरिएपछि वर्षाले उक्त काम छाडेकी हुन्। निर्देशक आचार्यकै चलचित्र 'नाइँ नभन्नु ल-४' मार्फत रजतपटमा पदार्पण गरेकी वर्षाले त्यही चलचित्रको नयाँ शृंखलामा अभिनय नगर्नुका पछाडि बढ्दो तौलले भूमिका निर्वाह गरेको बताइन्छ। त्यसो त वर्षालाई उनको मोटो ज्यानमै मन पराउने दर्शकहरूको संख्या पनि उत्तिकै छ।

**व्यक्ति एक टिप्पणी अनेक**

# तत्काल प्रतिकृया नजनाउने हरिवंश

**हरिवंश आचार्य लामो समयपछि चलचित्रमा फर्किएका छन्। देशभर प्रदर्शन भैरहेको चलचित्र शत्रुगतेले दर्शकको मन पनि जितिरहेको छ। खासगरी अभिनेता दीपकराज गिरी तथा हरिवंश आचार्यको अभिनयलाई दर्शकले विशेष रुचाएका छन्। हरिवंश आचार्यले चलचित्रमा दीपाश्री निरौलाका श्रीमान् तथा पल शाहका बुबाको भूमिका निर्वाह गरेका छन्। चलचित्रमा उनको चरित्रलाई केही अस्वभाविक बनाइएको छ। यही प्रसंगमा आचार्यलाई नजिकबाट चिन्नेहरूको केही टिप्पणी जस्ताको तस्तै :**

*प्रदीप भट्टराई, निर्देशक :* उहाँको सबैभन्दा राम्रो पक्ष क्यारेक्टरको रिसर्च गर्नु हो। मेडिकल फिल्डको अभिनय गर्नु छ भने उक्त विषयमा अनुसन्धान र सर्च गर्नुहुन्छ। कस्तो अभिनय गर्ने भन्ने विषयमा ब्याक स्टोरी खोजेर काम गर्नुहुन्छ। उहाँ निर्देशकको हाउभाउबाटै के गर्ने हो, ठ्याक्कै बुझ्न सक्नुहुन्छ। व्यक्तिगत हिसाबले उहाँ सबैलाई माया तथा सम्मान गर्नुहुन्छ। निकै सरल र साधारण हुनुहुन्छ। सबैको भावनाको कदर गर्नुहुन्छ।


*दीपकराज गिरी, अभिनेता :* यो चलचित्रमार्फत म हरिदाइसँग नजिक भए। म आफूलाई हरिवंश आचार्यको एकलव्य भन्छु। मैले उहाँबाट अप्रत्यक्ष रूपमा धेरै कुरा सिकेको छु, तर एउटै स्क्रिनमा भने पहिलो पटक काम गर्न पाए। यो प्रोजेक्टमा हरिवंश दाई भएकाले पनि मैले यसलाई निकै ठूलो महत्व र अवसरका रूपमा लिएको थिएँ। उहाँसँग चलचित्रको छायाँकनमा रहँदा रमाइलो नगरेको दिननै भएन। उहाँको सबैभन्दा राम्रो पक्ष मृदुभाषी हुनु हो। एकदमै परिपक्व हुनुहुन्छ। तुरुन्त प्रतिक्रिया जनाउनुहुन्न। चलचित्रको छायाँकन भैरहेका बेला युनिटका सबै सदस्यको उत्तिकै केयर गर्नुहुन्छ। एउटा अभिभावकको हिसाबले सबैसँग समान व्यवहार गर्नुहुन्छ।

*प्रदीप कार्की, पत्रकार :* शत्रुगतेको उहाँको अभिनयले जो-कसैको मन छुन्छ। चलचित्रमा उहाँको क्यारेक्टर र रियल लाइफको क्यारेक्टरमा निकै ठूलो फरक छ। उहाँ सानो बच्चादेखि ठूला व्यक्ति सबैलाई तपाईं भनेर सम्बोधन गर्नुहुन्छ। उहाँजस्तो सरल, सबैका प्रति एकै खालको व्यवहार गर्ने कलाकार कमै हुन्छन्। उहाँलाई जति पटक भेट्यो त्यतिधेरै नयाँ र राम्रो कुरा सिक्न सकिन्छ।

*दीपाश्री निरौला, अभिनेत्री :* हरिवंश दाई आदरणीय व्यक्तित्व हुनुहुन्छ। उहाँलाई स्क्रिनमा हेर्दा के नै होला र जस्तो लाग्थ्यो, तर प्रत्यक्ष भेट्दा जीवन नै सिक्न सकिँदो रहेछ भन्ने अनुभव भयो। वास्तवमा मानिस सफल हुन प्रतिभा मात्र भएर हुँदैन, व्यवहार पनि चाहिँदोरहेछ। उहाँको जोडिका रूपमा काम गर्न सुरुमा साह्रै अप्ठ्यारो लागिरहेको थियो तर जब उहाँसँग घुलमिल हुँदै गएँ, उहाँलाई निकै सरल पाएँ। उहाँ आफूलाई क्यारेक्टरमा घुसाउन सक्ने अब्बल कलाकार हुनुहुन्छ। मैले चलचित्र निर्देशन गरे, धेरै कलाकारहरूलाई सिकाए तर उहाँसँग स्क्रिन सेयर गर्दा म आफू साँच्चिकै काँचो रहेछु भन्ने अनुभव भयो। उहाँसँग काम गर्दा पहिलो पटक सँगै काम गरेजस्तो कहिल्यै भएन। निकै रमाइलो र सबैलाई सम्मान गर्ने उहाँजस्ता कलाकार नेपाली कला क्षेत्रमा विरलै पाइन्छन्।

*प्रियंका कार्की, अभिनेत्री :* एकदमै सरल हुनुहुन्छ। देशकै वरिष्ठ र सम्मानित कलाकार भए पनि सामान्य खालको हुनुहुन्छ। चलचित्रको छायाँकन हुँदा भेटिरहने, बोलिरहने भएकाले पनि यसपटक मैले उहाँलाई नजिकबाट बुझेँ। उहाँ सानादेखि आफूभन्दा ठूला अथवा हरेक कलाकारको विचार तथा सुझावहरू सुन्नु हुन्छ। आफू जतिसुकै जान्ने भएपनि त्यो खालको व्यवहार कहिल्यै देखाउनुहुन्न। सबैको अस्तित्व स्वीकार गर्नुहुन्छ। उहाँ साँच्चिकै महान् कलाकार हो।

प्रस्तुति : रामजी ज्ञवाली



हरिवंश आचार्य, कलाकार

## मिस नेपाल पिस




युनिक्याम्पस ग्लोबल मिस नेपाल पिस-२०७४ मा २२ वर्षीया श्रीया रजकले मुख्य उपाधि जितेकी छिन् । श्रीयाले प्रतियोगितामा अन्य २३ जना सहभागीलाई पछि पारेकी थिइन् । प्रतियोगितामा सुस्मिता बोगटी पर्सनालिटी एवार्डसहित फस्ट रनर्सअप तथा जीना श्रेष्ठ ब्युटी विथ ब्रेन एवार्डसहित सेकेन्ड रनर्सअप घोषित भए ।

नर्सिङ पेसामा आबद्ध एवं नर्सिङ अध्ययनरत युवतीहरूमा केन्द्रित यो प्रतियोगिता नेक्स्ट मोडल्स नेपालको ब्यानरमा सञ्चालन भएको थियो । डिजाइनरद्वय अनु श्रेष्ठ र जोशिला श्रेष्ठ अफिसियल डिजाइनर रहेको यो प्रतिस्पर्धाको निर्णायक मण्डलमा पूर्व मिस नेपाल अश्मि श्रेष्ठसमेतको सहभागिता थियो ।

## मिस नेवाः आइकन

नेवार समुदायका युवतीहरूमा केन्द्रित जातीय सौन्दर्य प्रतियोगिता मिस नेवाः आइकन-११३८ को उपाधि दिया श्रेष्ठले जितेकी छिन् । ग्रान्ड फिनालेमा क्याटवाक विधाको एवार्डसहित दियाले प्रतियोगिताका अन्य १४ जना प्रतिस्पर्धीलाई पछि पारेकी हुन् । रेक्स फेसन होमको आयोजनामा सञ्चालित मिस नेवाः आइकनको दोस्रो संस्करणमा रेश्मा डंगोल फस्ट रनर्सअप तथा मनीषा महर्जन सेकेन्ड रनर्सअप घोषित भएका थिए ।




## टिचर आइकन अफ द इयर



शिक्षण पेसामा संलग्न शिक्षिकाहरूमा केन्द्रित सौन्दर्य प्रतियोगिता टिचर आइकन अफ द इयर-२०१८ मा प्रिमियर इन्टरनेसनल स्कुलकी शिक्षिका रूपा लामा विजेता भएकी छिन् । प्रतियोगितामा काजोल खेतान फस्ट रनर्सअप तथा प्रेरणा अधिकारी सेकेन्ड रनर्सअप घोषित भए । रश्मि तण्डुकारले पब्लिक च्वाइस तथा पपुलर विधाको उपाधि जितेको यो प्रतियोगितामा १४ जना प्रतिस्पर्धी सहभागी थिए । प्रतियोगिता एएनपी मिडिया हाउसको ब्यानरमा सञ्चालन भएको थियो ।



## विगत सम्झँदै पोखरेली

गत साता सांगीतिक क्षेत्रका पुराना स्रष्टाका गीत पोखरामा गुञ्जिए । पुराना स्रष्टाको आवाजको गीत नयाँ पुस्ताले सुनाउँदा दर्शकहरू पनि रमाए । पोखरा सभागृहमा सञ्चालित टेस्ट अफ हार्मोनी शीर्षकको उक्त सांगीतिक कार्यक्रममा जन्मथलो तथा कर्मथलो पोखरा भएका गायिकाहरूले गीत सुनाउँदै वातावरण तताएका थिए । कार्यक्रममा गायिकाहरू इतु जोजिजु, बबि सुनार, अजुदा थापा, रुबी गौली, शीतल थापा, मितु पल सिंह, रजनी रिदम राई, आँचल लामा, रीतु लामा, मुस्कान रानाभाट आदि सहभागी थिए ।

पोखरा जन्मथलो तथा कर्मथलो भएका गायिकाहरू आबद्ध हार्मोनी द मोर्डन सङस्ट्रेस अफ पोखराले यो अवसर जुराएको हो । कार्यक्रममा गायिका तथा नेपाली चलचित्रकी पहिलो महिला संगीतकार शान्ति ठटाल, लोकदोहोरी गायिका हरिदेवी कोइराला तथा साहित्यकार उषा शेरचनलाई सम्मानसमेत गरिएको थियो ।

राजाराम पौडेल

## सप्तकोसीमा जेटबोट



सप्तकोसी नदीमा पहिलो पटक जेटबोट सञ्चालनमा आएपछि प्रसिद्ध धार्मिक स्थल बराहक्षेत्रको दर्शन गर्न जाने भक्तजनलाई सहज भएको छ । उदयपुरको बेलका नगरपालिका तथा सुनसरीको बराहक्षेत्र नगरपालिकाको समन्वयमा स्थानीय आठजना युवाले बराहक्षेत्र यातायात तथा पर्यटन सेवा नामक कम्पनीमार्फत सप्तकोसी नदीमा जेटबोट सञ्चालनमा ल्याएका हुन् ।

उक्त जेटबोट ३ करोडको रुपैयाँमा भारतको पुनाबाट ल्याइएको हो । नेपालमा जल यात्राका लागि यो जेटबोटले विशेष सहयोग पुऱ्याउनेछ । अहिले सञ्चालनमा ल्याइएको जेटबोटको यात्रु क्षमता ३० जना छ । यात्रु र सामानसहित ३५ सय किलो बोक्न सक्ने यो जेटबोटमा हाल २५ जना यात्रु तथा उनीहरूका सामान्य लगेज मात्र चढाइने कम्पनीले जनाएको छ ।

नरेन्द्र बस्नेत



## मिस क्रिएटिभ नेपाल

क्रिएटिभ बोर्डकास्टिङ मिडिया प्लसले पोखरामा आयोजना गरेको मिस क्रिएटिभ नेपाल-२०७४ को उपाधि सविना क्षेत्रीले जितेकी छिन् । फाइनलमा पुगेका अन्य ११ जना प्रतिस्पर्धीलाई पराजित गर्दै उनले उक्त उपाधि जितेकी हुन् । प्रतियोगितामा प्रकृति श्रेष्ठ फस्ट रनर्सअप घोषित भइन् भने पल्लवी पौडेलले सेकेन्ड रनर्सअपमै चित्त बुझाइन् ।

छोटा पहिरन लगाउन निषेध गरिएको उक्त प्रतियोगितामा प्रतियोगीहरू साडी, कुर्ता तथा लेहङ्गा आदिमा प्रस्तुत भएका थिए । अडिसनमा सहभागी ९२ जनाबाट छानिएका १२ जनाबीच उपाधिका लागि प्रतिस्पर्धा भएको कार्यक्रमको थप आकर्षण गीत, नृत्य आदि पनि थिए ।

## शक्ति पिक फेस्टिबल



तीनजुरे-मिल्के-जलजले क्षेत्र (टिएमजे)मा एकैपटक ३८ देशका पर्यटकको जमघट भएको छ । उक्त क्षेत्रमा संखुवासभा, तेह्रथुम र ताप्लेजुङको संगमस्थलमा पर्छ । गुराँस फुल्ने समय पारेर तीनजुरे क्षेत्रमा नेपालका विभिन्न सहर तथा भारतसहित विभिन्न ३८ देशका ५ सयभन्दा बढी पर्यटक त्यहाँ पुगेका हुन् । विश्वमा पाइने ४२ प्रजातिका गुराँसमध्ये यो क्षेत्रमा मात्र २८ प्रजातिका गुराँस पाइन्छन्, यो क्षेत्र गुराँसको राजधानीका रूपमा परिचित छ ।

संगीत र कलाको पर्वका रूपमा 'शक्ति पिक फेस्टिबल' नाम दिइएको कार्यक्रमका लागि ३८ देशका कला तथा संगीतका पारखीहरूले उक्त क्षेत्रको भ्रमण गरेको मादी नगरपालिका-९ का वडाध्यक्ष पासाङ शेर्पाले बताए ।

मार्च २३ मा प्रारम्भ भएको शक्ति पिक फेस्टिबल गत मंगलबार सम्पन्न भयो, जहाँ पर्यटकहरू मंगलबारे र गुफाबजारको मध्य भागमा रहेको खुला चौरमा टेन्ट टाँगेर बसेका थिए । गुफा र सुकेबजारका २० भन्दा बढी होटलमा अटाएका बाहेक अरूलाई टेन्टमै सुत्ने व्यवस्था मिलाइएको प्रबन्धक सुवास केसीले बताए । उक्त अवसरमा तीनजुरे क्षेत्र विभिन्न किसिमको संगीतमा झुमेको थियो ।

दीपेन्द्र शाक्य

## फालेलुङमा चौंरी महोत्सव



कृषि, पर्यटन प्रवर्द्धन तथा चौंरी पालन विकासका लागि पाँचथरको फालेलुङ गाउँपालिका-४ चाररातेमा चौंरी महोत्सव हुने भएको छ । फालेलुङको सिदिन, मेमेङ तथा प्राङ्बुङ क्षेत्रको पर्या-पर्यटन एवं जडीबुटी खेती प्रवर्द्धन गर्ने उद्देश्यले उक्त महोत्सव सञ्चालन गर्न लागिएको हो । दोस्रो संस्करणको यो महोत्सव २०७५ वैशाख १ र २ गते दुई दिन चल्नेछ । महोत्सव फालेलुङ-कञ्चनजङ्घा पर्या-पर्यटन प्रवर्द्धन समिति फालेलुङ पाँचथरको आयोजनामा हुन लागेको हो । महोत्सवमा स्थानीय सांस्कृतिक नृत्यहरू प्रस्तुत गरिनेछ भने चौंरीजन्य परिकारहरू प्रदर्शन गरिनुका साथै तिनको बिक्री-वितरण समेत हुनेछ ।

नारायण तुम्बापो



# मिस नेपालका
# प्रतियोगीहरुको ट्यालेन्ट शो

मिस नेपाल-२०१८ को उपाधिका लागि अन्तिम प्रतिस्पर्धामा उत्रनुभन्दा ठीक दुई साताअघि २५ जना प्रतिस्पर्धीले काठमाडौंमा आ-आफ्नो प्रतिभा प्रस्तुत गरेका छन् । रुसी सांस्कृतिक केन्द्रमा आयोजित ट्यालेन्ट शोमा प्रतिस्पर्धीहरूले गीत, नृत्य, कविता वाचन, वक्तृत्व कला तथा अभिनयमार्फत आफूमा अन्तरनिहित प्रतिभा प्रस्तुत गरेका हुन् ।

विभिन्न नेपाली चलचित्र तथा आधुनिक गीतमा नृत्य गर्ने प्रतिस्पर्धीहरूबाहेक अभिनय एवं कविता वाचन गर्ने प्रतिस्पर्धीहरूले समाजमा व्याप्त यौन हिंसालाई मुख्य विषय बनाएका थिए । १७ जना प्रतिस्पर्धीले नृत्यमार्फत प्रतिभा प्रस्तुत गरेको उक्त प्रतिस्पर्भामा शिक्षा संग्रौलाले एकल अभिनयमार्फत आफ्नै बुवाद्वारा बलात्कृत किशोरीको पीडालाई प्रस्तुत गरेकी थिइन् । श्रृंखला खतिवडाले रंगहरू शीर्षकको कवितामार्फत नौ वर्षकै उमेरदेखि यौन हिंसाको सिकार २२ वर्षीया युवतीको भावना चित्रण गरिन् । उक्त अवसरमा अञ्जिता महतले पनि कवितामार्फत नै आफ्नो भावना व्यक्त गरेकी थिइन् ।

प्रतिभा प्रदर्शन गर्ने क्रममा महिमा सिंह, रोनाली अमात्य, अलिशा बुढाथोकी, अलिशा अधिकारी, अनुपमा बास्तोला, सन्ध्या अधिकारी, आस्था शाख, ममता जोशी, अनश्रूत पन्त, ज्योत्सना क्षेत्री, मेघना श्रेष्ठ, सृष्टि कार्की, शुभेच्छा श्रेष्ठ, सायरा लामा, काश्या अधिकारी, शर्वाणी पाण्डे, आश्मा ढुंगाना तथा लक्ष्मी पन्तले विभिन्न गीतमा नृत्य प्रस्तुत गरे भने सुस्मिता सापकोटा, मनिता देवकोटा तथा लक्ष्मी पौडेलले गीत गाए । उक्त अवसरमा प्रिया सिग्देलले स्ट्यान्डअप कमेडी प्रस्तुत गरेकी थिइन् । ट्यालेन्ट शोमा उत्कृष्ट प्रतिभा प्रदर्शन गर्ने एक जनाले चैत २८ गते बुधवार सञ्चालन हुने मिस नेपालको ग्रान्ड फिनालेमा मिस ट्यालेन्टको उपाधि आफ्नो शिरमा सजाउनेछिन् ।




तस्बिरहरु : महेश प्रधान

अप्रिल फूल

# अप्रिल फूल रहस्य




अप्रिल फूल किन मनाइन्छ भन्ने विषयमा कैयौं रोचक अवधारणा प्रचलनमा छन् । तीमध्ये सबैभन्दा प्रचलित अवधारणाअनुसार प्राचीन रोमन साम्राज्यका मानिसहरू अप्रिलमा आफ्नो नयाँ वर्षको सुरुवात गर्थे । त्यस्तै मध्यकालीन युरोपमा २५ मेमा नयाँ वर्षको उपलक्ष्यमा एउटा उत्सवसमेत हुन्थ्यो ।

सन् १८५२ मा पोप ग्रेगरी अष्टमले ग्रगोरियन क्यालेन्डरको घोषणा गरे, जसका आधारमा जनवरी १ लाई नयाँ वर्षको सुरुवात मानिन थाल्यो । फ्रान्सले उक्त क्यालेन्डरलाई सबैभन्दा पहिले स्वीकार गरेको थियो । जनश्रुतिअनुसार युरोपमा कैयौं मानिसले ग्रगोरियन क्यालेन्डरलाई स्वीकार गरेनन् त कतिपयलाई त्यसका बारेमा जानकारीसमेत थिएन् ।

पछि नयाँ ग्रगोरियन क्यालेन्डरका आधारमा जनवरी १ मा नयाँ वर्ष मनाउने मानिसहरूले पुरानो क्यालेन्डरअनुरूप १ अप्रिललाई नयाँ वर्ष मान्ने मानिसहरूलाई मूर्ख मान्न थाले । उनीहरूले तिनीहरूको मजाक उडाउन त्यही बेलादेखि 'अप्रिल फूल'को चलन चलाए ।

अप्रिल फूलसँग जोडिएको अर्को प्रचलित अवधारणा बेलायती साहित्यकार चान्सरको क्यान्टबरी टेल्सको एउटा कथामा आधारित छ । उक्त कथाअनुसार १३ औं शताब्दीमा इंग्ल्यान्डका राजा रिचर्ड द्वितीयको बोहेमियाकी रानी एनीसँगको इन्गेजमेन्टको वार्षिकोत्सव ३२ मार्च १३८१ मा आयोजना गर्ने घोषणा गरिन्छ । क्यान्टबरीका जनसाधारणले त्यसलाई सही मान्छन्, यद्यपि मार्च महिना ३१ तारिखसम्मको मात्र हुन्छ । ३२ मार्चलाई मानेर मानिसहरू मूर्ख भए । त्यही मार्चको ३२ औं दिनलाई अप्रिल फूल मान्न थालिएको विश्वाससमेत कतिपयको छ । बीबीसीका अनुसार १९ औं शताब्दीदेखि बेलायतमा अप्रिल फूल मनाइँदै आएको छ । युनिभर्सिटी अफ ब्रिस्टलकी इतिहासकार एन्ड्रिया लिवेसीले अप्रिल फूलको इतिहास बालबालिकाहरूलाई बेबकुफ बनाइने कुरासँग बढी सम्बन्धित भएको बताएकी छिन् ।

अप्रिल फूललाई कतिपयले अल फूल डे भन्छन् । अप्रिल फूलमा व्यवहारिक जोक तथा झूटहरूमार्फत रमाइलो खेल खेल्ने चलन छ । यसमा साथी-साथी, परिवारका सदस्य आदिले एक-अर्कालाई झुक्याएर मुर्ख बनाउने परम्परा छ । अप्रिल फूलका दिन सामान्य व्यवहारिक मजाक वा मुर्खतापूर्ण कार्यमार्फत एक-अर्कालाई उल्लू बनाइन्छ ।

अप्रिल फूल युरोपियन तथा पश्चिमा देशहरूमा बढी मनाइन्छ । बेलायत, आयरल्यान्ड, पोल्यान्ड, नर्वे, स्वीडेन आदि देशमा पनि अप्रिल फूल मनाइन्छ ।स्पेनिस भाषा बोलिने देशहरूमा २८ डिसेम्बरमा अप्रिल फूल मनाइन्छ, जसलाई डे अफ होली इनोसन्टस भनिन्छ । बेलायतका कतिपय अखबारले अप्रिल फूललाई नै आफ्नो मुख्य पृष्ठको विषयका रूपमा प्रस्तुत गर्छन् । फ्रान्स, रूस, आयरल्यान्ड, दक्षिण कोरिया, नेदरल्यान्ड, क्यानडा, अमेरिका, ब्राजिल आदि देशमा जोकको सिलसिला दिनभर चल्छ । विश्वमा ग्लोबलाइजेसनको प्रक्रिया सुरु भएपछि अप्रिल फूल भारत, नेपालजस्ता एसियाली देशहरूमा समेत चर्चामा आएको हो ।

नेपालका केही अनलाइन तथा पत्रपत्रिकाले अप्रिल फूलमा केही रमाइला खालका सामग्री प्रस्तुत गर्न थालेका छन् । नेपालमा खासगरी साथीहरू तथा घरपरिवारका सदस्यहरूलाई झूटो सूचना दिएर मुर्ख बनाउने चलन छ । रमाइलोका लागि मनाइने भए पनि अप्रिल फूलका दिन हुन सक्ने सम्भावित दुर्घटनाप्रति भने सचेत हुनु जरुरी देखिन्छ ।

# दोहोऱ्याएर हेर्नुपर्ने तस्बिर













तस्बिरहरू : वेबसाइट

# पाँच ठूला निर्णय

अप्रिल फूललाई झुक्याउने, झूट बोल्ने र रमाइलो गर्ने अवसरमा रूपमा लिइन्छ । अप्रिल १ का दिन केही रमाइला प्रसंग तथा अफवाहमार्फत आनन्द लिने प्रयास गरिन्छ । सन् २०१३ मा बीबीसीले केही यस्तै रमाइला समाचार तयार पारेको थियो ।




### गुगल नोज : कम्प्युटरबाट आउनेछ सुगन्ध

गुगलले आफ्नो होमपेजमा एउटा नयाँ लिंक राखेको छ, जसमा लेखिएको छ– गुगल नोज । वेबसाइटले एउटा भिडियो अपलोड गर्दै दाबी गरेको छ कि यो एउटा यस्तो सुविधा हो, जसबाट पाठकले आफूलाई मन परेको सुगन्ध लिन सक्नेछन् । गुगल सर्चमा टाइप गरेका आधारमा चिया, फूल आदि आफूलाई मन परेको कुराको सुगन्ध आउनेछ । एकछिन है, यो ठट्टा मात्र हो, के तपाईं कम्प्युटरको स्क्रिन सुँघ्न थाल्नुभएको त छैन ?

### ट्विट लेखेको पैसा तिर्नुपर्ने

ट्विटरको खस्कँदो आर्थिक स्थितिलाई माथि उठाउन ट्विटरले अंग्रेजी स्वरवर्ण (ए, ई, आई, ओ, यू) अक्षरबाट आउने शब्द लेखे शुल्क लाग्ने व्यवस्था गर्ने भएको छ । यद्यपि व्यञ्जन वर्णबाट आउने शब्द लेख्दा भने कुनै शुल्क लाग्नेछैन । ट्विटरले आफ्नो वेबसाइटमा ब्लग लेख्दै स्वरवर्णबाट ट्विट लेख्न चाहने प्रयोगकर्ताले मासिक ५ डलर तिर्नु पर्ने घोषणा गरेको हो ।



### कुकुर बिरालाका लागि सोनीको ऐनिमेलिया

इलेक्ट्रोनिक्स सामान उत्पादन गर्ने कम्पनी सोनीले इन्टरनेटमार्फत एउटा अनौठो जानकारी बाहिर ल्याएको छ । सोनीले चारखुट्टे जनावरहरूको आवश्यकतालाई ध्यानमा राख्दै एउटा विशेष प्रोडक्ट बजारमा ल्याउने तयारी गरेको जानकारी दिएको हो । सोनीले तयार पार्ने उक्त विशेष प्रोडक्ट 'ऐनिमेलिया' नामक टेलिभिजन हुनेछ, जसको रंग कुकुरको आँखालाई ध्यानमा राख्दै ट्रान्समिट हुनेछ । यसमा पन्जाले चलाउन मिल्ने रिमोट पनि उपलब्ध हुन्छ । यसको अर्को विशेषता हो हेडफोन– संगीत मन पराउने बिरालाहरूका लागि । सोनीले पिँजडामा फिट गर्न सकिने स्पिकर हैमस्टर्स पनि तयार पारेको छ, जसले गर्दा जनावरहरू पनि मानिसले जस्तै स्पिकरमा संगीत सुनेर काम गर्न सक्छन् ।




### गार्डियन समाचार दिने चस्मा

बेलायती अखबार गार्डियनले एउटा अनौठो चस्मा बजारमा उतार्ने घोषणा गरेको छ । त्यो यस्तो चस्मा हुनेछ, जसलाई लगाएर हेर्दा आँखा जता पर्छ, त्यससँग जोडिएका सबै जानकारी र सन्दर्भ आँखा अगाडि लिखित रूपमा देखिनेछ । यस्तो चमत्कारिक चस्मासम्बन्धी जानकारी अखबारका सम्पादकले एक भिडियोमार्फत दिएका हुन् । भिडियोको अन्तमा अखबारले भनेको छ कि यो चस्मा कुनै स्टोरमा उपलब्ध छैन, यसलाई अनलाइन अर्डर गर्नुपर्नेछ र त्यो एक वर्षपछि प्राप्त गर्न सकिनेछ । अब तपाई उक्त चस्मा अर्डर गर्नतिर चाहिँ नलाग्नुहोला नि ।




### युट्युब बन्द हुने

भिडियो अपलोड गर्ने लोकप्रिय वेबसाइट युट्युब बन्द हुने भएको छ । ३१ मार्चमा एक विज्ञप्ति जारी गर्दै युट्युबले १ अप्रिलदेखि आफ्नो वेबसाइट बन्द हुने घोषणा गरेको हो । आठ वर्षअघि सुरु गरिएको युट्युबको उद्देश्य संसारकै सबैभन्दा राम्रो भिडियो खोज्ने रहेको वेबसाइटमा उल्लेख छ । युट्युबका अनुसार उसले एउटा प्यानल बनाएको छ, जसमा संसारभरका चुनिएका फिल्म क्रिटिक्सहरू छन्, जसले यसअघिका १० वर्षमा अपलोड गरिएका हजारौं भिडियो हेर्नेछन् । वेबसाइटका अनुसार २०२३ मा सबैभन्दा राम्रो भिडियो विजेताको नाम घोषणा गरिनेछ ।

चिन्ता नगर्नुहोस्, युट्युबले अहिले पनि काम गरिरहेको छ ।

## कहाँ-कसरी मनाइन्छ ?

विभिन्न देशमा विभिन्न किसिमले अप्रिल फूल मनाइन्छ । अप्रिल फूललाई मनोरञ्जक बनाउने आ-आफ्नै शैली छन् ।

जापान : यो दिन जापानमा चंगा उडाउने चलन छ । बालबालिकाहरू आफ्नो चंगामा इनाम लेखेर उडाउँछन् । उक्त चंगा पक्रेर इनाम माग्न आउनेहरू अप्रिल फूल बन्छन् ।

इंग्ल्यान्ड : इंग्ल्यान्डमा अप्रिल फूलको दिन अत्यन्तै मनोरञ्जक एवं रोचक कार्यक्रमहरू आयोजित हुन्छन् । ती कार्यक्रममा मुर्खताले भरिपूर्ण गतिविधिमार्फत एक-अर्कालाई मनोरन्जन प्रदान गरिन्छ ।

स्कटल्यान्ड : स्कटल्यान्डमा मुर्ख दिवसलाई हन्टिङ द फूलको नामले चिनिन्छ । यो दिन कुखुरा चोर्नु त्यहाँको विशेष परम्परा मानिन्छ । यसमा कुखुराको मालिकले पनि नराम्रो मान्दैनन् ।

डेनमार्क : डेनमार्कमा अप्रिल १ मै अप्रिल फूल मनाइन्छ, त्यहाँ यसलाई 'मज कट' भन्ने चलन छ ।

इटली, फ्रान्स, बेल्जियम तथा नेदरल्यान्ड्स : फ्रेन्च भाषा पनि बोलिने यी देशमा कागजको माछा बनाएर मानिसको पछाडि टाँसिदिएर मूर्ख बनाइन्छ ।

इरान : फारसी नववर्षको १३ औं दिन एक-अर्कालाई हैरान पार्ने काम हुन्छ, जुन १ वा २ अप्रिलका दिन पर्छ ।

## अप्रिल फूल

@mankoaawaj
कसैलाई पनि यति धेरै विश्वास नगर्नुस् कि तपाईंको जीवन नै अप्रिल फूल बनोस् ।

@koshisojha
सबैभन्दा बच्नु पर्ने भनेकै मिडियासँग हो । नेपाली मिडियाहरू अप्रिल फूल मनाउन अभ्यस्त भैसकेका छन् ।

@sandeshsigdel8
हेल्लो नेताज्यू चुनाव हो क्या, अप्रिल फूल होइन । कति झुट बोल्या भनेको ?

@AadityaDhungel1
न घर छ, न स्कुल छ, न पानी छ, न मूल छ । हरेक दिन नेपालमा अप्रिल फूल छ । तैपनि नेपाली हेर कति कुल छ । मान्छेको त कुरै नगर यहाँ, भैंसीलाई समेत झुल छ ।

@ranjitkar_uttam
आखिर सलमान खानले पनि अप्रिल फूल बनाइ दिए नेपालीहरूलाई ।

@hypersubas
यो पर्पोज डे त फेब्रुअरीमा भन्दा नि अप्रिल १ मा हुनुपर्ने, मानि भने मानि हाली, मानिन भने- दिदी अप्रिल फूल ।

@SpandanHTT
एउटीलाई रानी बनाएर राख्छु भनेको के थें, अप्रिल फूल बनाउन कोही भेटिनस् भनेर ६ नम्बरको चप्पलले ९ नम्बरको छाप बसाइ दि । सच्चाइको त जमानै रहेन भन्या !

@ajayRAI_
कृपया विवाहित पुरुषहरूलाई अप्रिल फूल नबनाउनु होला । उनीहरू पहिलेदेखि नै ससुरालीबाट पीडित छन्- जनहितमा जारी ।

@Preciouskarki11
कसैको जीवनमै असर पर्ने गरी झुट नबोलौं- अप्रिल फूलको अग्रिम शुभकामना ।

@tapan_gm
अप्रिल फूल मनाउन अरूलाई हदैसम्म दु:ख नदिऊँ । दिल दुखाउने काम जाति होइन, चाहे आफ्नो होस् वा पराईको । संयमित बनौं, बनाउँ ।

@g_unlucky
फ्री वाइफाई अनि घर-घरमा ग्यासका पाइप पुर्‍याउँछौं भनी ३ सय ६४ दिन नै अप्रिल फूल बनाई रा'छन् । आज एक दिन साथीभाइले बनाए पत्याइ दिए जस्तो गरुम् न त ।

@mahara_r
हैट, अप्रिल फूल मनाउनुको पनि हद हुन्छ नि यार । बिहान-बिहानै फोन गरेर मेरो पेटमा तिम्रो बच्चा छ रे ।

@sigdelumesh
यो अप्रिल फूलको महत्व कसैले बुझाइदिनुस् न प्लिज । तेरो घरको फलानो सदस्यलाई नीलो टिपरले हान्यो, तुरुन्तै हस्पिटल आइज भन्नु अप्रिल फूल हो ?

@HatefulPrince
आज रुम सर्नु परो...भरे आउँछु है भनेर नयाँ घरधनीलाई कल गरेको, अप्रिल फूल हो कि साँच्चै भनेर पत्याउनै मानेन । सम्झाउँदाको सास्ती ।

@abhashadhikari
अप्रिल फूल त हाम्रा बाले मनाउँथे । बाबु कुनै केटी मन पर्‍या छ भने भन, म कुरा गर्दिन्छु भने । आफू सोझो मान्छे नाम भन्देको त बुढाले रामधुलाई दिए, नपढी केटी घुमाउँछस् भन्दै ।

@abhashadhikari
कांग्रेसले समाजवादमा झुक्यायो । एमालेको जवज र माओवादीको जनमुक्ति पनि देखियो । अप्रिल फूल उहिल्यैदेखि छ हामीकहाँ ।

@khadkanirmal1
लामखुट्टे आयो, चाहियो झुल । बेला न कुबेला, के-को अप्रिल फूल ?

@SujuSuj73555040
इमान्दारहरूका लागि मात्र हो अप्रिल १ को अप्रिल फूल । गफाडीहरूका लागि सधैं अप्रिल फूलै अप्रिल फूल ।

@prathikashya
अरूलाई अप्रिल फूल बनाउन फोन गरी झुटा कुरा सुनाइ सबैलाई दु:ख दिँदै हिँडेको रामे घरमा फोन गर्दा बूढी पोइल गएको खबरले आफैं अप्रिल फूल हुन्छ- लघुकथा ।

@suryaoli9
अप्रिल फूलमा पनि चुप लागेर बसियो आफू । मूर्खै-मूर्ख भएको देशमा खै कसलाई मूर्ख बनाउनु ? हाम्रा नेताहरूले वर्षमा ३ सय ६५ दिनै अप्रिल फूल मनाउँछन् ।

अपराध



# श्रीमतीसँग सल्किएको आशंकामा भतिजाको हत्या

आफ्नै काकाबाट मारिन्छु भन्ने के लागेको थियो र झापा, दमक-७ का राजेश मल्लिकलाई, तर त्यस्तै भयो, २०७४ कात्तिक २५ गते उनी आफ्नै काकाद्वारा मारिए। दमककै व्यस्त चोकमा अवस्थित त्रिवेणी गेष्ट हाउसमा १९ वर्षीय राजेश मृत भेटिए, त्यो पनि हत्या गरिएको अवस्थामा। उनको कोखामा धारिलो छुरा प्रहार गरिएको थियो। गेस्ट हाउसको १०४ नम्बर कोठामा बाहिरबाट चुकुल लगाइएको अवस्थामा दिउँसो ५ बजेतिर राजेशको शव फेला परेको थियो। हत्याका अभियुक्त थिए, राजेशका आफ्नै २६ वर्षीय काका भोला भनिने नरेश मल्लिक।

राजेश दमकस्थित हिमालय माविमा कक्षा १२ मा अध्ययनरत थिए। उनीहरूको परिवार सगोलमै थियो। काका नरेश, काकी, बुवा-आमा सबै एउटै घरमा बस्थे। गुजाराका लागि राजेशले स्थानीय गेस्ट हाउस त्रिवेणीको व्यवस्थापकीय जिम्मा लिएका थिए। विज्ञान विषय अध्ययनरत राजेश घर र गेस्टहाउसको कामकाज भ्याएसम्म गर्थे।

### प्रतिशोध साध्न हत्या

बयानका क्रममा अभियुक्तले काकी (आफ्नी श्रीमती)सँग हाँसखेल गरेको र जिस्किएको प्रतिशोध साँध्न भतिजाको हत्या गरेको बयान दिएका छन्। शंकालु स्वभावका नरेशले आफ्नी श्रीमतीसँग भतिजा राजेश निकै नजिक भएको अनुमान गरेका थिए। त्यही आशंकाले ठूलो घटनाको रूप लियो। काका-भतिजाबीचको त्यही कुराले कुटाकुट हुने स्थिति सिर्जना भएपछि नरेशले भतिजामाथि एक्कासी चक्कु प्रहार गरे। चक्कु प्रहारबाट छटपटाएका राजेशले केहीबेरमै श्वास फेर्न छाडे। घटना लगत्तै शवलाई त्यही छाडी बाहिरबाट चुकुल लगाएर काका नरेश फरार भए। यता आफन्त तथा छरछिमेकीहरूले भने मृतक राजेशको चालचलन त्यस्तो नभएको दाबी गरेका छन्। उनका सहपाठीहरू पनि राजेशमा त्यस्तो उच्छङ्खल स्वभाव नभएको जिकिर गर्छन्। पीडित परिवार भन्छ- सहानुभूति बटुल्न अभियुक्तले यस्तो नाटक रचेका हुन्।

हत्याभन्दा केही समयअघि मात्र नरेशले ससुराली जाने भन्दै राजेशसँग ३ हजार रुपैयाँ लिएको बयान प्रहरीलाई दिएका छन्। घटनाअघि अभियुक्तले राजेश कार्यरत गेस्टहाउसमा पानी र कोक पिएका थिए।

शुक्रबार बिहान हत्यामा संलग्न भनिएका नरेशलाई पक्राउ गरिएपछि इलाका प्रहरी कार्यालय दमकका प्रमुख तथा नायब प्रहरी उपरीक्षक (डिएसपी) दीपक गिरी भन्छन्– हामीले लामो समयको मेहनतपछि अभियुक्तलाई पक्राउ गरेका छौं तर विस्तृत कारण खुल्न बाँकी नै छ। प्रहरीसँगको बयानमा नरेशले आफ्नी श्रीमती र राजेशबीचको शंकास्पद सम्बन्धले आफूलाई आक्रोशित तुल्याएको बताएका छन्। भतिजा र श्रीमतीबीचको सम्बन्धमा शंका लागेको अभियुक्त नरेशको जिकिर छ। डिएसपी गिरी भन्छन्- यसको विस्तृत अनुसन्धानजारी छ।

### काँकडभिट्टाबाट समातिए

राजेशको हत्या भएको करिब पाँच महिनापछि प्रहरीले उनको हत्यामा संलग्न काकालाई पक्राउ गरेको हो। डिएसपी दीपक गिरी घटनालगत्तै अपराधीलाई पक्राउ गर्न प्रहरी सक्रिय भए पनि हत्याका शंकास्पद अभियुक्तलाई करिब पाँच महिनापछि मात्र समात्न सकिएको बताउँछन्। डिएसपी गिरीका अनुसार जोगवनी हुँदै भारत पसेका नरेश भारतको पश्चिम बंगालमा पर्ने मतिगडामा बस्दै आएकोसुराक प्रहरीले पहिल्यै पाएको थियो। भारतमै छँदा उनी सीमावर्ती क्षेत्रसम्म आएर केही व्यक्तिलाई भेट्ने गरेको सूचना पनि प्रहरीसँग थियो।

डिएसपी गिरीका अनुसार त्यसैले प्रहरीले सीमावर्ती शहर मेचीनगरको काँकडभिट्टामा विशेष निगरानी गरिरहेको थियो। डिएसपी गिरी भन्छन्- यसमा हामीले निरन्तर फलोअप गरिरहयौं। नरेश आएको थाहा पाएपछि क्षेत्रको अनुसन्धान टोलीसहित म आफैं समेत गएर काँकडभिट्टाबाट पक्राउ गरेर ल्याएका हौं। गत शुक्रबार नै स्थानीय जनप्रतिनिधि तथा पीडित परिवारको उपस्थितिमा दमक प्रहरीले पत्रकार सम्मेलन गरी अभियुक्तलाई सार्वजनिक गरेको थियो।

यो घटनाको अनुसन्धानमा प्रदेश नम्बर-१ प्रहरी कार्यालयको क्षेत्रीय अनुसन्धान समूहबाट प्रहरी निरीक्षक हेमराज ओली तथा प्रहरी नायब निरीक्षक लेखनाथ दाहाल पनि खटिएका थिए। पक्राउ गरिए पछि अभियुक्तलाई जिल्ला अदालत झापामा उपस्थित गराई कर्तव्य ज्यान मुद्दामा १० दिने म्याद थप गराई अनुसन्धान भैरहेको प्रहरीले जनाएको छ।

### ढिलाइको कारण

घटना दमकको मुख्य चोकमा भए पनि उक्त सूचना प्रहरीसम्म समयमै नआउँदा अभियुक्त तत्काल उम्कन सफल भएको प्रहरी अधिकारीहरू बताउँछन्। घटना भएको तीन-चार घण्टा पछि मात्र बल्ल खबर आयो, डिएसपी गिरीले बताए। व्यस्त चोकको तेस्रो तल्लामा घटना भए पनि गेस्टहाउसमा खासै चहलपहल नहुँदा घटना बाहिर आउन ढिलाइ भएको थियो।

घटना भएकै दिन क्षेत्रीय प्रहरी कार्यालयको कुकुरसहितको टोली त्यहाँ पुगेको थियो। कुकुर झिकाएर अनुसन्धान गरिए पनि त्यतिन्जेलसम्म अपराधी भागिसकेको निष्कर्ष प्रहरीको थियो। मल्लिकको हत्यापछि दमकमा विद्यार्थीहरूले विरोध प्रदर्शन गर्दै हत्यारालाई पक्राउ गर्न दबाबसमेत दिएका थिए।

विष्णु सुब्बा

# श्रीमान् फेर्दै, सम्पत्ति कुम्ल्याउँदै

नेपाली समाजमा विवाह सम्बन्ध महिला-पुरुषलाई जीवनपर्यन्त एक-अर्कासँग जोड्ने डोरी मानिन्छ, तर फैलँदो आर्थिक दायरा, सामाजिक एवं मानसिक विचलन तथा सुखभोगको लालसाका कारण त्यही डोरी श्रीमान्को सम्पत्ति हड्प्ने गलपासो बनिरहेको पाइन्छ।

बाह्रबीसे नगरपालिकाअन्तर्गतको विकट गाउँकी समीक्षा कार्की (नाम परिवर्तन) को काठमाडौंका देवेन्द्र आचार्यसँग प्रेम बस्यो। २४ वर्षीया समीक्षा र २३ वर्षीय देवेन्द्र दुवै एक-अर्काबिना बाँच्न नसक्ने भएपछि परिवारको सहमतिमा धूमधामसँग विवाह भयो। विवाह गरेको एक वर्षमा उनीहरूको छोरा भयो। छोरा पाएपछि समीक्षाले माइत आएको मौका पारेर इलाका प्रहरी चौकी बाह्रबीसेमा श्रीमान्ले आफूलाई यातना दिएको जाहेरी दिइन्। श्रीमान् देवेन्द्रले आफूले पारपाचुके गर्न नचाहेको भन्दै इन्कार गरे। हेर्दाहेर्दै विवाद चर्किएर परिवारको प्रतिष्ठासम्म पुग्यो। त्यसपछि समीक्षाले आफ्नो ३ लाख रुपैयाँ लिँदै देवेन्द्रसँग डिभोर्स गरिन्।

श्रीमान् देवेन्द्र र उनको परिवारले त्यसैमा चित्त बुझाए। फेरि वर्ष दिनपछि तीनै समीक्षा अर्का श्रीमान्विरुद्ध हकदाबी गर्दै प्रहरी चौकी पुगिन्। त्यतिबेला प्रहरीले आलटाल गर्ने कुरै थिएन। दोस्रो श्रीमान् दलेन्द्र खड्का (नाम परिवर्तन) सँग २ लाख लिएर उनी अकस्मात् गायब भइन्।

जुगल गाउँपालिकाकी २७ वर्षीया मिठु विक एक्कासि घरबाट हराइन्। प्रहरी र पति यमराजद्वारा उनको तीव्र खोजी गरियो। घरबाट सुन र पैसा लिएर हिँडेकी मिठुले वर्ष दिनपछि नयाँ श्रीमानसँगै घरमा आएर आफ्नो हक मागिन्। लामो समयपछि भेटिएकी श्रीमती अरूसँगै आएपछि श्रीमान् छाँगाबाट खसेजस्ता भए। अझ, त्यसमाथि आफ्नो सम्पत्तिमाथिको हकदाबीले उनलाई हैरान बनायो। दुवैबीच हात हालाहालको अवस्था सिर्जना भयो। कुरा प्रहरीसम्म पुगेपछि श्रीमान्ले श्रीमतीको इच्छाबमोजिम सम्पत्ति दिन करै लाग्यो।

श्रीमान् यमराजतर्फका दुई सन्तानलाई समेत बेसहारा बनाएर श्रीमती मिठु नयाँ श्रीमान् बेतकुमारसँग लागिन्। नौ महिनापछि फेरि तिनै मिठु बेतकुमारले आफूविरुद्ध यौनहिंसा गरेको भन्दै सम्बन्ध तोड्ने क्रममा जिल्ला प्रहरी कार्यालय धाइरहेकी भेटिइन्। लामो समयपछि बेतसँग राम्रै रकम लिएर उनी नयाँ युवक सुवाससँग बेपत्ता भइन्।

त्रिपुराकै २८ वर्षीया कबोलमाया थामीले एक वर्ष नपुग्दै श्रीमान् हलबहादुर तिमल्सिनासँग सम्बन्ध तोडिन्। विवाहमा आएको पैसा र गहना लिएर हराएकी थामी काठमाडौंमा नयाँ श्रीमान् द्रविन्द्र दंगालसँग फेला परिन्। गहना किन्न नसकेका कारणले कबोलमायाले घर छाडेको छिमेकीहरूको अनुमान थियो। काठमाडौंका द्रविन्द्रसँग पनि उनको सम्बन्ध टिकिरहन सकेन। दुई वर्षपछि उनीहरूबीच सम्बन्ध-विच्छेद भयो। कबोलमायाले आफूलाई कुटपिट गरेको भन्दै छोडपत्र मागिन्। द्रविन्द्रलाई छोडेलगत्तै अहिले थामीले कवीन्द्र घोरासैनीलाई नयाँ श्रीमान् बनाएकी छिन्।

विवाह गरेको आठ महिना नपुग्दै चौतारा साँगाचोकगढी नगरकी कान्ती तामाङले एकाएक कसैलाई खबर नदिई घर छाडिन्। श्रीमान् सुरेन्द्र गुरुङ र आफूले जम्मा गरेको सबै रकम लिएर हराएकी कान्ति झन्डै १० महिनापछि घर फर्किइन्।

नयाँ श्रीमान् सुरेशसँग जमेकी कान्ति घरमा आफू बाँचेको खबर दिन आएको भन्दै बिदा भइन्। यद्यपि सुरेशसँग उनको सम्बन्ध टिक्न सकेन। आठ महिना नपुग्दै उनले आफ्नो हकको रकम लिन उजुरी हालिन्। कान्ति अदालती प्रक्रियाबाट आफ्नो हिस्साको सम्पत्ति लिएर बेपत्ता भइन्।

माथिका घटना केही प्रतिनिधि घटना मात्र हुन्। सिन्धुपाल्चोकमा यस्ता दर्जनौं घटना प्रहरी तथा अदालतसमक्ष पुगेका छन्। 'सेन्टिमेन्ट'को प्रयोग गरेर सम्पत्तिका लागि विवाह गर्ने स्वभाव भएका महिलाका कथा प्रशस्तै छन्। सम्पत्तिको प्रलोभनमा परेर अधिकार भन्दै श्रीमान् फेर्ने क्रम अत्यधिक बढेको प्रहरी उपरीक्षक मोहनप्रसाद पोखरेल बताउँछन्।

अरूको जीवनशैलीबाट प्रभावित भएको वा आन्तरिक असन्तुष्टिका कारण दम्पतीहरू छुट्टिने गरेको प्रहरी उपरीक्षक पोखरेल बताउँछन्। वैवाहिक सम्बन्धलाई जीवनपर्यन्त सम्बन्धका रूपमा लिने नेपाली समाजमा घट्न थालेका यस्ता घटनाले पूर्वीय समाजको महत्वपूर्ण सामाजिक परम्परा विवाह-सम्बन्ध नै धर्मराउन थालेको आभास हुन्छ। यसमा महिला-पुरुष दुवै दोषी देखिएको महिला तथा बालबालिका कार्यालयकी नानीमैयाँ बस्नेत बताउँछिन्। 'सम्पत्ति नै हडप्न विवाह गर्नेहरूमा प्रायः पढेलेखेका पाइन्छन्, बदलिँदो प्रविधि र आधुनिकताले यस्तो अवस्था निम्त्याइरहेको छ भन्दा फरक पर्दैन,' उनले भनिन्। यस्ता घटनामा केही अपवादका रूपमा कम पढेलेखेकाहरू संलग्न रहने उनले बताइन्।

प्रहरी र सामाजिक कार्यक्रमले रोक्न नसकेको अवस्थामा यस्तो स्वभाव जतातते मौलाइरहेको छ। ललाइफकाइ वा पर पुरुषसँगको प्रेमबाट प्रभावित भएर यस्ता घटना घट्ने बस्नेतको अनुभव छ। फेसबुक, ट्विटर, इमो आदिको तीव्र विकाससँगै सम्बन्धमा नयाँ-नयाँ किसिमका समस्या सिर्जना हुन थालेका छन्। अरूको सुविधासम्पन्न जीवनस्तर देखेर उनीहरूमा यस्तो 'आइडिया' आएको हुन सक्ने बस्नेतको बुझाइ छ।

मनोवैज्ञानिक रूपमा अति दुःख पाएका वा धेरै सुखी जीवन बिताइरहेको अवस्थामा अचानक जीवनस्तर खस्किएपछि पहिलेकै अवस्थामा आउन पनि यस्ता घटना हुने गरेका छन्। '२-४ लाख रुपैयाँका लागि विवाहको नाटक गरेर अलगिने घटना पनि प्रशस्तै छन्,' बस्नेत भन्छिन्।

अनिश तिवारी

लेखक कुराकानी

# आरोप झूटो हो

शिवानीसिंह थारुका थुप्रै परिचय छन् । मोडल, भिजे, एयर होस्टेस, नाटक लेखक तथा निर्देशक । यसमा अर्को परिचय थपिँदैछ- लेखिका । चैत २९ गते उनको उपन्यास काठमाडौंमा एक दिन सार्वजनिक हुँदैछ । फाइन प्रिन्टले बजारमा ल्याउन लागेको यो पुस्तक बजारमा आउनुअघि नै चर्चामा छ । बीबीसी मिडिया एक्सनमा नाटक लेखक तथा निर्देशकका रुपमा काम गर्दागर्दै पुस्तक लेख्नकै लागि जागिर छाडेकी थारुसँग साप्ताहिकका लागि नरेन्द्र रौलेले गरेको कुराकानी :



तस्बिर : किशोर कायस्थ

शिवानीसिंह थारु, लेखिका

**काठमाडौंमा एक दिन पुस्तक सार्वजनिक नहुँदै यसको आवरण डिजाइन चोरीको आरोप खेप्नुपर्‍यो । यसलाई कसरी लिनुहुन्छ ?**

यो आवरणलाई लिएर मानिसहरूले सामाजिक सञ्जालमा अनेक टीका-टिप्पणी गरे । कतिले चोरेको भनेर आरोप लगाए, तर यो चोरी होइन । यो असिम शाक्यजीको डिजिटल पेन्टिङ हो । त्यसको मोडल सबिर चुरौटे हुनुहुन्छ । उहाँ नाटकमा पनि अभियन गर्नुहुन्छ । आवरणमा देखिएको गिद्धको सुड र प्वाँख कुनै फन्डा होइन । त्यो कथामा जोडिएको एउटा घटनासँग सम्बन्धित छ । केटाले बन्दुक लिएर उभिएको जुन पोज छ, त्यो अर्को फोटोसँग संयोगवश मिल्न गएको मात्र हो । यसलाई चोरिएको भनिँदैन । यस्तो पोज हलिउड, बलिउडका पोस्टरमा पनि देख्न सकिन्छ । सामाजिक सञ्जालमा त्यसैलाई विषय बनाएर रमाइलो गर्नेहरूलाई रमाइलो गर्न दिनुपर्छ ।

**नेपालमा पुस्तकको कभर सार्वजनिक गर्ने कार्यक्रम खासै हुँदैनन् । औपचारिक कार्यक्रममार्फत तपाईंको पुस्तकको कभर सार्वजनिक गरियो । यो सोच कहाँबाट आयो ?**

पुस्तकको आवरण कत्तिको महत्वपूर्ण हुन्छ भन्ने कुरा बुझाउन उक्त कार्यक्रम गरिएको हो । पुस्तकको कभर सशक्त छ भने त्यसले आममानिसमा कौतूहलता जन्माउँछ । अर्कातिर त्यसले बिक्रीमा सिधै फरक पार्छ । आवरण नै पुस्तक पढौं-पढौं लाग्ने खालको होस् । मेरो पुस्तकको आवरण भिन्न प्रकृतिको छ । सबैले चलचित्रको पोस्टर जस्तो भयो, अलि कलात्मक खालको बनाएको भए हुन्थ्यो पनि भन्नुभएको छ । तर नेपालमा पुस्तकको आवरण सार्वजनिक हुने कार्यक्रम सुरुवात हुँदै जान्छ होला ।

**पुस्तकको शीर्षक काठमाडौंमा एक दिन कसरी जुर्‍यो अनि आवरण कसरी तयार पारियो ?**

काठमाडौंमा एक दिन उपन्यासमा एक दिनको घटना मात्र छ । त्यो शीर्षकबाटै प्रस्ट हुन्छ । मैले उपन्यासको सारांश असिम शाक्यलाई दिएकी थिएँ । त्यसमा मधेस पनि आउनुपर्‍यो, त्यहाँको एउटा पात्र छ, उसको आक्रोश पनि आउनुपर्‍यो, पुस्तकमा एक किसिमको सस्पेन्स छ, त्यो र काठमाडौंको चित्र आउनुपर्‍यो भनेकी थिएँ । त्यसैका आधारमा पुस्तकको आवरण तयार भयो ।

**यो उपन्यास कुन विषयमा केन्द्रित छ ?**

यसमा सस्पेन्स टाइपको कथा छ । राजनीतिक तथा सामाजिक कथामा आधारित विषयवस्तु छ । सस्पेन्स टाइपको भएकाले म धेरै कुरा खुलाउन चाहन्न । ती कुरा अहिल्यै भनिदिँदा उपन्यास पढ्दा त्यति मज्जा नआउन सक्छ । उपन्यास सार्वजनिक भैसकेपछि थाहा भैहाल्छ ।

**एउटा पुस्तक लेख्न नौ वर्ष लगाउनुभयो । किन यत्रो समय लाग्यो ?**

किताब लेख्नकै लागि मैले बीबीसीको जागिर छाडें । कमाइ पनि राम्रै थियो । पटक-पटक अध्ययन, अनुसन्धान र फिल्ड भिजिट गरियो । देशमा राजनीतिक फेरबदल भैरह्यो । पहिले लेखिएका राजनीतिक मुद्दा फेरिए । त्यसबाहेक मैले यसलाई धेरै पटक पुनर्लेखन गरेकी छु । अर्को पुस्तकमा त्यस्तो गर्नु नपरोस् भनेर कामना पनि गरेकी छु । त्यस क्रममा पुस्तकका दुईवटा पात्रलाई नै हटाएँ । सुरुमा जस्तो पनि लेख्न सक्छु जस्तो लाग्यो । जब मैले पाठक बनेर आफ्नै उपन्यास पढें, त्यसपछि धेरै पटक पुनर्लेखन गरें । कति पटक पुनर्लेखन गरियो, गन्नै छाडें ।

**नौ वर्षको मेहनतपछि उपन्यास सार्वजनिक हुँदैछ । मन कतिको हलुंगो छ ?**

थोरै मात्र हलुंगो भएको छ । दिमागमा अर्को कथा फुरिसकेको छ । मैले अर्को पुस्तक लेख्नुपर्छ । त्यसैले यो उपन्यासको विमोचन चाँडै सकियोस् र अर्को कथा, नाटक लेख्न बसूँजस्तै भैसकेको छ ।

**कसको लेखनबाट ईर्ष्या लाग्छ ?**

धेरै छन् त्यस्ता । अंग्रेजी लेखकहरू छन् । नेपालमा बीपी कोइराला, आई.बी. राई, धच गोतामे, बुद्धिसागर, नयनराज पाण्डे । सबैभन्दा बढी भैरव अर्यालको लेखनबाट । उहाँले मीठा र राम्रा शब्दहरू प्रयोग गर्नुभएको छ, त्यो खालका शब्द अर्यालबाहेक अरू कसैले सिर्जना गर्न सक्दैनन् ।

**तपाईंका प्रिय लेखक को-को हुन् ?**

मलाई हुरुक्क पारेको नाइन्स ड्र्यु, एनेब ब्लोइटन तथा हार्डी ब्वायका साहसिक कथाहरूले हो । जब सर आर्थर कोनान डोयलको सालक होम्स पढें, त्यसपछि मलाई भित्रैबाट उहाँजस्तो कसैले लेख्न सक्दैन । सक्यो भने त्यो भगवान् नै हो भन्ने लाग्यो । उहाँमेरो आदर्श हो । प्रिय लेखकमा चार्ल्स डिकेन्सलगायत अरू पनि छन् ।

मुक्तक

## चार मुक्तक

शान्ति जोशी



१.
कोही नाँच्दैछन, यहाँ कोही रुँदै छन्,
रोजगारी नपाएर युवा पलायन हुँदै छन्
खुसी दिएर फेरि दैव धुरुक्क रुवायौ,
सहन नसकी वियोगी पीडा मुटु छुँदै छन् ।

२.
म रात बने तिमी जून बनिदिनू
विश्वास गर्छु साथ छ भनिदिनू
प्रकाश रहँदैन जीवनमा सधैँ
अँध्यारो भए दीपहरू छरिदिनू ।




३.
आँखाभरि सपना सजाई आएँ
तिम्रो जीवनमा
रमाए म बाँसुरीको संगीतमय
मीठो त्यो धुनमा
शीतल पानीको थोपासरि
बनेर आयौ तिमी
छमछम पाउजुको तालमा
नाँचे घर आँगनमा ।

४.
दुःखीहरूलाइ हुन्छ सधैँभरि दुखैदुःख,
महसुस गर्दैनौ तबसम्म आउँदैन सुख
कहिले आउला कि सुख पर्खिरहन्छ ऊ
दुःखलाइ जित्छ जसले जित हुन्छ ढुक्क ।

लघु कथा

## ब्यागको चेन

प्रतीक गौतम



गाडी जाम थिए । छेउबाट एउटी युवतीले हर्न बजाई । हेरें, राम्री थिई ऊ । 'तपाईंको ब्यागको चेन खुल्ला छ,' उसले भनी । बीचमै रोक्न नमिल्ने थियो । 'ए, हो र ?' जस्तो संकेत दिएँ मैले ।

'छेउमा लगेर रोक्नु' भन्ने संकेत दिई उसले । बिस्तारै छेउपट्टि लगेर रोकें । ऊ पनि पछिपछि आई । स्कुटर रोकी र मेरो ब्यागको चेन लगाइदिई र तुरुन्तै स्कुटर हुइँक्याई । मैले धन्यवाद दिएँ । त्यो हूलमा, त्यो कोलाहलमा उसले सुनी-सुनिन, मलाई थाह भएन ।

होइन, यत्रो ठूलो हूलमा किन उसलाई मात्र चासो ? अरू कसैले पनि त भन्न सक्थे । किन उसले नै भनी ? फेरि म किन यति लुच्चो भएको ? अलि सुन्ने गरी मैले धन्यवाद दिनुपर्थ्यो । म उसको पछि-पछि हुइँकिन थालें- मात्र 'धन्यवाद' भन्न । अलि अगाडि ट्राफिक जाम थियो । बल्ल-तल्ल उसकै छेउमा गएर रोकें ।

'धन्यवाद है,' मैले भनें ।

मुसुक्क हाँसी, केही बोलिनँ ऊ ।

जवाफमा मैले पनि मीठो हाँसो फालें ।

तुरुन्तै जाम खुल्यो, ऊ हुइँकिई । हावाले उसका केश फिर्रफिर्र उडाइरहेको थियो ।

लाग्यो, उसको काम गर्ने अफिस मैले पत्ता लगाउनैपर्छ । म उसको पछि-पछि लागें । करिब १५ मिनेटको यात्रापछि ऊ एउटा रेस्टुराँमा छिरी अनि मचाहीं छेउपट्टिको चियापसलमा छिरें । चुरोट सल्काएँ ।

उसले मलाई देखी भने फेरि धन्यवाद भनौं ? म दोधारमा परें ।

'किन पिछा गरेको भनी भने ?' ऊ मलाई कुन औकातको सोच्दी हो ?

अर्को तीनओटा चुरोट सल्काएँ, तर ऊ बाहिर आइन । भित्रै गएर उसलाई बोलाऊँ ? अहँ, आँट आएन ।

करिब एक घण्टापछि ऊ निस्किई । लुकेर हेरें उसलाई- राम्री थिई । फटाफट चुरोटको पैसा तिरेर बाइक स्टार्ट गरें र फेरि उसलाई पछ्याउन थालें । अलि अगाडि मात्र के गएको थिएँ, ऊ एकाएक विलीन भै । चौबाटो थियो, चारैतिर हेरें उसलाई, कतै देखिनँ । केही बेरसम्म हेरिरहें, तर ऊ कता गई-गई ।

फेरि आफैंलाई देखेर अचम्म लाग्यो । म किन उसलाई पछ्याउँदै छु ? किन ?

किन - धन्यवाद दिनका लागि ?

किन - ऊसँग बोल्न ?

म आफैंलाई थाहा थिएन । घडी हेरें । अफिस जान ढिलो भैसकेछ । त्यहाँबाट फर्किएँ र आफ्नो अफिसतिर लागें ।

अफिस पुगेर ब्याग हेर्छु त ब्यागको चेन खुल्लै पो छ ।

# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

**यो साता**

चैत १७ गते
पूर्णिमा, हनुमान जयन्ती

चैत १८ गते
विश्व मूर्ख दिवस

## मेष

कसैको प्रस्तावमा आलटाल गरे आपसी दूरी बढ्ने सम्भावना छ। मंगलबारपछिका दिनमा भाग्यले साथ दिन थाल्नुका साथै रोकिएका काममा सफलता हात लाग्नेछ। सामाजिक क्षेत्रमा युवा अभियानको नेतृत्व गर्ने अवसर पाइएला। शुभ तथा पूण्य कार्यमा समय खर्चनुपर्नेछ।

## वृष

कर्मचारी वर्गले समय एवं सेवा तथा कार्यशैलीमा विशेष ध्यान पुर्‍याउनुहोला। नयाँ स्थान तथा क्षेत्रमा पदासिन हुने अवसर जुट्नेछ। नयाँ कार्यक्षेत्र सम्हाल्न ढिलाइ नगर्नुमै आफ्नो कल्याण छ। गुलाबी रंग तथा दक्षिणतर्फको यात्रा फलदायक छन्। वादविवादबाट टाढै रहनुहोला।

## मिथुन

भ्रमण खानपान तथा फेसनमा राम्रै धन खर्च हुनेछ। योजना कार्यान्वयनमा ढिलाइ गर्नाले आफैं पछि परिनेछ। नगद सापटी लिएका साथीहरूले समयमै रकम फिर्ता नगर्दा आर्थिक समस्या आइलाग्न सक्छ। कार्यक्षेत्रमा देखाइने उत्ताउलोपनका कारण विवादित भइनेछ, संयम अपनाउनुहोला।

## कर्कट

खानपानको फेरबदलका कारण शारीरिक दुर्बलता देखा पर्न सक्छ। प्रशंसा गर्नेहरू भित्रभित्रै डाह गर्न थाल्नेछन। संयम एवं बोलीको मधुरताले बिग्रन लागेको सम्बन्धमा मल्हम लगाउन सहयोग गर्नेछन्। छोटो समयमै घनिष्ठ हुन खोज्नेहरूसँग टाढा रहनुमै आफ्नो हित छ।

## सिंह

आर्थिक पक्ष सबल रहनेछ। साँझ तथा बिहानीको समयमा योग, ध्यान एवं भ्रमण गर्न सके शारीरिक ऊर्जा प्राप्त हुनेछ। साझेदारबीच व्यवसायिक विवाद देखा पर्दा, अभिभावकको सुझावले महत्वपुर्ण भूमिका खेल्नेछ। साताको अन्त्यमा दोषारोपण गर्नेहरूले समेत प्रशंसा गर्नेछन्।

## कन्या

प्रियजनसँगको व्यवहारले आपसी दूरी बढाउनेछ। संयम एवं धैर्यता कायम राख्नुहोला। नजिकका नातेदारले आफ्ना भनाइ तथा व्यवहार नसच्याउँदा तिक्तता बढ्नेछ। व्यवहारिक कठिनाइहरूमा ठूला-बडाबाट सुझाव लिए फाइदै हुनेछ।

## तुला

निमन्त्रणमा ढिलो गरी उपस्थित हुँदा साथीभाइहरू चिढिन सक्छन्, समयको ख्याल गर्नुहोला। नयाँ काममा हात हाल्नुपूर्व प्रियजनको सुझाव लिने प्रयत्न गर्नु उपयुक्त हुन्छ। विशिष्ट व्यक्तिको सुझावले सकारात्मक परिणाम दिलाउनेछ। साताको अन्त्यमा स्वास्थ्यप्रति ध्यान दिनुपर्नेछ।

## वृश्चिक

आफन्तलाई वचन दिँदा विचार पुर्‍याउनुहोला। काममा अपेक्षित सफलता हासिल गर्न विशेष प्रयत्न गर्नुपर्नेछ। खर्च वृद्धि हुनसक्छ, धनको जोहो गर्न विशेष ध्यान पुर्‍याउनुहोला। सामाजिक क्षेत्रमा गरिएका कार्यले विपक्षीहरूको षड्यन्त्रलाई निस्तेज तुल्याउनेछ। भोजन तथा दैनिक जीवनचर्यामा अनुशासित रहनुहोला।

## धनु

कसैको साथ खोज्नु आफ्नो हितमा हुनेछैन। व्यापार-व्यवसाय चौपट हुन सक्छ। शनिदेवको विशेष आराधना गर्नुहोला। छोटो समयमै निकट हुन खोज्नेहरूसँग सावधानी अपनाउनुहोला। पहेलो रंग प्रयोग गर्दा कतिपय काम सहजै फत्ते हुनेछन्। द्रुत गतिमा सवारी साधन चलाउँदा विपत्ति आइलाग्न सक्छ।

## मकर

प्रलोभन देखाउनेहरूसँग सचेत रहनुहोला। रचनात्मक कार्य गर्न सके अरूको मन जित्न सकिनेछ। काम सम्पन्न गर्ने सिलसिलामा विवाद भए पनि मेहनत खेर जानेछैन। प्रतिफल हात पार्न प्रशस्त प्रयत्न गर्नुपर्ला। वैदेशिक रोजगारी प्राप्त गर्न अझै केही समय कुर्नुपर्नेछ।

## कुम्भ

परिवारका सदस्यहरूसँग आर्थिक लेनदेनलाई लिएर विवाद हुन सक्छ, कम बोल्नुमै आफ्नो कल्याण छ। विदेश भ्रमण सार्थक बनाउन थप खर्च गर्नुपर्ला। यात्राका क्रममा भेटिएका मित्रले अनुचित फाइदा उठाउने प्रयास गर्न सक्छन्। द्रुत गतिमा सवारी साधन चलाउँदा विपत् आइलाग्न सक्छ।

## मीन

अपरिचित व्यक्तिप्रति विश्वास गर्नाले आर्थिक नोक्सानी बेहोर्नुपर्ने हुनसक्छ। अनुभव नभएको व्यवसायमा मुनाफा दिलाउन प्रेमिकाले खुलेरै सहयोग गर्नेछिन्। व्यवसायका क्रममा विभिन्न स्थानको भ्रमण गर्नुपर्ने हुन सक्छ। विकट क्षेत्रको यात्रामा विशेष सावधानी अपनाउनुहोला।

**अब हाम्रो पालो**

# प्रधानमन्त्री केपी शर्मा ओलीलाई के सुझाव दिनुहुन्छ ?

उखान-टुक्का सुनाएर जनता हँसाउनुको सट्टा देश विकासतर्फ ध्यानाकर्षण गराउन चाहन्छु।

**मिलन बोहरा**

आफ्नो क्षमताले बनेका प्रमलाई पो सुझाव दिनु, उपहारमा पद पाउनेलाई के भन्नू ? उनलाई त प्रचण्डले पो प्रम बनाएका। प्रचण्ड आफैंले भनेको कुरा हो यो।

**कमन ब्वाय अर्जुन**

काम बढी, कुरा कम गर्नुहोस्।

**पुष्पराज चम्लागाईं**

अब देश निर्माणमा अघि बढ्न सबैलाई समेट्नुपर्छ।

१. भूकम्पले भत्काएका हाम्रा सार्वजनिक सम्पत्ति तथा जनताका घर पुनर्निर्माणमा लाग्नुहोस्।

२. खेलमैदान चाँडै निर्माण गरी खेलाडीहरूको मासिक तलब वृद्धि गर्नुहोस्।

३. सडक, बाटो, शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत्जस्ता पूर्वाधार चाँडै ठाउँमा पुगोस्।

४. युवा स्वरोजगारीका निम्ति विभिन्न सीपमूलक तालिम सञ्चालन होस्।

५. भ्रष्टाचार गर्नेहरूलाई पदमुक्त गरी कारबाही गरियोस्।


६. महिला विभेद अन्त्य गरी दाइजो, देउकी तथा छाउपडी आदि प्रथाको पूर्णतः अन्त्य होस्।

७. कृषिक्षेत्रलाई विषादीमुक्त बनाइयोस्।

८. लागूऔषधमा बन्देज गरियोस्।

९. प्रहरी, प्रशासन, बैंक, मालपोत, अस्पताल तथा लोकसेवा आयोगले नातावाद-कृपावादबिना काम गर्ने कानुन बनाइयोस्।

**होमराज न्यौपाने**



कामभन्दा गफ बढी दिने हो भने देशको विकास त त्यस्तै हो, कार्यकर्ताको विकासचाहिँ दन्हैसँग हुन्छ।

**प्रकाश निरौला**

नकारात्मक पक्षलाई तह लगाउन जति क्रूर बन्नुपरे पनि बन्नुहोस्, तर देशमा सुशासन सुरु होस्। त्यस्तो काम गर्न सक्ने दम छैन भने गफ मात्र नदिनुहोला।

**प्रेम श्रेष्ठ**

जनताले सुशासनको अनुभव गर्न सकून्। मन्त्रिपरिषद विस्तार गर्दा युवा, पढेलेखेका तथा सक्षमहरूलाई स्थान दिऊँ। आफ्नालाई होइन, राम्रालाई रोजौं।

**हिमाल खड्का**

प्रधानमन्त्री भएदेखि उखान-टुक्का सुन्न पा'छैन, यसो एक-दुई उखान-टुक्का हानेर मजस्ता सिङ्गलहरूलाई हँसाइदिनुपर्‍यो।

**देवसिंह बोहरा**

> यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । उत्तर चिठ्ठी वा एसएमएस मार्फत पठाउन सकिनेछ ।
> १. नेपाली कांग्रेसले अब के गर्नुपर्ला ?

वरिपरि, छेउछाउ, तलमाथि तथा सँगसँगै भ्रष्टाचार गर्ने-गराउनेहरू छन्, भ्रष्टाचार गर्दिनँ नभन्न सुझाव छ। आखिर यो क्रम न रोकिन्छ, न रोकिएकै छ।

**प्रदीप कार्की**

क्रिकेट राष्ट्रकै गौरव बन्दैछ। कम्तीमा एउटा अन्तर्राष्ट्रिय स्तरको क्रिकेट मैदान तत्काल बनाउनुहोला।

**सुमन बान्तवा राई**

सबैभन्दा पहिले त हाम्रा चेलीबेटीहरूको सुरक्षा हुनुपर्‍यो। दिनहुँ बलात्कारको समाचार मात्र सुन्नुपर्छ। बलात्कार गर्नेहरूलाई कडा सजाय हुनुपर्‍यो।

**सेन लिम्बू**

न्यायपूर्ण राष्ट्र निर्माण होस्। अपराधी तथा हत्याराहरूलाई कठघरामा उभ्याइयोस्। बोलेर भन्दा काम गरेर समृद्ध नेपाल निर्माण गरियोस्। भ्रष्टाचार निर्मूल होस्।

**प्रकाश क्षेत्री**

उखान-टुक्का भनेर होइन, राम्रो काम गरेर जनतालाई हँसाउने काम गर्नुहोस्, आफ्नो प्रशंसा आफै गर्दै नहिंड्नुहोस्। तपाईंले गरेको कामको मूल्यांकन जनताले गर्नेछन्।

**केवल उपरकोटी**

देशले खोजेजस्तो राजनेता बन्नुभएको छ। जनताले के खोजिरहेका छन् बुझ्नुहोस्। जनताको विश्वासको पर्खाल कहिल्यै नभत्काउनुहोस्।

**समपर्ण सन्देश**

देशमा यस्तो सिस्टम ल्याउनुहोस् कि भ्रष्टाचार गर्ने कुनै ठाउँ नरहोस् र जति पनि भ्रष्ट कर्मचारी छन् सबैलाई बर्खास्त गर्नुपर्‍यो।

**अनिल चौधरी**

जुन जोगी आए पनि कानै चिरिएका।

**सुनिल खवास**

पाँच वर्षसम्म मन्त्रिमण्डल परिवर्तन नहोस्।

**निरन**

बिजुलीको गतिमा काम गर, विदेश घुम्ने अनि भाषण गर्ने होइन।

**इफ्तिखार आलम**


**नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना**



CTEVT बाट मान्यता प्राप्त २३ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।

* * * * * * * * * * * * * * * * * * * * *

**नोट:** यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन्।

**ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८,** ठमेल: २०८११०९, लगनखेल बसपार्क: २१२२४४८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: २०४२६५२, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-६२२०९५, बाग्लुङ्ग: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९

## यौन जिज्ञासा र समाधान




डा. राजेन्द्र भद्रा

म १६ वर्षीया किशोरी हुं । यौन सम्पर्कपछि मेरो योनिबाट ग्यांस बाहिर निस्किएजस्तो आवाज आउँछ । यस्तो आवाज आउनुको कारण के हो ?

७१२७





### किशोरावस्थामा यौनसम्पर्क

यसो विचार गर्दा तपाईं १६ वर्षकै उमेरमै विवाहित हुनुहुन्छ जस्तो लाग्दैन । तपाईंले के-कस्ता व्यक्तिसँग यौनसम्पर्क गर्नुभएको छ, केही लेख्नुभएको छैन । यो पक्कै हो कि किशोरावस्थामा यौनचाहना तीव्र हुन्छ, तैपनि यो उमेरमा यौनसम्पर्क गर्ने क्रममा धेरै कुरामा ध्यान पुऱ्याउनु आवश्यक छ । त्यसमा पनि विवाहपूर्व यौनसम्पर्क राख्नुको आफ्नै किसिमको प्रभाव हुन्छ । अहिलेको आधुनिक समाजमा विवाहको उमेर पछिल्तिर धकेलिएको छ, तर यौन चाहना किशोरावस्थादेखि नै तीव्र हुन्छ । किशोरावस्थामा हुने असीम यौनचाहनालाई शान्त पार्न कतिपयले विवाहपूर्व नै भए पनि यौनसम्पर्क गर्छन् । यसबाट पर्न सक्ने प्रभावका सम्बन्धमा किशोर-किशोरीले जानकारी राख्नु आवश्यक छ । यस्तो यौन व्यवहार सामाजिक रूपमा अमान्य भएका कारणले सामाजिक बहिष्कार तथा हेलाको सामना गर्नुपर्ने हुन सक्छ ।

यस किसिमको यौनसम्पर्क प्रायः जसो हतारमा गरिने भएकाले गर्भनिरोधका उपायहरू अपनाइँदैन । त्यसैले गर्भ रहन सक्ने सम्भावना हुन्छ ।

यदि गर्भ रहिहाले बेइज्जति सहनुपर्ने, वैवाहिक सम्बन्धमा बाँधिन बाध्य हुनुपर्ने, परिपक्व नै नभै अभिभावकको भूमिका निर्वाह गर्नुपर्ने आदि हुनसक्छ । त्यसबाट गम्भीर आर्थिक तथा सामाजिक असुरक्षाजस्ता समस्याको सामनासमेत गर्नुपर्ने हुन्छ । अर्को पक्ष, गर्भ तुहाउन गरिने प्रयासको आफ्नै समस्या छ । त्यसकारण यस्ता यौनसम्पर्कबाट जोगिनु आवश्यक छ । जति सानो उमेरमा यौन सम्पर्क सुरु गऱ्यो त्यति नै धेरै यौनसाथी हुने सम्भावना हुन्छ, जसले जोखिम बढाउँछ भन्ने कुरा त हामीलाई थाहै छ । त्यसलाई न्यूनीकरण गर्न यस्तो निर्णय दुवै जना मिलेर गर्नु उपयुक्त हो । यस्ता निर्णय वा भनौं अठोट पालना गर्न नसक्दा समस्यामा परिन्छ । किशोर-किशोरीहरूलाई वैकल्पिक यौन आनन्दका उपाय वा सुरक्षाका उपायहरूको पनि राम्रो जानकारी हुनुपर्छ ।

### योनिबाट आएको आवाज

कतिपय व्यक्तिले यौनसम्पर्कका बेला योनिबाट आवाज आएको अनुभव गरेका हुन्छन् । यसलाई असामान्य मानिँदैन । यो विशेषतः यौनसम्पर्कका बेला योनिमा लिङ्ग प्रवेश गराउने कार्यको भौतिकी (physics) सँग सम्बन्धित छ ।

प्रवेश गर्ने बेला लिङ्गले योनिभित्र रहेको हावालाई दबाब दिन्छ र त्यसको चाप बढ्दै गएपछि हावा बाहिर निस्कन खोज्छ । त्यस्तो हावा लिङ्गको वरिपरिबाट बाहिर आउँछ । यही क्रममा आवाज आउँछ । आवाजको कुरा गर्दा यो एक किसिमले 'अपान वायु' अर्थात् पाद आएको बेलाजस्तै हुन सक्छ, तर सामान्यतः यो गन्हाउँदैन ।

योनि एक नली आकारको अङ्ग भए पनि योनिको भित्ता एक-आपसमा टाँसिएर रहने भएकाले यसमा हावा हुँदैन, तर कतिपय अवस्थामा यसमा हावा पस्न सक्छ । तपाईंले याद गर्नुभएकै होला, योनिद्वार बन्द अवस्थामा हुन्छ तर कारणवश यो केही मात्रामा खुला भयो भने हावा भित्र जाने सम्भावना हुन्छ ।

> यौनसम्पर्क गर्ने क्रममा लिङ्ग पूरै बाहिर निकालेर पुनः प्रवेश गराएको स्थितिमा हावा भित्र पस्ने र दबाबका साथ बाहिर आउने स्थिति हुन्छ । त्यसका साथै केही निश्चित यौन आशनमा यस्तो समस्या बढी देखा पर्न सक्छ । यो कुरा तपाईंले पनि याद गर्नु भएको हुन सक्छ । त्यसबाहेक केही महिलाले यौन चरमसुख प्राप्तिपछि योनिबाट आवाज आएको अनुभव गर्छन् ।

तपाईंलाई थाहै हुनुपर्छ, यौन उत्तेजनाका बेला योनिद्वार खुला हुन्छ । यौन उत्तेजनाका बेला योनि तथा भग क्षेत्रमा रक्तप्रवाह बढ्छ र लिङ्ग प्रवेशका लागि तयार रहन्छ । यस्तो स्थितिमा हावा भित्र रहने र त्यो दबावका साथ बाहिर आउने सम्भावना बढी हुन्छ ।

यौनसम्पर्क गर्ने क्रममा लिङ्ग पूरै बाहिर निकालेर पुनः प्रवेश गराएको स्थितिमा हावा भित्र पस्ने र दबाबका साथ बाहिर आउने स्थिति हुन्छ । त्यसका साथै केही निश्चित यौन आशनमा यस्तो समस्या बढी देखा पर्न सक्छ । यो कुरा तपाईंले पनि याद गर्नु भएको हुन सक्छ ।

त्यसबाहेक केही महिलाले यौन चरमसुख प्राप्तिपछि योनिबाट आवाज आएको अनुभव गर्छन्, किनभने चरमसुख प्राप्तिपछि योनि उत्तेजना नभएको पुरानै अवस्थामा आउँदा त्यसमा भएको हावा निस्कने क्रममा यस्तो आवाज आउँछ ।

### समाधान के हुन सक्ला ?

यसरी पादेको बेलाजस्तै यौन सम्पर्कका बेला कुनै गन्धबिना आवाज मात्र आउनु असामान्य कुरा नभएकाले यसमा विशेष उपचारको आवश्यकता पर्दैन ।

कतिपयले यो कुरालाई लिएर लज्जाबोध गर्छन्, तर लाज मान्नुपर्ने पनि केही कारण म देख्दिनँ ।

कुरा जे भए पनि यसलाई कम गर्ने केही उपाय भने अवलम्बन गर्न सकिन्छ ।

तपाईंले आफ्नो यौनसाथीसँग कुरा गरेर यौन क्रियाकलापमा केही परिवर्तन ल्याउन सक्नुहुन्छ । यौनसम्पर्क गर्दा गर्दै यदि तपाईंले यौन आसन परिवर्तन गर्न खोज्नुभएको छ भने लिङ्ग योनिबाट पूरै ननिकाली गर्नुभयो भने योनिमा हावा पस्दैन र यस्तो आवाज आउने सम्भावना पनि हुँदैन वा कम हुन्छ ।

अर्को कुरा, तपाईंको यौनसाथीले लिङ्ग बिस्तारै योनिमा प्रवेश गराए भने पनि आवाज निकै कम हुन्छ वा आवाज नै नआउन सक्छ, किनभने यसो गर्दा योनिमा भएको हावा बिस्तारै फुस्कन्छ । यसैगरी लिङ्गलाई भित्रसम्म प्रवेश नगराई हल्का रूपमा प्रवेश गराउँदा पनि योनिबाट आउने आवाज कम हुन्छ । त्यसबाहेक कुनै निश्चित यौन आशनमा यौनसम्पर्क गर्दा बढी आवाज आउँछ भने त्यस्तो आशन प्रयोग नै नगर्नु यसबाट जोगिने सरल उपाय हो ।

यी उपाय अवलम्बन गर्दा पनि समस्या कम नभए वा गन्धयुक्त आवाज आए जस्ता केही स्थितिमा तपाईंको योनिको संरचना केही फरक वा असामान्य किसिमको हुन सक्छ, तर तपाईंले त्यस्तो कुनै लक्षण उल्लेख नगर्नु भएकाले त्यस्तो कुनै खराबी भएजस्तो बुझिँदैन । योनिको संरचनागत खराबी भएको स्थितिमा भने उपचारको आवश्यकता पर्छ । योनिमा के-कस्तो खराबी छ भन्ने यकिन गर्न एकपटक स्त्रीरोग विशेषज्ञबाट परीक्षण गराउनुपर्छ ।

## महिला स्वास्थ्य



म २७ वर्षीया गर्भवती महिला हुँ । मेरो यो दोस्रो गर्भ हो । मेरो महिनावारी नियमित नभएकाले गर्भ रहेको थाहा नपाउँदै पिसाबको समस्याका कारण केही औषधि सेवन गरेको थिएँ । त्यसमा केही एन्टिबायोटिक्सहरू थिए । गर्भावस्थामा एन्टिबायोटिक्स सेवन गर्दा गर्भको शिशुमा असर पर्छ भनिन्छ । यसले मेरो गर्भमा कुनै असर त गर्दैन ? के यस्तो अवस्थामा मैले गर्भपतन गराउनु उपयुक्त हुन्छ ?


उ.



डा.बालकृष्ण शाह
स्त्री तथा प्रसूति रोग विशेषज्ञ,
मोरङ सहकारी अस्पताल

सामान्यतः गर्भावस्थामा धेरै औषधि सेवन गर्नु राम्रो होइन । कतिपय औषधिले गर्भको शिशुमाथि नकारात्मक असर पुऱ्याउँछन् । त्यस्ता औषधिलाई टेराटोजेनिक औषधि भनिन्छ, तर सबै औषधि टेराटोजेनिक हुँदैनन् । तपाईंले कुन औषधि सेवन गर्नुभएको हो स्पष्ट छैन, त्यसैले असर गर्ने वा नगर्ने कुरा किटानसाथ भन्न सकिएन । तपाईंले सेवन गरेको औषधि टेराटोजेनिक भएको नभएको पत्ता लगाउन सकिन्छ ।

केही मात्रामा वा एक कोर्स टेराटोजेनिक औषधि सेवन गर्दैमा गर्भमा ठूलै असर पर्छ भन्न सकिँदैन । आफ्नो गर्भको शिशुको अवस्था थाहा पाउन नियमित गर्भ परीक्षण तथा भिडियो एक्स रे (अल्ट्रासाउन्ड) को मद्दत लिन सकिन्छ । एक-दुई कोर्स एन्टिबायोटिक्स खाँदैमा नराम्रो नै हुन्छ भन्ने छैन । त्यसैले हतार गरेर गर्भपतनको बाटो रोज्नुभन्दा प्रसूति विशेषज्ञसँग परामर्श लिनु उपयुक्त हुन्छ ।



■ सन्दीप लामिछाने, क्रिकेटर

## सन्दीपको फेरिएको दैनिकी

सन्दीप बिहान ६ देखि साढे ६ बजेसम्म ओछ्यान छाडिसक्छन् अनि त्यसपछि नुहाएर फ्रेस हुन्छन् । फ्रेस भएपछि भगवानको पूजा गर्छन् । उनी हनुमानका भक्त हुन् । सन्दीप बुद्धको पनि पूजा गर्छन् । त्यसपछि उनी प्राक्टिसका लागि निस्कन्छन् । प्राक्टिस सकिएपछि खाना खान्छन् । त्यसपछि नुहाएर फ्रेस भै कोठामा फर्कन्छन् अनि गीत सुन्न थाल्छन् । उनी प्राय: स्याड तथा मेलोडियस गीत सुन्छन् । सन्दीपलाई सबैभन्दा मनपर्ने गीत पर्खाइमा भिज्यो सिरानी... हो । उनी आफैं पनि गीत गाउँछन् । सन्दीपले आफ्नो पहिलो एल्बम 'प्रतीक्षा' बजारमा ल्याउने तयारी समेत गरिरहेका छन् ।

फुर्सदमा उनी घरमा फोन गर्छन् । कहिलेकाही साथीहरूसँग आउटिङमा निस्कँदा पनि उनलाई रमाइलो लाग्छ । त्यसपछि साँझ खाना खाएर १० बजेसम्म निदाइसक्छन् । उनलाई खानेकुरामा कुनै स्पेसल परिकार चाहिँदैन । रोटीसँग भिन्डीको तरकारी र दही मन पर्छ । भातसँग राजमा अनि चिकेन ग्रेभी पनि उनलाई मन पर्ने परिकार हो ।

चिटिक्क परेर हिड्ने सन्दीप धेरैजसो कोट पाइन्ट लगाउन रुचाउँछन् । उनलाई मनपर्ने रंग आकाशे नीलो र रातो हो । सन्दीपलाई प्रेरणादायक तथा हास्य चेतनायुक्त पुस्तक मन पर्छन् । म्यागजिनहरू पनि पढ्न रुचाउँछन् उनी । लन्डन सन्दीपको फेबरेट गन्तव्य हो । आफ्नो इच्छालाई नै प्रेरणाको स्रोत मान्ने सन्दीपका आइडियल पर्सन अस्ट्रेलियाका महान् क्रिकेटर शेन वार्न हुन् । उनी चलचित्र भने उति हेर्दैनन् ।

छोटो अवधिमै ठूला-ठूला उपलब्धिको खातमाथि उभिएका सन्दीपको सर्वाधिक खुसीको क्षण कुन होला ? सन्दीप भन्छन्- नेपालले एक दिवसीय क्रिकेट खेल्ने योग्यता पाएको क्षण सबैभन्दा खुसीको क्षण हो । यो हाम्रा लागि ऐतिहासिक क्षण हो । त्यसबाहेक उनी पहिलोपटक नेपालको जर्सीमा मैदानमा उत्रिएको क्षणलाई पनि अविस्मरणीय मान्छन् । उनी खुसीका क्षण सर्वप्रथम परिवारसँग साट्छन्, दिदी-भिनाजुलाई आफ्नो उपलब्धि सुनाउँछन् । तीन-चार जना क्रिकेट बाहिरका एकदमै क्लोज साथीसँग पनि उनी आफ्नो खुसी सेयर गर्छन् ।

सन्दीपले सधैं अप मात्र हुँदैन, जति अप हुन्छ त्यति नै डाउनफलको पनि सम्भावना हुन्छ भन्ने तथ्य राम्रोसँग बुझेका छन् । त्यसैले उनी सुखपछि दु:ख आउने कुरामा विश्वास गर्छन् । लामिछाने भन्छन्- लाइफमा अप एन्ड डाउन भैरहन्छ । अप एण्ड डाउनबाट दु:खी हुनुभन्दा पनि त्यसबाट केही न केही सिक्न सक्नुपर्छ । उनलाई केटीहरूले कतिको पछ्याउँछन् ? मेरो नम्बर त कुनै पनि केटीसँग छैन, म्यासेजहरू भने आइरहन्छ, उनी भन्छन्- फेसबुक, इन्स्ट्रा, ट्वीटर सबैतिर म्यासेज आइरहन्छ । माया दर्साइएका त्यस्ता म्यासेजले उनलाई खुसी पनि तुल्याइरहेको हुन्छ ।

# दिल्लीमा नेपाली दिलवाला

जनक तिमिल्सिना

यू-१९, सिनियर टिम, हङकङ ब्लिज, क्रिकेटको पावर हाउस अस्ट्रेलियामा 'ए' श्रेणीको क्लब क्रिकेट खेल्ने अवसर । संसारकै ठूलो ट्वान्टी-२० क्रिकेट लिग इन्डियन प्रिमियर लिग (आइपिएल) हुँदै क्यारेबियन लिग (सीपीएल)सम्म । युवा क्रिकेटर सन्दीप लामिछानेको दुईवर्षे क्रिकेट यात्राका रोमाञ्चक हाइलाइट्स । अझ मैदानभित्र हेर्ने हो भने उनका केही छुटाउनै नहुने उपलब्धि छन्, जसले १७ वर्षकै उमेरमा सन्दीपको छवि प्रतिभाशाली क्रिकेटरका रूपमा स्थापित गरेको छ ।

सन् २०१५ मा बंगलादेशमा भएको यु-१९ विश्वकप क्रिकेटमा आयरल्यान्डविरुद्धको ह्याट्रिक, नामिबियामा गत फ्रेबुअरीमा सम्पन्न विश्व क्रिकेट लिग डिभिजन-२ मा कैयौं खारिएका खेलाडीलाई छायाँमा पार्दै लिडिङ विकेट टेकरका रूपमा प्लेयर अफ द टुर्नामेन्ट । राष्ट्रिय टिमबाट लिष्ट 'ए' का २१ खेलमा ४२ विकेट– उनका मैदानभित्रका केही महत्वपूर्ण उपलब्धि हुन् ।

यी सबै केवल दुई वर्षमा सम्भव भएका उपलब्धि हुन् । यी सबै उपलब्धिले उनको छवि 'सेलिब्रेटी क्रिकेटर' को बनाएको छ । सन्दीप स्वयंलाई पनि यो लाग्न थालेको छ, हिजोभन्दा आज धेरै कुरा फेरिएका छन् । फोनमा सयौं घण्टी बज्छन्, हजारौंले फेसबुक, ट्विटर र इन्स्ट्रामा पछ्याउँछन्, कमेन्ट र म्यासेज गर्छन् । कतै देखिँदा सेल्फी लिनेहरू झुमिन्छन्, सार्वजनिक कार्यक्रममा त ठीकै हो उनी बस्ने होटल, किनमेल तथा खानपिनका लागि पुग्ने सपिङ सेन्टर तथा रेस्टुराँदेखि मैदानसम्म उनीसँग सेल्फी लिनेहरूको तँछाड-मछाड चल्छ । सबै कुरा फेरिदो रहेछ, आफूलाई मेन्टेन गर्नुपर्ने रहेछ, सन्दीप आफ्नो सामान्य जीवनमा विगत दुई वर्षयता देखिएको परिवर्तनका सम्बन्धमा भन्छन्- सबै मानिसले हेरिरहेका हुन्छन्, त्यसैले सबै कुरा सचेत भएर गर्नुपर्ने रहेछ ।

अझ यी उपलब्धिको महत्व उनको व्यक्तिगत जीवनमा मात्र छैन । त्यो भन्दा बढी कति छ भन्ने कुरा उनका प्रदर्शनसँग जोडिएका

## आइपिएल सिक्ने अवसर हुनेछ

**कस्तो प्रतिक्रिया पाइरहनुभएको छ ?**

निश्चित रूपमा राम्रो प्रतिक्रिया पाइरहेको छु । सबैले सकारात्मक कुरा गरिरहनुभएको छ, कसरी खेलहरूमा आफ्नो स्तर मेन्टेन गर्ने कुरा भनिरहनुभएको छ ।

**सामाजिक सञ्जालमा पनि तपाईंको खुबै चर्चा हुन्छ ? कमेन्ट हेर्दा कस्तो अनुभूति हुन्छ ?**

म सोसल मिडिया त्यति चलाउँदिनँ । थाहा भैरहेको हुन्छ, सबै जनाले फलो गरिरहनुभएको छ । एकदमै खुसी लाग्छ– सबैले मलाई माया दिइरहनुभएको छ ।

**देशको गौरव र युथहरूको आइडलका रूपमा आफूलाई प्रस्तुत गरिँदा कस्तो अनुभूति हुन्छ ?**

म पनि पहिले कसैको फ्यान थिए र उहाँहरूबाट प्रभावित भएर आफ्नो जीवनशैली अगाडि बढाइरहेको छु र आउने दिनमा म पनि चाहन्छु अरू पनि कोही ठूलो नाम बनेर आउन र उहाँहरूलाई पनि सबैले पछ्याउन् । त्यसले गर्दा खेलकै क्रेज बढ्छ ।

**पहिलो ह्याट्रिक लिँदाको अनुभव सुनाइदिनुस् न ?**

पहिलो टुर थियो, अलि नर्भस र रमाइलो पनि लागिरहेको थियो । अन्डर-१९ विश्वकपमा ह्याट्रिक लिने पहिलो नेपाली खेलाडी भएको कुरा मैले पछि मात्र थाहा पाएँ ।

**आइपिएलमा अनुबन्ध भएको पहिलो खबर कसरी पाउनुभयो ?**

हामी दुबईमा प्राक्टिस गरिरहेका थियौं । त्यतिबेला रमन दाइ (शिवाकोटी) ले हामीलाई सन्दीप आइपिएलमा छनौट भयो, दिल्ली डेयर डेभिल्सले किनेछ भनेर सुनाउनुभयो । मलाई निकै खुसी लाग्यो, सबै जना खुसी हुनुहुन्थ्यो, बधाई दिइरहनुभएको थियो ।

**आइपिएलका लागि कस्तो योजना बनाउनुभएको छ ?**

त्यहाँ गएर राम्रो गर्ने हो । अहिले नै त्यस्तो कुनै ठोस योजना बनाएको छैन । सबै खेलाडीको चाहना उत्कृष्ट प्रदर्शन गर्ने नै हुन्छ, मेरो पनि त्यही छ, टिमलाई जिताउन योगदान दिन सकूँ । राम्रो गर्ने, धेरै कुरा सिक्ने, अनुभवहरू बटुल्ने सोच छ ।

**प्लेइङ-११ मा पर्ने सम्भावना कत्तिको छ ?**

सबै प्लेयरको चाहना आफूलाई प्लेइङ ११ मा देख्ने हुन्छ, तर यसमा कोच र क्याप्टेनको दृष्टिकोण नै निर्णायक मानिन्छ ।





कीर्तिमानहरूले देखाउँछ। सन्दीप यु-१९ विश्वकप क्रिकेटमा ह्याट्रिकको दुर्लभ कीर्तिमान बनाउने संसारभरका पाँचौं तथा नेपालका पहिलो युवा क्रिकेटर हुन्। सन् २०१५ मा बंगलादेशमा नेपालको राष्ट्रिय जर्सी लगाएको पहिलो प्रतियोगितामै उनले उक्त उपलब्धि हासिल गरे। लामिछानेले हाल टेस्ट मान्यता प्राप्त आयरल्यान्डविरुद्धको खेलमा ह्याट्रिकसहित पाँच विकेट लिएपछि नेपाल सुपर-८ मा पुग्न सफल भयो। दायाँ हाते स्पिनर सन्दीपको जादुयी बलिङलाई अन्तर्राष्ट्रिय मिडियाले अस्ट्रेलियामा महान खेलाडी शेन वार्नसँग तुलना गर्दै आएका छन्।

सन् २०१८ मा नामिबियामा सम्पन्न डिभिजन-२ मा उनी ६ खेलमा १७ विकेट हात पार्दै प्लेयर अफ दि टुर्नामेण्ट घोषित भए। नामिबियामा उनको प्रदर्शन उनी स्वयंका लागि मात्र खास थिएन्, नेपाललाई एकदिवसीय विश्वकप छनौटमा पुऱ्याउने महत्वपूर्ण कडीसमेत थियो। जिम्बावेमा हालै सम्पन्न आइसीसी एकदिवसीय विश्वकप छनौटमा पनि उनले ६ खेलमा १३ विकेट लिए, त्यसले नेपाललाई एकदिवसीय मान्यता दिलाउन ठूलो योगदान दियो। सन्दीप लिस्ट 'ए'मा नेपालका लागि सर्वाधिक विकेट लिने खेलाडीमा सोमपाल कामी र भेट्रान बलर बसन्त रेग्मीपछि तेस्रो स्थानमा छन्। सोमपालले ३७ खेलमा ५२ विकेट लिएका छन् भने बसन्तले ३५ खेलमा ४६ विकेट हात पारेका छन्, जबकि सन्दीपले २१ खेलबाट ४२ विकेट।

उनको सर्वाधिक ठूलो र खास चर्चा गर्न लायक उपलब्धि संसारकै सबैभन्दा प्रतिष्ठित र महँगो मानिने इन्डियन प्रिमियर लिग (आइपिएल) मा दिल्ली डेयर डेभिल्ससँगको अनुबन्ध हो। एसोसिएट देशका युवा क्रिकेटरका लागि दुर्लभ मानिने उक्त अवसर पाउने सन्दीप एकमात्र भाग्यमानी नेपाली क्रिकेटर हुन्। सन्दीपअघि एसोसिएट देशबाट अवसर पाउने औंलामा गन्न सकिने खेलाडी मात्र छन्। सन्दीपले छोटो समयमै आइपिएल ड्रिम पूरा गरेर आइपिएल खेल्ने पहिलो नेपालीको कीर्तिमान समेत आफ्नो नाममा लेखाए। सन्दीप नेपाली क्रिकेटले पाएका होनहार प्रतिभा हुन्, नेपाली क्रिकेट टिमका प्रशिक्षक जगत टमाटा भन्छन्- उनी ठूलो सम्भावना भएका उदीयमान युवा क्रिकेटर हुन्। उनले आइपिएलजस्तो ठूलो प्रतियोगितामा अवसर पाएका छन्, जुन हामी सबैका लागि गर्वको कुरा हो।

विश्वकै लोकप्रिय र महँगो लिग आइपीएलको ११ औं संस्करणका लागि १४ माघमा बैंग्लोरमा भएको अक्सनमा दिल्ली डेयर डेभिल्सले उनलाई २०

## सन्दीपले परिपक्व हुँदैछन्

**छुम्बी लामा, क्यानका कार्यसञ्चालन अधिकृत**



सन्दीप युवा छन, छोटो समयमै उनले आफूलाई परिपक्व बनाउँदै लगेका छन्। पर्सनालिटी पनि राम्रो छ। गीत गाउन र सुन्नमा उनको विशेष रुचि छ। राजु लामाका गीत सुन्न बढी रुचाउँछन्। साथीहरूसँग आउटिङमा निस्कन पनि रुचि राख्छन्।

दुई वर्षअघिसम्मको सामान्य यी ठिटोले आफूलाई निकै ग्रुम गरेका छन्। अहिले उनी धेरै फरक पनि भैसकेका छन्। मिडिया फेस गर्नेदेखि सार्वजनिक कार्यक्रममा पनि परिपक्व रूपमा प्रस्तुत हुन्छन्। उनले यी सबै कुरा आफ्ना सिनियर टिममेट तथा टिमसँग बस्दाको अनुशासनबाट सिकेका हुन्। उनी निट एन्ड क्लिन भएर बस्न तथा टिपटप भएर हिँड्न रुचाउँछन्। सन्दीपको हेयर स्टाइल स्टाइलिस छ, ब्लेजर, कोट र पाइन्ट लगाउन मन पराउँछन्। यो सबैमा उनले स्वयं आफूलाई ग्रुम गरेका हुन्।

# पिताको नजरमा सन्दीप

रमेशकुमार पौडेल



■ *क्रिकेटर सन्दीप लामिछानेका बुवा चन्द्रनारायण तथा आमा कोपिलादेवी चितवन रत्ननगर-८ चित्रसारीस्थित आफ्नो घरमा।*

चन्द्रनारायण लामिछानेको जन्मथलो स्याङ्जा हो। उनी वि.सं. २०१३ मा स्याङ्जा आरुचौर तालपोखरीमा जन्मिएका हुन्। चन्द्रनारायण सानै उमेरमा रोजगारी खोज्दै भारततर्फ लागे। गाउँमा बसेर केही नहुने देखेपछि २०२८ सालमा उनले नेपाल छाडेका थिए। भारतमा अनेक काम गर्दागर्दै उनले हरियाणाको जिन्दमा रेल यातायात सेवाको जागिर पाए। त्यसपछि स्याङ्जा आएर वि.सं. २०३६ मा विवाह गरे। चन्द्रनारायणका तीन छोरी तथा दुई छोरा छन्। सन्दीप उनका कान्छा छोरा हुन्।

चन्द्रनारायणले हरियाणामै पहिलो पटक क्रिकेटका सम्बन्धमा जानकारी पाएका हुन्। नदेखेको खेल क्रिकेट देख्दा सुरुमा उनलाई अनौठो लाग्यो तर विस्तारै यो खेल प्रति रुचि जाग्दै गयो। 'भारतमा त जहाँतहीं क्रिकेट खेलिन्छ। म रेल्वेको जागिरे। रेल्वे कै एउटा टिम पनि थियो। मैले खेल्न त खेलिनँ, तर हेर्दा हेर्दै यो खेल प्रति रुचि बढ्दै गयो,' चन्द्रनारायणले भने।

इन्डियन प्रिमियर लिग (आईपीएल) भारत र भारतबाहिर अत्यधिक रुचाइने क्रिकेट प्रतियोगिता हो। हरियाणामा हुँदा चन्द्रनारायण टिभीमा आईपीएल हेर्थे। 'भारत र भारत बाहिर हुने अन्य क्रिकेट खेल कमै छुटाइन्थ्यो। आईपीएल त झन छुटाउँने कुरै भएन' चन्द्रनारायणले भने। आईपीएल हेर्दा कान्छा छोरा सन्दीप पनि साथमै हुन्थे। यसरी टिभीमा म्याच हेर्दा 'बलिङमा शेन वार्न र ब्याटिङमा सचिन जस्तो कोही छैन' भन्ने बहस चल्थ्यो।

चन्द्रनारायणलाई नेपालमा क्रिकेटको अवस्था कस्तो छ, खासै जानकारी थिएन। आईपीएलमा भारतका मात्र नभएर अन्य देशका उत्कृष्ट क्रिकेट खेलाडीहरू पनि खेल्न आउँथे। कुनै नेपाली आएर आईपीएल खेल्ला भन्ने उनको कल्पना बाहिरको कुरा थियो, तर संसारमा असम्भव भन्ने केही रहेनछ। कुनै बेला आफुसँगै बसेर टिभीमा आईपीएल हेर्ने आफ्नै कान्छा छोरा अहिले आईपीएल टिमसँग अनुबन्धित छन्।

चन्द्रनारायण लामिछाने आईपीएलका लागि छनौट भएका पहिलो नेपाली क्रिकेटर सन्दीप लामिछानेका पिता हुन्। 'म क्रिकेट खेल्छु, बाआमाको मात्र नभएर देशकै नाम राख्छु भन्थ्यो। उवेला सुन्दा खासै पत्यार नलाग्ने उसको भनाइ अहिले यथार्थ भएको छ' चन्द्रनारायणले भने। आइपीएल खेल्न सन्दीप भारततर्फ लागेपछि यता सन्दीपका बाबुआमा तथा दाजु-भाउजू भने पुर्ख्यौली थलो स्याङ्जा पुगे। चन्द्रनारायणको जीवन स्याङ्जाबाट भारत हुँदै पछिल्लो समय चितवन आएर अडिएको छ, तर सन्दीपको खेल जिवन एकपछि अर्को रफ्तारमा दौडँदैछ।

सन्दीपले स्याङ्जाको सूर्योदय माविमा सुरुवाती शिक्षा लिएका हुन्, तर चन्द्रनारायणले कहिले भारत कहिले स्याङ्जा गर्नुभन्दा पढ्ने समयसम्म परिवारका सबैलाई भारत मै लगेर राख्ने निधो गरे। उनको यही सोचका कारण क्रिकेटर सन्दीपको जन्म भएको हो। भारत नगएको भए सम्भवतः सन्दीप लामिछानेको यो रुप देखा नपर्न सक्थ्यो भन्ने उनलाई लाग्छ।

सन्दीप हरियाणाको जनता विद्यामन्दिरमा भर्ना भए। 'त्यो स्कुलमा क्रिकेट सिकाइन्थ्यो। सन्दीपले बल ब्याट समाउन थालिहाल्यो। क्रिकेट खेल्न रुचि देखाएको हुँदा रेल्वेका मेरा साथीहरू पनि खुसी भए। किनभने रेल्वेको पनि आफ्नै क्रिकेट टिम थियो,' चन्द्रनारायणले भने। यसरी क्रिकेटसँग जोडिएका सन्दीपका हरचाहनालाई आफूहरूले ख्याल राख्दै आएको उनले बताए।

'मेरा दुइ भाइ छोरामा दुवै भाइले क्रिकेटमा रुचि देखाए, तर जेठो छोराले भने मेरै बिँडो थाम्दै रेल्वेमा जागिर सुरु गऱ्यो। सन्दीप क्रिकेटमै मग्न भयो। ऊ पढाइमा पनि राम्रो थियो, तर हामीले पढाइ बिग्रन्छ क्रिकेट नखेल भनेनौं। उसको रुची र माग पूरा गर्दै गयौं' चन्द्रनारायणले भने। यस्तैमा एक दिन सन्दीपले नेपाल नै गएर पढ्ने र क्रिकेट सिक्ने चाहना व्यक्त गरे।

'नारायणगढमा क्रिकेट सिकाइन्छ भन्ने थाहा पाएपछि ऊ नेपाल फर्कने भयो। नारायणगढ नजिक नवलपुरको रजहरमा दिदीको घर छ। हामी भारतमै थियौं, ऊ नेपाल आएर दिदीकहाँ बसी नारायणगढमा क्रिकेट सिक्न थाल्यो' चन्द्रनारायणले भने। सन्दीप नेपालमै क्रिकेट सिकेर नेपाली राष्ट्रिय टिमबाट खेल्छु भन्दै हरियाणाबाट हिँडेको चन्द्रनारायण सम्झन्छन्।

'ऊ हिँड्न त हिँड्यो, सोचे जस्तो होला-नहोला भन्ने पिर हाम्रो मनमा थियो, तर अहिले जे जति भएको छ त्यो कल्पना गरेभन्दा कयौं गुणा बढी छ,' चन्द्रनारायणले भने। नारायणगढमा उनले पुर्व कप्तान राजु खड्काको साथ पाए। उनीसँग लिएको तालिमले सन्दीपलाई अघि बढ्न ठूलो मद्दत गऱ्यो भन्छन्– चन्द्रनारायण लामिछाने। चार महिनायतादेखि स्थायी रूपमा चितवनमै बस्दै आएका चन्द्रनारायण छोराले क्रिकेटमा अझै कमाल गर्न बाँकी नै भएको दाबीसमेत गर्छन्।



तस्बिर : एजेन्सी

## टेस्ट खेल्ने सपना

युवा स्टार सन्दीपले भविष्यको स्पष्ट कुनै योजना बनाएका छैनन् । उनी आगामी दिनमा आफ्नो क्रिकेट यात्रालाई निरन्तरता दिने र अझ बढी मेहनत गर्ने बताउँछन् । भविष्यको खासै सपना छैन, डे बाइ डे हिँड्दै जाने हो, लामिछानेले भने- एकैचोटी यहाँबाट त्यहाँ पुग्छु भन्नु पनि हुँदैन । पहिले त्यहाँ पुग्न हामीले यहींबाट हिँड्नुपर्छ । क्रिकेटलाई एक यात्रा मान्ने सन्दीप त्यसमा कसरी यात्रा गर्ने भन्ने कुरा आफूमा भर पर्ने बताउँछन् । सकारात्मक सोचले नै सकारात्मक परिणाम दिन्छ भन्नेमा विश्वास राख्ने सन्दीप सिक्दै जाने र राष्ट्रका लागि राम्रो योगदान दिने योजनामा छन् ।

त्यसो भए यी युवा क्रिकेटरको करिअरको सबैभन्दा ठूलो ड्रिम के होला ? भन्छन्- व्यक्तिगत रूपमा म नेपालबाट टेस्ट खेल्ने सपना देख्छु । नेपालका तर्फबाट टेस्ट खेल्ने सपना छ । उनलाई लाग्छ, पूर्वाधार विकास र राम्रो क्रिकेट वातावरण निर्माण गर्ने हो भने त्यो असम्भव कुरा पनि होइन ।

लाख भारतीय रुपैयाँमा किनेको थियो । सन्दीप इज ग्रेट स्टोरी अफ अस, हामी सन्दीपलाई एक वर्षभन्दा अघिदेखि नै ट्र्याक गरिरहेका थियौं, जर्सी हस्तान्तरण गर्न काठमाडौं आएका दिल्ली डेयर डेभिल्सका प्रमुख कार्यकारी अधिकृत (सिइओ) हेमन्त दुवा भन्छन्- हङकङदेखि अस्ट्रेलियासम्म सबै ठाउँमा उनलाई ट्र्याक गर्‍यौं । उनले आफूलाई सिद्ध गर्ने ठूलो अवसर छ । नेपालीको 'सेन्टिमेन्ट जित्न' दिल्लीले सन्दीपलाई किनेको चर्चालाई अस्वीकार गर्दै दुवाले सन्दीप उत्कृष्ट युवा प्रतिभा भएकाले उनलाई टिममा भित्र्याएको बताएका थिए ।

सन्दीपको अर्को उपलब्धि हो- क्यारेबियन प्रिमियर लिग (सिपिएल)मा अनुबन्ध । टेस्ट प्लेइङ नेशन वेस्ट इन्डिजले आयोजना गर्ने सिपिएलमा पनि सन्दीपले अर्को अवसर पाएका छन् । उनलाई सिपिएल टिम सेन्ट किट्स एन्ड नेभिस प्याट्रियट्सले ५ हजार अमेरिकी डलर खर्चेर आफ्नो टिममा सामेल गरेको छ । सिपिएलमा उनी सर्वाधिक विस्फोटक ब्याटसम्यान क्रिस गेलको टिमबाट खेल्ने छन् । सिपीएल वेस्ट इन्डिजको आधिकारिक फ्रेन्चाइजमा आधारित ट्वान्टी-२० लिग हो ।

यी सबै उपलब्धिबाट सन्दीप आफैलाई कस्तो लागिरहेको छ ? सन्दीप स्वयंमलाई पनि केवल दुई वर्षको अवधिमा प्राप्त यी सबै महत्वपूर्ण उपलब्धिले रोमाञ्चित तुल्याइरहेको छ । गत शुक्रबार दरबारमार्गस्थित होटल अन्नपूर्णमा दिल्ली डेयर डेभिल्सको १ नम्बरको आफ्नो नाम रहेको जर्सीमा सजिदा सन्दीपले भने- मैले साँच्चै अनौठो अनुभव गरिरहेको छु । उनले अगाडि थपे, यो सबै सकारात्मक भैरहेको छ । म पछिसम्म यो उपलब्धि जोगाउन चाहन्छु ।



रातारात वा केही वर्षमै सेलिब्रेटी हुने सपना धेरैका लागि केवल सपना हुन्छ, सन्दीपले यसलाई यथार्थमा परिणत गरेका छन्, तर यो उनको भाग्यले मात्र सम्भव भएको होइन, एकपछि अर्को सफलताका पछाडि उनले निरन्तर क्रिकेटप्रति देखाएका लगाव र समर्पण नै प्रमुख कारण हो । पछिल्ला केवल दुई वर्षमा एक्लैको मेहनतले यो सबै भएको होइन, सन्दीप भन्छन्- यसमा मेरो आफ्नो मेहनत, परिवारको समर्थन, दिदी-भिनाजु, राजु सर, पुबुदु सरलगायत धेरैलाई यी उपलब्धिको श्रेय जान्छ । यो यात्रामा जोडिएका धेरै जनालाई यसको श्रेय जान्छ, मेरो टिम मेम्बरलाई जान्छ । यी युवा सेलिब्रेटी खेलाडीका लागि अहिले सामाजिक सञ्जालमा 'प्राइड अफ नेसन'को ट्याग दिन थालिएको छ । आखिर यसले सन्दीपलाई कस्तो महसुस गराउँछ ? 'आफ्नो देशको नाम लिएर जान पाउँदा जसलाई पनि गौरव अनुभव हुन्छ, उनी केही भावुक भए- देशको नाम र गौरव बढाउने जति भावनात्मक र खुसीको कुराहरू के हुन सक्छ ?

सन्दीपले क्रिकेटको अन्तर्राष्ट्रिय एरिनामा तहल्का मात्र पिटिरहेका छैनन्, क्रिकेटका पावरहाउस भारत, अस्ट्रेलिया, पाकिस्तानदेखि वेस्ट इन्डिजसम्म फैलिन थालेका छन् । सनसनीपूर्ण लेग स्पिनका कारण उनको नाम अन्तर्राष्ट्रिय क्रिकेटको दुनियाँमै 'इमर्जिङ स्टार'का रुपमा लिइँदैछ ।

### हरियाणादेखि राष्ट्रिय टिमसम्म

सन्दीपको घर चितवनको रत्ननगर–८ चित्रसारी हो । उनको पुर्ख्यौली घर भने स्याङजा । उनका बुवा चन्द्रनारायण लामिछाने हरियाणामा रेलवेमा जागिर गर्थे । भारतलाई क्रिकेटको उर्वरभूमि मानिन्छ । सन्दीपको बाल्यकालको केही समय हरियाणामै बित्यो । सानैदेखि क्रिकेटप्रति आकर्षित सन्दीप हरियाणामा रहँदा आफ्ना दाजु र साथीहरूसँग टेनिस बलले क्रिकेट खेल्थे । त्यहीं नै उनले क्रिकेट बल र ब्याट समाउन सिकेका हुन् । उनका दुई दाजुभाइ तथा तीन दिदीबहिनी छन् । सन्दीपकी आमा कोपिलादेवी लामिछाने गृहिणी हुन् ।

उनका बुवा रिटायर्ड भएर नेपाल फर्किए । सन्दीप भने त्यसअघि नै नेपाल फर्किसकेका थिए । उनका बुवाले भारतबाट फर्किएपछि चितवनमा घर बनाए । चितवन फर्किएपछि सन्दीप नारायणगढमा प्रशिक्षक राजु खड्काले चलाइरहेको क्रिकेट एकेडेमी अफ चितवनमा भर्ना भए । उनको औपचारिक क्रिकेट यात्रा नारायणगढको क्यापाचौर मैदानबाट सुरु भएको हो ।

सन्दीप नवलपरासीको रजहरमा दिदी-भिनाजुसँग बस्थे, त्यहाँबाट क्यापाचौरको एकेडेमी पुग्न झन्डै एक घण्टा लाग्थ्यो । म हरेक दिन दिउँसो १ बजे क्रिकेट एकेडेमीका लागि निस्कन्थे, उनले साप्ताहिकसँग भने- म बस चढेर एकेडेमी पुग्थें, कहिलेकाहीं बस नपाइएको दिन २२ किलोमिटर हिँडेर पनि एकेडेमी पुगेको छु । सन्दीप एकेडेमीमा रनिङ, बलिङ र ब्याटिङको प्राक्टिस गर्थे । उनी झण्डै ४ घण्टा प्राक्टिस गरेपछि घर फर्कन्थे ।

एकेडेमीमा उनको कौशल तिखारियो । जसलाई तिखार्ने काम उनका गुरु राजु खड्काले गरे । ऊ पहिलेदेखि नै प्रतिभावान् थियो, खड्का सम्झन्छन्- मैले त त्यसमा पोलिस लगाउने काम मात्र गरेको हुँ । खड्काले सन्दीप भर्ना भएको भोलिपल्टै उनलाई बलिङ गर्न लगाए, जब उनको बल 'टर्न' भएको देखे, उनलाई एउटा नयाँ प्रतिभा फेला पारेजस्तो लाग्यो । बलमा टर्न देखिएपछि भोलि राम्रो स्पिनर बन्न सक्छ भन्ने लाग्यो, खड्काले थपे- जिल्ला र देशले राम्रो ट्यालेन्ट पाउने भयो भन्ने थियो । त्यसपछि उनले सन्दीपको बलिङमा सुधार गर्दै लगे, बलिङ स्पिड बढाउन लगाए । सन्दीपले क्यापाचौरको मैदानमा निरन्तर दुई वर्ष कडा मेहनत गरे । त्यो निकै गाह्रो समय थियो, मेहनत गरियो, सन्दीप सुरुवाती दिनहरू सम्झिन्छन्- पहिलो अवसरका लागि मैले कठोर मेहनत गरे । पछि राम्रो हुँदै गयो, म आफूलाई भाग्यमानी मान्छु ।'

राष्ट्रिय क्रिकेट टिमका तत्कालीन प्रशिक्षक पुबुदु दसानायके चितवन पुगेका बेला उनी सन्दीपको प्रतिभाबाट परिचित भए । पुबुदुले नै सन् २०१५ मा उनलाई यु-१९ को क्याम्पका लागि काठमाडौं बोलाए । उनले त्यही क्रममा पहिलो पटक काठमाडौंमा पाइला टेकेका थिए । पुबुदु सरको आँखामा पर्नुअघि म त्यस्तै अवसरको पर्खाइमा थिए, सन्दीप सम्झन्छन्- उहाँले मलाई यु-१९ टिमको क्याम्पका लागि काठमाडौं बोलाउनुभयो, मलाई अहिले पनि सम्झना छ, यु-१९ टिम त्यतिबेला एसीसीको कुनै प्रतियोगिताको तयारी गर्दै थियो । मैले त्यतिबेला पनि ११-१२ विकेट लिएर राम्रै प्रदर्शन गरेको थिए ।

सन्दीपले त्यसपछि युवा राष्ट्रिय टिमसँग जोडिएर सन् २०१५ मा बंगलादेशमा भएको यु-१९ विश्वकपमार्फत अन्तर्राष्ट्रिय प्रतियोगितामा डेब्यु गरे । डेब्यु प्रतियोगितामा आयरल्यान्डविरुद्धको खेलमा ह्याट्रिकसहित ५ विकेट लिएर उनले सनसनी मच्चाए । त्यही प्रदर्शनका आधारमा सन्दीपले सन् २०१६ मा हङकङमा पहिलो पटक आयोजित 'हङकङ ब्लिज' मा अवसर पाए । त्यही खेल उनका लागि भाग्य चम्काउने प्रमुख अवसर बन्यो ।

सन्दीपले हङकङको कोलुन क्यान्टोसबाट क्रिकेट खेले त्यो त्यही टिम थियो, जसको कप्तानी अस्ट्रेलियाका पूर्व कप्तान माइकल क्लार्कले गर्दै थिए । त्यही क्रममा सन्दीपले क्लार्कसँग 'विशेष सम्बन्ध' बनाए । त्यही सम्बन्धकै कारण क्लार्कले उनलाई आफ्नो एकेडेमीमा ट्रेनिङ गर्न र 'ए' श्रेणीको क्लब क्रिकेट खेल्न अस्ट्रेलिया आउन निम्तो पठाए । माइकल क्लार्कजस्ता क्रिकेटको ठूलो नामसँग जोडिएपछि सन्दीपले अन्तर्राष्ट्रिय मिडियाहरूमा राम्रो कभरेज मात्र पाएनन्, उनको चर्चा पनि चुलिन थाल्यो ।

सन् २०१६ को सेप्टेम्बरमा उनले विश्व क्रिकेट लिग च्याम्पियनसिपमा राष्ट्रिय टिमबाट डेब्यु गरे । कीर्तिपुरमा भएको नामिबियाविरुद्धको खेलमा डेब्यु गरेका सन्दीपले राष्ट्रिय टिमबाट पहिलो खेलमै विकेट लिए । त्यसयता उनी निरन्तर राष्ट्रिय टिमबाट खेल्दै आएका छन् । सन्दीपले अहिलेसम्म नेपालका लागि लिस्ट 'ए' का २१ खेल खेल्ने क्रममा ४२ विकेट लिइसकेका छन् ।



# नेपाली क्रिकेट अब कता ?

अब केही साताका लागि धनगढी प्रिमियर लिग (डीपीएल) ले नेपाली क्रिकेटको ध्यान खिच्ने छ। नेपालमा ट्वान्टी-२० क्रिकेटका दुई ठूला प्रतियोगिता भैरहेका छन्, एभरेस्ट प्रिमियर लिग (ईपीएल) तथा डीपीएल। यी दुई प्रतियोगिता नहुँदा हुन् त नेपाली क्रिकेट शून्यको स्थितिमा झरिसक्थ्यो। यी दुई प्रतियोगिताले अहिले नेपाली क्रिकेटलाई जीवन्त राखेका छन्। अहिले नेपालको आधिकारिक निकाय क्रिकेट एसोसिएसन अफ नेपाल (क्यान) कोमाको स्थितिमा छ, अर्थात् त्यो निष्क्रिय छ। अर्को कुरा, क्यान अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) बाट निलम्बनमा परेको छ।

डीपीएलको एउटा ठूलो विशेषता के हो भने यो मोफसलमा हुने प्रतियोगिता हो। अनि यो त्यही प्रतियोगिता हो, जसले नेपाली क्रिकेटलाई उम्दा युवा खेलाडी दिइरहेको छ, अन्यथा नेपाली क्रिकेट टिममा नयाँ अनुहार कहाँबाट आउन सक्थे र ? यी सबै प्रश्न किन पनि आवश्यक छ भने सबैले सोध्न चाहिरिहेका छन्, नेपाली क्रिकेट अब कता लाग्छ ? सबैलाई थाहा छ, निजी क्षेत्रले आयोजना गर्ने यी दुई प्रतियोगिताले मात्र समग्र देशको क्रिकेटलाई धान्न सक्ने छैनन्। न त त्यस्तो हुनु राम्रो नै हो।

भर्खरै मात्र नेपालले आईसीसीबाट एकदिवसीय टिमको मान्यता पाएको छ। ट्वान्टी-२० क्रिकेटको विश्वकप खेलेयता एकदिवसीय टिमको मान्यता प्राप्त गर्नुलाई नेपाली क्रिकेटको सबैभन्दा ठूलो उपलब्धि मानिएको छ। जिम्बावेमा भएको एकदिवसीय विश्वकप छनौटको शीर्ष आठ स्थानमा रहेर नेपालले उक्त उपलब्धि हात पारेको हो। अबको चार वर्ष नेपालसँग एकदिवसीय टिमको मान्यता रहनेछ।

यो समय सीमा किन भन्दा नेपालले स्थायी रूपमा यो मान्यता पाएको होइन, चार वर्षका लागि मात्र हो। चार वर्षपछि यो मान्यता खोसिन सक्छ, जसरी यसअघि यस्तै मान्यता पाएका पपुवा न्युगिनी र हङकङले आफ्नो मान्यता गुमाएका थिए। त्यस्तो हुन नदिन के गर्नुपर्छ ? अहिले नेपाली क्रिकेटलाई माया गर्ने सबै यही विश्लेषणमा व्यस्त छन् र धेरै नयाँ-नयाँ सम्भावना र सुझाव अगाडि आइरहेका छन्। खासमा नेपाली क्रिकेट अहिले निकै उत्साहित छ र उत्तिकै चिन्तित पनि।

## खुसी हुने बहाना पनि

विश्वकप छनौटबाट नेपालले एकदिवसीय टिमको मान्यता पाएपछि नेपाली क्रिकेटसँग खुसी हुने धेरै बहाना पनि छ। श्रीलंका र पाकिस्तानी क्रिकेट बोर्डले खुलेरै नेपाली क्रिकेटको प्रशंसा गरेका छन्। अझ इंग्ल्यान्डका पूर्व कप्तान माइकल भनले त नेपाल एकदिवसीय विश्वकपका लागि योग्य छ सम्म भनेका छन्। भन मात्र होइन, नेपाली क्रिकेटको प्रशंसा गर्ने अरु धेरै विदेशी पूर्व र वर्तमान क्रिकेटरहरू छन्, जसमा भारतका वीरेन्द्र सहवाग, महेन्द्रसिंह धोनीसम्म पर्छन्।

अब एकदिवसीय टिमको मान्यता पाएपछि सबैभन्दा ठूलो योजना हुनुपर्छ– कुनै अर्को टिमसँग द्विपक्षीय सिरिज खेल्ने। यसका लागि धेरै टिम तयार पनि छन्। यसपटकको विश्वकप छनौट अफगानिस्तानले जितेको थियो। अफगानिस्तान आफैं नेपालमा आएर खेल्न तयार देखिन्छ। यस्तै स्थिति आयरल्यान्ड र स्कटल्यान्डको पनि छ। खासमा उनीहरू नेपालमा दर्शकले भरिभराउ क्रिकेट मैदान देखेर लोभिएका हुन्। धेरै देशमा दसौं हजार दर्शकका अगाडि क्रिकेट खेल्ने अवसर प्राप्त हुँदैन।

### खेलाडीको चिन्ता

यसै क्रममा क्रिकेट खेलाडी संघ नेपाल (सीप्यान) पनि अगाडि आएको छ र उसले आफ्नो धारणा व्यक्त गर्दै भनेको छ, नेपाली क्रिकेटलाई लिएर चिन्ता गर्नु पर्ने ठाउँ उत्तिकै छ। नेपाली क्रिकेटले अन्तर्राष्ट्रिय मञ्चमा एकपछि अर्को सफलता हात पार्दा नेपालमा यो खेलको सर्वोच्च निकाय क्यान भने निलम्बनको स्थितिमा छ। यसबीच नेपालले जति पनि ठूला प्रतियोगिता खेल्यो, ती सबै आईसीसीकै खर्च र तयारीमा खेलेको थियो।

सीप्यानसँग आबद्ध वर्तमान र पूर्व पाँच कप्तानले एउटै साझा मञ्चमा उभिएर भनेका छन्, समयमै नेपाली क्रिकेटले निकास नपाउने हो भने अहिले प्राप्त सफलताको कुनै अर्थ छैन, यी सबै उपलब्धि निरर्थक सावित हुन सक्छन्। यसरी नेपाली क्रिकेटको तीतो सत्य अगाडि सार्नेहरूमा वर्तमान कप्तान पारस खड्कादेखि लेखबहादुर क्षेत्री, पवन अग्रवाल, राजु खड्का तथा विनोद दास छन्। पारसले धेरै पटक दोहोऱ्याइसकेका छन्, 'जसले क्रिकेट विवाद लम्ब्याइरहेका छन्, उनीहरूले आफ्नो हठ त्यागेर आईसीसीको निर्देशन मान्नुपर्छ।'

पारसकै भाषामा नेपालले योजना बनाएर क्रिकेटलाई अघि बढाउने हो भने त्यो दिन पनि टाढा छैन, जति बेला नेपालसँग एकदिवसीय मात्र होइन, टेस्ट टिमको समेत मान्यता हुनेछ। खासमा नेपाली क्रिकेटको सबैभन्दा ठूलो समस्या नै बोर्ड नहुनु हो। बोर्ड नभएर नै कुनै योजना बनिरहेको छैन, प्रतियोगिताहरू सञ्चालन हुन सकेका छैनन्। अब पनि बोर्ड नहुने हो भने नेपाली क्रिकेट अघि बढ्नुको साटो पछाडि धकेलिने निश्चित जस्तै छ।

पूर्व कप्तान तथा अहिले प्रशिक्षकको भूमिकामा रहेका विनोद दासले पनि यही तथ्य दोहोऱ्याएका छन्। दास भन्छन्- 'नेपाली क्रिकेटले अहिले प्राप्त गरेको सफलता उल्लेखनीय छ। यी सबै सफलता सीमित स्रोतका बाबजुद हात परेका हुन्। युवा टिमले मात्र होइन, सिनियर टिमबाट पनि राम्रा नतिजा आइरहेका छन्, तर क्रिकेटमा नीति-निर्माणको तहमा हाबी हुन चाहनेहरूबीच चुलिएको विवाद जहाँको त्यहीं छ, यसले छिट्टै निकास पाउन आवश्यक छ, अन्यथा नेपाली क्रिकेटको विकास रोकिन्छ र हामी पछाडि पर्छौं।'

### बोर्डको आवश्यकता र विकल्प

प्रत्येक खेललाई अघि बढाउन अधिकारसम्पन्न सर्वोच्च निकाय आवश्यक हुन्छ। दुर्भाग्य, नेपाली क्रिकेटसँग आफ्नो बोर्ड छैन। आईसीसीले क्यानलाई निलम्बन गरेको पनि धेरै भैसकेको छ। बोर्डकै अभावमा नियमित हुनु पर्ने क्रिकेट गतिविधि त रोकिएकै छन्, ठूला-ठूला महत्त्वकांक्षी कार्यक्रम पनि अघि बढ्न सकेका छैनन्। क्यान विवादलाई लिएर धेरै चर्चा भैसकेको छ। यो विवादका पछाडि कसको दोष छ, त्यो पनि सबैलाई थाहा छ, तैपनि यसको समाधान निस्कने छाँट छैन।

आईसीसीले अन्तिम समय सीमा भनेर धम्कीको भाषा प्रयोग गरेको दिन पनि बितिसकेको स्थिति छ। त्यसैले निलम्बनको स्थिति प्रतिबन्धमा जान सक्छ। यसबीच एउटा अर्को विकल्प पनि तयार छ र हुन सक्छ, ढिलो चाँडो नेपाली क्रिकेट त्यही स्वरूपमा जानेछ। त्यो विकल्प हो, नेपाली क्रिकेटलाई निजी क्षेत्रको हातमा दिने। अझ भन्ने हो भने यसलाई कर्पोरेट क्षेत्रको जिम्मा लगाउने।

अमेरिकी क्रिकेटमा पनि यस्तै विवादमा थियो र ऊ पनि निलम्बन तथा प्रतिबन्धको स्थितिबाट गुज्रियो। यस्तोमा आईसीसीले अमेरिकी क्रिकेटको जिम्मा निजी क्षेत्रलाई दियो। अब यो 'मोडल' सम्भवतः नेपालमा पनि लागू हुनसक्छ। नेपालमा त्यस्तो निजी क्षेत्रको स्वरूप कस्तो हुनेछ, त्यो आईसीसीकै निर्णयमा भर पर्नेछ। नेपाली क्रिकेट निजी क्षेत्रको हातमा गयो भने त्यो कुनै व्यवसायिक संस्थाकै रूपमा परिवर्तन हुनेछ, जसको एक मात्र उद्देश्य अधिकतम लाभ हुनेछ अर्थात् धेरैभन्दा धेरै विकास।

# विराट गोल्डकप भोलिदेखि

पाँचौं संस्करणको विराट गोल्डकप भोलि शनिबार चैत १७ देखि २६ गतेसम्म विराटनगरको सहिद रङ्गशालामा सञ्चालन हुने भएको छ। यो गोल्डकपका प्रतिस्पर्धाहरू राति फ्लड लाइटमा खेलाइनेछ। विराटनगरमा पहिलो पटक फ्लड लाइटमा फुटबल खेलाइन लागिएको गोल्डकप आयोजक समितिका अध्यक्ष नवीन रिजालले बताए। आयोजकहरूले गोल्डकप हुने खेल मैदान वरपर ६ वटा फ्लड लाइट जडान गरी पर्याप्त मात्रामा प्रकाशको व्यवस्था गरेका छन्, जहाँ साँझ ६ बजेपछि खेल हुनेछ।

गोल्डकपमा भारतका दुई टिमका साथै भुटान र नेपालका गरी १० टिम सहभागी हुनेछन्। यो प्रतियोगितामा सहभागी हुने विदेशी टिममा भारतको सिक्किम युनाइटेड क्लब, मोहम्मडन स्पोर्टिङ क्लब तथा भुटानको थिम्पु फुटबल क्लब छन्। नेपालबाट भने मनाङ मर्स्याङदी क्लब, सशस्त्र प्रहरी बल, थ्रीस्टार, नेपाल पुलिस क्लब, नेपाल आर्मी, झापा-११ तथा आयोजक मोरङ-११ गरी सातवटा टिमको सहभागिता रहनेछ।

२०१८ सालमा महेन्द्र गोल्डकपका नाममा सञ्चालनमा आएको यो प्रतियोगिताको नाम २०६७ सालमा परिवर्तन गरेर विराट गोल्डकप राखिएको हो। यो गोल्डकपका विजेताले १२ लाख ७१ हजार रुपैयाँ तथा उपविजेताले ५ लाख ५१ हजार रुपैयाँ प्राप्त गर्नेछन्।

प्रत्येक खेलका म्यान अफ दी म्याचले १० हजार रुपैयाँ नगद प्राप्त गर्नेछन् भने म्यान अफ दि टुर्नामेन्टले मोटरसाइकल प्राप्त गर्नेछन्। उत्कृष्ट प्रशिक्षक, गोलरक्षक, मिड फिल्डर, डिफेन्स, फरवार्ड, टिम व्यवस्थापक एवं सर्वाधिक गोलकर्ताहरूलाई जनही २५/२५ हजार रुपैयाँ पुरस्कार प्रदान गरिने गोल्डकप आयोजकहरूले बताएका छन्।

अनिल श्रेष्ठ

मुक्त आकाश

# पैसा कमाउनै सकिएन यार



अविरल थापा

पैसा कमाउन सबैलाई मन लाग्छ। पैसा भए सबै कुरा पाइन्छ जस्तो लाग्छ तर पैसा साधन हो, साध्य होइन। पैसाले धेरै कुरा किन्न सकिन्छ तर सबै कुराचाहिँ पाइँदैन। जसले जे भने पनि पैसा नभै आवश्यकताको पूर्तिचाहिँ हुँदैन। पैसा कमाउन भनेर मानिसहरू रातदिन कुदेका कुद्यै पनि छन्।

कसलाई कति पैसा चाहिएको छ उसले त्यहीअनुसार मेहनत गरिरहेको पाइन्छ। कोही गाउँमै पसिना चुहाउँदैछन्, कोही सदरमुकाम र सहर पसेका छन्। कोही सहरले पनि नपुगेर वा नसकेर विदेश पुगेका छन्। आफ्नो क्षमता र योग्यताले भ्याएसम्म नेपालीहरू खाडी मुलुकदेखि विकसित देशसम्म कामकै सिलसिलामा पुगेका छन्। कामसँगै नाम, पहिचान, सन्तुष्टि पाइने कुरा त आफ्नो ठाउँमा छ, तर पैसा कमाउनु मानिसको पहिलो ध्येय हो। कसरी छिटो र धेरै पैसा कमाउन सकिन्छ भनेर नसोच्ने मानिस को होला र ? छिमेकी मुलुक भारतबाट पैसै कमाउन भनेर नेपाल आएका र पैसा कमाइरहेका युवा प्रशस्तै छन्। सीप सिकेका उनीहरूले यहाँ निर्माण, मर्मत-सम्भार आदि पेसाबाट राम्रै पैसा कमाइरहेका छन्। हाम्रो देशका धेरै युवाचाहिँ बिनासीप खाडी मुलुक जान लालायित देखिन्छन्। आफ्नै देशमा दक्ष कामदार र प्रशस्त जनशक्तिको खाँचो छ। सीप सिके यहीँ ३०/४० हजार कमाउन गाह्रो छैन तर त्यही पैसा कमाउन हजारौं युवा मरुभूमिको तातो हावा खाइरहेका छन्। आफ्नै परिवार र समाजमा बसेर काम गर्न छाडेर युवाहरू किन खाडी जान चाहन्छन्, अनुसन्धानकै विषय भएको छ।

देशको अधिकांश जमिन बाँझो हुन लागिसक्यो। करोडौंको फलफूल तथा तरकारी तेस्रो मुलुकबाट आयात हुन्छ। देशलाई चाहिने र सम्भव हुने कुरा यहीं फलाउन केले रोकेको छ ? राज्यको नीति बाधक छ कि युवाहरूको इच्छाशक्तिले रोकेको छ ? हरेक युवाले सामूहिक लगानी गरेर आफ्नो गाउँ-ठाउँमै सम्भव हुने व्यवसाय गर्न थाल्ने हो भने देश र युवा दुवै आत्मनिर्भर हुन सक्छन्। गर्दै नगरी केही हुँदैन, गर्न सकिँदैन भनेर पन्छिन थाले कसैको पनि प्रगति हुँदैन। पैसै कमाउन सकिएन यार भनेर चिया पसल वा भट्टीमा निराशा व्यक्त गर्नुको साटो के गऱ्यो भनेचाहिँ पैसा कमाउन सकिन्छ भनेर सोच्ने हो भने अनेक मार्ग फेला पर्छन्। सबैभन्दा पहिले आफू के गर्न योग्य छु र आफ्नो स्वभाव केका लागि सुहाउँदो छ, पत्ता लगाउनुपऱ्यो। जागिर खान मन लाग्छ भने जागिरतिर लाग्नुपऱ्यो र सीमित कमाइमा रमाउनुपऱ्यो, होइन भने स्वरोजगार वा उद्यमी हुने बाटो समात्नुपऱ्यो। कामचाहिँ सुरु नै नगर्ने अनि पैसै कमाउन सकिएर भनेर गनगन गर्नुको कुनै अर्थ हुँदैन।

आफूलाई ज्ञान भएको काममा हात हाले ढिलो-चाँडो सफलता हात पर्छ। कसैमा नेतृत्व लिने गुण हुन्छ, कसैमा बोलेर अरूलाई बुझाउने गुण हुन्छ, कसैमा बजारीकरण गर्ने गुण होला, कसैमा एकोहोरो काम गर्न सक्ने गुण होला। आ-आफ्नो गुण-अवगुण पहिचान गरेर साथीभाइ मिली व्यवसाय गरे कामको बाँडफाँड पनि हुन्छ, एकै जनाको ठूलो लगानी डुब्ने भय पनि रहँदैन। सकिन्छ भने एक्लै व्यवसाय गरे पनि भयो। महिनाको १० हजार तलब आउने काममा लागेपछि महिनाको अन्त्यमा त्यति नै तलब आउँछ भन्ने पहिल्यै बुझ्नुपऱ्यो। होइन, पुग्दैन भने धेरै कमाउने बाटो समात्नुपऱ्यो, अन्यथा जागिर छोड्न पनि नसक्ने, व्यवसाय पनि गर्न नसक्ने अनि पैसै कमाउन सकिएन भन्ने आर्तनाद गर्नुको के अर्थ ?

कहिलेकाहीं अरूले कुनै क्षेत्रमा सफलता हात पारेको देखेर सबै त्यसैमा हामफाल्छन्। सानो बजारमा धेरैको प्रवेश भएपछि आफूसँगै अरू पनि डुब्ने जोखिम हुन्छ। त्यही काम कसरी नयाँ तरिकाले वा नयाँ प्रविधिअनुरूप वा नयाँ वितरण प्रणाली प्रयोग गरी सञ्चालन गर्न सकिन्छ भनेर अघि बढे प्रतिस्पर्धा कम हुन्छ। व्यवसाय गर्दैमा सफल भइन्छ, रातारात धनी भइन्छ भन्ने ग्यारेन्टी हुँदैन, तर हुने सम्भावना जीवित रहन्छ। केही नगरे त सम्भावनाकै अन्त्य भैहाल्यो नि।

घरजग्गाको कारोबार तथा सेयर बजारलाई पैसालाई गुणन गर्न सक्ने क्षेत्रका रूपमा लिइन्छ। यता लाग्ने क्षमता छ भने रातारात करोडपति वा रोडपति हुने सम्भावना बराबर हुन्छ। जोखिम कम लिने हो भने स-सानो व्यवसाय गर्दै विस्तार गर्दै गए भयो। सकिन्छ ठूलै उद्योग खोलौं, सकिँदैन आफ्नो क्षेत्रमा के छैन त्यही आवश्यकता पूरा गर्ने उद्योग खोलेर काम सुरु गरौं। चिया पसल, डेरी, केक बेकरी, सेवामूलक जे-जस्तो क्षेत्रमा आफ्नो रुचि छ त्यही गरे हुन्छ। कोही सुरुमै करोडपति हुँदैनन्, गर्दै जाँदा भइने हो। जागिरमै पनि पदोन्नति हुँदै पैसा कमाउन सकिन्छ, जसका लागि आफूलाई अब्बल बनाउँदै लान भने सक्नुपर्छ।

काम गरे अवश्य कमाउन सकिन्छ। यो संसारमा जन्मिएका हरेक व्यक्तिमा पैसा कमाएर धनी हुने सम्भावना र क्षमता बराबर छ। कुरा यत्ति हो, कतिले काम सुरु गरेर कमाउन थालिसके, धेरैचाहिँ पैसै कमाउन सकिएन भनेर केही नगरी अलाप मात्र गाइरहेछन्। आफूलाई चिनौं, काममा लागौं, तपाईंलाई धनी हुन कुनै शक्तिले रोक्न सक्दैन।

> कहिलेकाहीं अरूले कुनै क्षेत्रमा सफलता हात पारेको देखेर सबै त्यसैमा हामफाल्छन्। सानो बजारमा धेरैको प्रवेश भएपछि आफूसँगै अरु पनि डुब्ने जोखिम हुन्छ। त्यही काम कसरी नयाँ तरिकाले वा नयाँ प्रविधिअनुरूप वा नयाँ वितरण प्रणाली प्रयोग गरी सञ्चालन गर्न सकिन्छ भनेर अघि बढे प्रतिस्पर्धा कम हुन्छ। व्यवसाय गर्दैमा सफल भइन्छ, रातारात धनी भइन्छ भन्ने ग्यारेन्टी हुँदैन, तर हुने सम्भावना जीवित रहन्छ।

Facebook.com/abeeralthapa
Twitter@abeeralthapa

समय सन्दर्भ

# समयचक्र



अधिकारी रवीन्द्र

हल्का बिसन्चो भएका बेला अकस्मात् मथिङ्गलको खैरो भुमरीमा एउटा दर्शन फुऱ्यो। मन समयसँग ठक्कर खाँदै कता-कता तैरिन थाल्यो :

हामीसँग एउटा मात्र सत्य छ। यो निमेष-निमेषमा अड्किएर बहन्छ- टिक्टक्-टिक्टक्। निरन्तर, अविरल, भविष्यतिर। यसको दिशा निश्चित छ, त्यो हो– भविश्य। युग एक क्युमुलेटिभ समयचक्र हो। यसको प्रवृत्ति कठोर छ।

समयको चक्र निष्ठुरी छ। यो दिन र रात बनेर घुमिरहन्छ। सबै जिजिविषाहरूको इहलीला आखिर यही दिन र रातमै विभक्त छ। समय चलायमान छ। यसको सुरु अनि अन्त्य कतै छैन। घडी बन्नुभन्दा पहिले पनि सेकेन्ड, मिनेट र घण्टा थियो। मात्र तिनलाई नाम दिइएको थिएन। सूर्य आकाशमा चम्किनुपहिले नै समय बनेको हो। बिग ब्याङ थ्यौरी घटित समय पनि ट्रेस गर्न सकिन्छ। ब्रम्हान्डको यदि सुरुवात कहीं छ भने समयको चक्रमा त्यो पनि पऱ्यो अर्थात् समय जहीं-तहीं छ, समय जहिले-तहिले छ। इतिहास समयलाई सम्बोधन गरिएको कागज हो। एउटा जिन्दगी पनि अनुप्रस्थ अनुभवको समय सँगालो हो।

जवाकुसुमको फक्रँदो कोपिला, एउटा कल्कलाउँदो फूलको सुवास, किन पछि ओइल्याउँछ ? किन बिलाउँछ ? एउटी सानी नानीको मुस्कान किन चाउरी परेको थोते अनुहारमा परिणत् हुन्छ ? हो, वास्तवमै समयको झापड निरीह नै हुन्छ। यसले कलकलाउँदो सोह्रवर्षे जोसलाई सत्तरीमा पुऱ्याएर पानी-पानी बनाइदिन्छ। भर्खरै जन्मिएको हात्तीको छावा होस् वा बाघको डमरु अथवा एककोषीय अमिबा, आखिर पञ्चतत्व भएर पृथ्वीमै घुमिरहन्छन्, यसरी सबैको अन्तिम स्वरूप परमाणुमै उत्तरित हुन्छ। विचार गर्नुहोस्, यो 'न भूतो न भविष्यति' समयले कति जीवका लासहरूलाई अतीतमा पतन बनायो ? कति अस्तित्वहरूलाई वायुमण्डलमा तृण भएको हेरिरहयो ? यो अक्षम्यकारी आयामहीन् र अगणितीय समयले पल-पल करोडौं जीवात्मालाई मृत्यु शैय्यामा सुताइरहेछ।

यो नियमबाट कसैले छुट्कारा पाउँदैनन्। जन्मिएका वा उत्पत्ति भएका यी सबै चरहरू समयको रापमा पिल्सिन्छन्, ओइल्याउँछन्, भष्मिभूत हुन्छन्। सबै जिन्दगीको गोरेटो समाधिसँग जोडिएकै हुन्छन्। समयकै छुराले मानिसहरू रोगी हुन्छन्, मर्छन्। हाँसो, खुसी, सफलता, मिलन, बिछोड, भोक, निन्द्रा, संवेदना सबै क्षणिक हुन्। ती सबै जीवन कटाउने मेलो हुन्। यही भूलभुलैयामा एउटा जिन्दगी सहज कटोस भनेर परापूर्व कालदेखि, मानिसको आचरण र स्वभाव सुहाउँदो चलनचल्ती कसैद्वारा डिजाइन गरिएको हो। चक्का घुमिरहने समयको रथमा निःसन्देह यी सबै नाटक मञ्चन भैरहनेछन्।

समयको पञ्जा अविचलित छ, यसमा कसैले अड्चन खडा गर्न सक्दैन। समय संविधान हो, को कसरी कहाँ चल्ने हो, उसले हामी जन्मनु पहिले लेखिसकेको हुन्छ। धेरै-धेरै पहिले सबै कुरा समयले तय गरिसकेको छ– के हुन्छ र के हुँदैन ? भविष्यको गर्भमा रहेको तर समयले पहिल्यै निर्धारण गरिसकेको आलेख क्षण-क्षणमा हकिकत भएर हामी सामुन्ने पछ्यारिरहेका छन्। मेरो यो विचार तपाईंले पढ्नुहुन्छ भनेर पनि समयले नै लेखेको थियो, यो फगत तपाईंको इच्छाले भएको कुरा होइन। अनि सम्झनुस्, यो विचार पनि समयले मद्वारा लेखाएको हो। हामी सबै नागपासाका गोटी हौं। गोटी चलाउने भगवान् तिनै अदृष्य समय हुन्।

ravinems@iom.edu.np

# काठमाडौं घन्काउँदै फरहान



भारतीय गायक, अभिनेता, गीतकार, चलचित्र निर्देशक तथा पटकथा लेखक फरहान अख्तर नेपाल आउँदैछन्। सहायक निर्देशकका रूपमा बलिउड प्रवेश गरेका फरहानले आगामी २४ गते काठमाडौंमा प्रस्तुति दिनेछन्। काठमाडौंस्थित हयात रिजेन्सी होटलमा उनको कार्यक्रम आयोजित हुँदैछ। 'जिन्दगी ना मिलेगा दोबारा' जस्तो चर्चित चलचित्रका निर्देशक फरहानले 'दिल चाहता है' मा समेत काम गरेका थिए। यो कार्यक्रमको आयोजना नाज् इन्टरटेन्मेन्ट्सले गर्न लागेको हो।




कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल**।